# जातक कथा

# Jātaka Kathā

अनुवादक
भिक्षु बोधिसेन महास्थविर

Downloaded from http://dhamma.digital/

# जातक कथा

अनुवादक
भिक्षु बोधिसेन महास्थविर

प्रकाशक
जुजुकाजी शाक्य
रमिला शाक्य

शाक्य वाच शप
बनेपा

Downloaded from http://dhamma.digital/

**प्रकाशक**
**जुजुकाजी शाक्य**
**रमिला शाक्य**
सहित सपरिवार

पहिलो संस्करण: १००० प्रति
बुद्ध सम्बत्: २५४८
बिक्रम सम्बत्: २०६१
नेपाल सम्बत्: ११२४
इस्वी सम्बत्: २००४

**यो पुस्तक धम्मदानको निम्ति हो। बिक्रीको लागि होइन।**

कम्प्युटर सेटिङ्ग: **ज्ञानु मानन्धर**, बनेपा-१०
मुद्रण: **शुभकामना प्रिन्टिंग प्रेस**
केलटोल, मासंगल्ली।
फोन नं. ४२३२१२४

Downloaded from http://dhamma.digital/

# अर्पण

बुद्ध जयन्ती समारोह समिति बनेपाका सक्रिय कार्यकर्ता स्वर्गीय उपासक पूर्ण चन्द्र शाक्यको पुण्यस्मृतिमा अर्पण ।

Downloaded from http://dhamma.digital/

# प्रकाशकीय

सर्वप्रथम बुद्ध धर्म संघलाई वन्दना । श्रद्धेय भन्ते बोधिसेन महास्थवीरलाई वन्दना । "सब्ब दानं धम्म दानं जिनति" अर्थात सबै दानलाई धर्म दानले जित्छ भन्ने बुद्धको बचनलाई मनन गरी धर्मको शिक्षासम्बन्धी पुस्तक प्रकाशित गरी स्वर्गीय बुबा पूर्णचन्द्र शाक्यको सम्झना र गुणानुस्मरण गरी प्रचार-प्रसार गर्नाले आध्यात्मिक सन्तोष प्राप्त हुनेछ भन्ने विश्वास हामीले लिएका छौं ।

प्रातः स्मरणीय पूजनीय स्वर्गीय बुबा पूर्णचन्द्र शाक्यको निर्वाण कामना गर्दै धर्म दान दिने मनमा श्रद्धा आएको हुनाले श्रद्धेय बोधिसेन भन्तेलाई अनुरोध गर्दा वहाँले जातक कथा लेखेर दिनुभयो ।

मनुष्य जीवन एउटा यस्तो जीवन हो, यस जीवनमा मानिसहरू अनेकौं राम्रा नराम्रा कामहरू गरिंदा प्रायःजसो आफूलाई होस् हुँदैन । होस पुऱ्याउनुलाई वा सचेत हुनलाई समय समयमा श्रद्धेय भन्तेहरूबाट ज्ञानगुणका कुरा सुनेर आफूलाई परिमार्जित गर्नु पर्छ ।

जन्मपछि मरण हुनु स्वभाविक हो । नराम्रो काम जसले गर्छ ऊ स्वयं त्यसको भागी हुन्छ । राम्रो काम गरे राम्रो हुने निश्चित छ । यसैले मनुष्य जीवनमा आफूलाई राम्रो बाटोमा लगाउनुपर्छ । भाषण र कुरा होईन व्यवहारमा उतार्नु पर्छ । मानिसका स्वभाव फरक फरक हुन्छ । कोही सोझो नबोल्ने तर अरुको मुटु, कलेजो खाने खालको हुन्छ । कोही ठूलो स्वरले कराउने, चलाख जस्तो देखिने तर दया-माया गर्ने हुन्छ ।

अन्तमा यो पुस्तक प्रकाशन गर्नमा सदिच्छा प्रकट गर्ने आमा चैत्यमाया शाक्यलाई असिमका साथ निरोगीको कामना गर्दै जीवनभर आमा को सेवामा समर्पित हुने मेरो इच्छा छ । साथै यस किताब प्रकाशनार्थ समर्थन गर्ने श्रीमती रमिला शाक्यसहित छोरीहरू किसा, लिसा, किपा, कृपाको निरोगीको कामना गर्दै श्रद्धेय बोधिसेन भन्तेले जातक कथा अनुवाद गरी दिनु भएकोले वहाँप्रति कृतज्ञ जायर गरी मेरो दुई शब्द यहीं समाप्त गर्छु ।

उपासक
**जुजुकाजी शाक्य**
शाक्य वाच शप
६६१२७२, बनेपा

Downloaded from http://dhamma.digital/



## पूर्णचन्द्र शाक्य

मृत्यु : २०५९ भाद्र १९ गते

Downloaded from http://dhamma.digital/

# दुई शब्द

जातक अट्टकथामा भगवान बुद्धबाट विभिन्न घटना र कारणलाई लिएर पूर्व जन्मका कथा-वस्तुलाई मिलाएर सुनाउनु भएको ५४७ वटा कथाहरू पाइन्छन् । यस मध्यबाट मैले कपिलवस्तुवासी र कोलियवासीका झगडा हुन लागेकोमा झगडा हुन नदिन तिनीहरूलाई फन्दन (४७५) दद्दर (३२२) लटुकिक (३५७) रुक्खधम्म (७४), सम्मोदमान (३३) जातक कथा सुनाउनु भएको पाँचवटा कथा सहित अन्य अपण्णक (१), महासीलव (५१) र चूलहंसका कथाहरू पालि जातक अट्ठकथाबाट अनुवाद गरेको हुँ ।

हाम्रो निम्ति दुई मार्गहरू छन् । एक कृष्ण प्रतिपदा अर्को शुक्ल प्रतिपदा । गुण-दोष, लाभ-हानी अनि हित-अहित हुनेमा केहि विचारै नगरी अरुको भनाइ, सुनाइ र गराइमा अन्धानुकरण गर्नु नै कृष्ण प्रतिपदा हो । जो कृष्ण प्रतिपदामा लाग्ने हुन्छ ऊ संसारको दु:खमय भवचक्रबाट मुक्त हुन सक्दैन । अन्धानुकरणबाट मुक्त भई बुद्ध, धर्म र संघको शरणमा गईकन यो तीनै शरणाका गुणानुस्मरण गर्ने अनि बुद्धको उपदेशमा लाग्नु नै शुक्ल प्रतिपदा हो । यस शुक्ल प्रतिपदामा लागे दु:खमय भवचक्रबाट मुक्त हुन सकिन्छ । यहि विषयानुगत अपण्णक जातक कथा हो ।

धार्मिक सीलव राजाको राज्य हरन गर्ने वाराणसीका राजा प्रति शत्रुभाव नराखि मैत्री भावना गरिकन, बुद्धि, बल र उत्साहमा कमि आउन नदिई आफ्नो राज्य आफ्नो हुनेमा आशावादी भई रहनाले अन्तमा शत्रु राजा स्वयंले सीलव राजाको गुणगान गरी वहाँको राज्यमा कहीं कतै आतङ्कित भएमा त्यसको समाधान गर्ने जिम्मा लिई कोशल राज्यलाई सीलव राजालाई नै सुम्पेर आफ्नो राज्यमा फर्केर गएको महासीलव जातक कथा हो । यस कथामा ग्रहण योग्य उपयुक्त विषयबस्तु संकलित भएको छ ।

Downloaded from http://dhamma.digital/

पानीको विषयलाई लिएर कपिलवस्तुवासी र कोलियवासीको झगडामा धेरै जनाको ज्यान जान सक्ने अथवा रगतको खोलो बग्न सक्ने अवस्थालाई भगवान बुद्धले ध्यान दृष्टिद्वारा देख्नुभई तिनीहरूको झगडालाई शान्त पार्न बुद्ध स्वयं त्यहाँ जानुभई कलह, विवाद र द्वन्दको दुष्परिणाम अनि सठिक विचार र संठिक कार्यको सुपरिणाम दर्शाउन फन्दन, दद्दर, लटुकिक, रुक्खधम्म र सम्मोदमान जातक कथा सुनाउनु भएको सार संक्षिप्त यसप्रकार छ– सठिक विचार नपुऱ्याई विना कारण अरुमाथि जाइलाग्दा एक आपसमा शत्रुभाव वृद्धि भई मृत्यु होइन्छ । अनि शत्रुपन कल्पौंसम्म रहने हुन्छ भन्ने अर्थ बुझाउन फन्दन जातक कथा सुनाउनु भयो ।

खरायोको मनमा बिना कामको कुरा खेलाई रहँदा मृत्युको भयबाट त्रसित भएर पछि नै नफर्कि वेगपूर्वक दगुर्दै भागेर गएको अरुहरूले देखेकाले विचारै नगरि उसकै पछिपछि अरुहरू पनि भाग्दै गए । सत्य, तथ्य र यथार्थलाई नबुझि त्यसै अरुको पछिपछि लाग्दा आफ्नो पनि अरुको पनि मृत्यु हुने भय हुन्छ । सत्य, तथ्य र यथार्थलाई बुझ्न सकेमा आफू पनि बाँच्न सकिन्छ अनि अरुलाई पनि बचाउन सकिन्छ भन्ने बोध गराउनको निम्ति दद्दर कथा सुनाउनु भयो ।

बलवानले असहाय दुर्बल प्रति थिचोमिचो गर्ने वा मार्नेलाई दुर्बल असहायले पनि बुद्धि पुऱ्याएर अरुको साथ लिएर भएपनि बदला लिने हुन्छ । बलवानले दुर्बलको कमजोरी अनि दुर्बलले बलवानको कमजोरीलाई थाहा पाएको हुन्छ । त्यही कमजोरीलाई मौकामा फाइदा लिने हुन्छ । म बलवान हुँ भनी दुर्बललाई हेप्ने वा मार्ने गर्नु हुन्न भन्ने शिक्षापद भएको लटुकिक जातक कथा हो ।

आफन्तका साथमा दुःखसुख बाँडेर बस्न नचाहने, आफ्नै सुख सुविधाका लागि एक्लो भएर बस्दाको बेफाइदा र आफन्तका साथमा दुःखसुख बाँडेर बस्न चाहनेको फाइदा हुने कारणलाई लिएर सुनाउनु भएको रुक्खधम्म जातक कथा हो ।

Downloaded from http://dhamma.digital/

एक आपसमा मिलेर बस्न सकेमा, कलह, झगडा र विवाद नगरेमा, एक मेल भएर बसेमा अनि सामुहिक रूपले गर्नुपर्ने कार्यमा एकमत भई गरेमा शत्रुको जालमा फस्नुपर्ने छैन । कलह-झगडा र विवाद गरिरहेमा शत्रुको जालमा पर्ने हुन्छ भनी बुझाउनलाई सम्मोदमान जातक कथा सुनाउनु भयो ।

हंसराज, हंस सेनापति, ब्याधा र सागल राजाका सद्भाव, सत्विचारमा आधारित मैत्री, करुणा, मुदिता र उपेक्षाको गुणद्वारा सम्पन्न हुनाले आफूले पनि सुख, शान्ति र आनन्दका साथ जीवन यापन गर्न पाउने अरुले पनि सुख, शान्ति र आनन्दका साथमा जीवन यापन गर्न पाइनेलाई राम्रोसित उल्लेख भएको चूलहंस जातक कथा हो ।

यो जातक कथाको पुस्तक स्वर्गीय उपासक पूर्णचन्द्र शाक्यज्यूको पुण्य-स्मृतिमा वहाँका सुपुत्र जुजुकाजी शाक्य, बुहारी रमिला शाक्य, नातिनीहरू किसा, लिसा, कृपा, किपाज्यू प्रकाशक भई निःशुल्क धर्मदान दिने सदिच्छा प्रकट गर्नु भएको हुनाले यो आज तपाईको हातमा दिन पाइयो । स्वर्गीय पूर्णचन्द्र शाक्यज्यूको गुणानुस्मरण गरी प्रकाशक हुनु भएकोमा मेरो तरफबाट वहाँहरूलाई सहश्र साधुवाद छ ।

स्वर्गीय उपासक पूर्णचन्द्र शाक्यज्यू बुद्ध जयन्ती समारोह समिति बनेपाका सक्रिय कार्यकर्ता भई तन मन र धनद्वारा बुद्ध जयन्तीको निम्ति सेवामा समर्पित व्यक्ति हुनुहुन्थ्यो । वहाँले आफ्नो जीवमान कालमा धेरै नै पुण्यकर्म गरी नश्वर देहलाई त्याग गरेर परलोक हुनुभयो । वहाँको सुगति र निर्वाणको कामना गर्दै दुई शब्दबाट यहिं कलमलाई रोक्दछु ।

अन्तमा कम्प्युटर सेटिङ्ग गरी दिनु हुने ज्ञानु मानन्धरलाई सहर्षपूर्वक धन्यवाद छ ।

भिक्षु बोधिसेन महास्थविर
फोन नं. ०११-६६१७८९

बोधिचर्या बिहार
पुण्यमति रोड
बनेपा-६, नेपाल
मितिः २०६०/१२/२५

Downloaded from http://dhamma.digital/

# विषय सूची


१) अपणणाक जातक कथा (१) १-१५

२) महासीलव जातक कथा (५१) १६-२२

३) कपिलवस्तुवासी र कोलियका कलह २३-२५

४) फन्दन जातक कथा (४७५) २६-२९

५) दद्दर जातक कथा (३२२) ३०-३३

६) लटुकिक जातक कथा (३५७) ३४-३७

७) रुक्खधम्म जातक कथा (७४) ३८-३९

८) सम्मोदमान जातक कथा (३५) ४०-४१

९) चूलहंस जातक कथा (५३३) ४२-६२


Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# अपण्णक जातक कथा (१)

यो 'अपण्णक' भन्ने धर्म देशना भगवानले श्रावस्तीस्थित जेतवन विहारमा विहार गर्नु हुँदा भन्नुभएको हो । कसको कारणलाई लिएर यो कथालाई भन्नु भएको ? अनाथपिण्डिक महाजनका पाँचसय साथी अर्थात तैर्थिक शिष्यहरूका (अन्य धर्मावलम्बि) कारणलाई लिएर भन्नु भएको हो ।

एक दिन अनाथपिण्डिक महाजनले अन्य धर्ममा लागेका आफ्ना साथीहरूका साथमा माला-गन्ध-विलेपन-घ्यू-तेल-मह-तन्ना-वस्त्रादि दातव्य वस्तुहरू धेरै नै लिन लगाएर जेतवनमा गई भगवानलाई वन्दना गरी, गन्ध-पुष्पमालादिद्वारा पूजा गरी भिक्षु संघलाई औषधी-वस्त्रादि दान दिएर छ प्रकाकार दोषबाट+ रहित स्थानमा बसे । ती अन्य धर्मावलम्बिका शिष्यहरूले पनि भगवानलाई वन्दना गरिकन पूर्ण चन्द्रमाको शोभाले शोभित मुहार समान, लक्षण-अनुलक्षणले सुसम्पन्न, चार चार हातको दूरीसम्म चारैतिर रश्मिको प्रभाद्वारा प्रभाशित भएको, ब्रह्म-शरीरबाट समय समयमा जोडा जोडा भई घनिभूत किरण फैलिरहेको बुद्ध-रश्मिलाई हेर्दै तिनीहरू अनाथपिण्डिकको नजिकै गई बसे ।

तिनीहरू यथास्थानमा बसेपछि शास्ताले (भगवानले) तिनीहरूको मन शिलातलमा तरुण सिंह गर्जे जस्तै, वर्षा भए जस्तै आकाश गङ्गाको अवतरण भए जस्तै अनि रत्नका माला गाँसे जस्तै आठ अङ्गद्वारा[1] सम्पन्न, श्रवण योग्य, नरम ब्रह्मस्वरले नाना प्रकारले विचित्रमधुर धर्म-कथा सुनाउन

---

छ प्रकारका दोषबाट+ (१) न त अत्यन्तै नजिक, (२) न त अत्यन्तै टाढा, (३) हावा आइरहेतिर, (४) उच्चस्थान, (५) एकदम सामुन्ने र (६) एकदम पछाडि बस्नु- यी बस्दाका 'छ' दोष हुन् ।

आठ अङ्ग[1] (१) स्पष्ट, (२) बुझ्न सकिने, (३) मञ्जु, (४) श्रवणीय, (५) विन्दु, (६) अविक्षिप्त, (७) गम्भीर, (८) सुन्न सकिने घोष (बोली) ।



Downloaded from http://dhamma.digital/

थाल्नु भयो ।

शास्ताबाट तिनीहरूले धर्म श्रवण गरेपछि प्रसन्न भई उठेर दसबललाई[1] वन्दना गरी आफूहरूले ग्रहण गरी राखेको अन्य तैर्थिक धर्मलाई त्यागेर बुद्धको शरणमा आए । यसपछि यिनीहरू अनाथपिण्डिकका साथमा गन्ध-मालादि लिएर नित्य विहारमा गई धर्म श्रवण गर्थ्यो, दान दिन्थ्यो, शील[2] पालन गर्थ्यो र उपोसथ शील[3] पालन गर्थ्यो ।

एकदिन भगवान श्रावस्तीबाट चारिकार्थ राजगृहमा जानुभयो । भगवान राजगृहमा जानुहुँदा तिनीहरूले बुद्धको शरणलाई त्यागेर पुनः अन्य तैर्थिकका शरणमा गई पहिलेकै जस्तै नै मूलस्थानमा प्रतिष्ठित भए । सात महिना पछि भगवान फेरि जेतवनमा फर्केर आउनुभयो । अनाथपिण्डिकले पुनः तिनीहरूलाई साथमा लिएर शास्ता कहाँ गई शास्तालाई गन्ध-मालादिद्वारा पूजा गरेर, वन्दना गरी एक ठाउँमा बसे । तिनीहरूले पनि भगवानलाई वन्दना गरी एक ठाउँमा बसे । अनि अनाथपिण्डिकले तथागत[4] चारिकार्थ जानुहुँदा आफ्ना साथीहरूले ग्रहण गरेको त्रिशरणलाई[5] त्यागेर पुनः अन्य तैर्थिकका शरणमा गएर पहिलेकै मूलस्थानमा प्रतिष्ठित भएको थियो, भनी शास्तालाई सुनायो ।

---

दसबल[1] (१) कारणलाई कारण र अकारणलाई अकारण भनी यथार्थ सहित जान्न सक्ने बल, (२) भूत भविष्य र वर्तमान कर्मको कारणबाट हुने विपाकलाई (फल) जान्न सक्ने बल, (३) सर्वत्रगामी (सुगति र दुर्गति) मार्गलाई जान्न सक्ने बल, (४) अनेक धातु, नानाधातु हुने (चक्षु धातु, काम धातु) आदिलाई यथार्थ सहित जान्न सक्ने बल, (५) नाना स्वभावका प्राणीहरूलाई यथार्थ सहित जान्न सक्ने बल, (६) परसत्त्व (उत्तम व्यक्ति) परपुद्गलका (कमसल व्यक्ति) इन्द्रियहरू (श्रद्धेन्द्रिय आदि) को प्रबलता र दुर्बलता यथार्थसहित जान्न सक्ने बल, (७) ध्यान, विमोक्ष समाधि, समापत्ति, मलिनता र निर्मलता तथा उत्थानलाई यथार्थसहित जान्न सक्ने बल, (८) अनेकौ प्रकारका पूर्वजन्मका कुराहरूलाई अनुस्मरण गर्न सकिने बल, (९) अलौकिक विशुद्ध दिव्य चक्षुद्वारा निचतामा र उच्चतामा च्यूत हुने, उत्पन्न हुने प्राणीहरूलाई देख्न सक्ने बल (१०) आश्रव क्षय गरी अनाश्रवी, चित्त विमुक्ति, प्रज्ञा विमुक्तिलाई यसै जीवनमा अभिज्ञाद्वारा साक्षात्कार गर्न सक्ने बल ।
शील[2] =पञ्चशील । अष्टशील, दशशील=उपोसथ शील[3] (१) हिंसा, (२) चोरी, (३) अब्रह्मचारी, (४) भुठ, (५) मादक पदार्थ, (६) विकाल भोजन, (७) नाच, गान, वाद्य, अश्लिल, माला, सुगन्धित सेवन र आभूषणादिबाट विरत हुनु, (८) उच्च आसन, उच्च महाआसनबाट विरत हुनु अष्टशील भन्दछन् । दशशीलमा अष्टशीलको नै तीन वटा मिलाएर अर्थात (७) नाच, गान, वाद्य र अश्लिल । (८) माला, सुगन्धित सेवन र आभूषणादि । (९) उच्च आसन, उच्च महाआसनबाट विरत रहनु र (१०) सुन, चाँदि, रुपियाँ पैसा आदि ग्रहणबाट विरत रहनुलाई दशशील भन्दछन् । पञ्चशील भनेको (१) हिंसा, (२) चोरी, (३) व्यभिचारी, (४) भुठ र (५) मादक पदार्थबाट विरत रहनु ।
तथागत[4] निर्वाणमा पुगेर फर्केर आउनु भएका ।
त्रिशरण[5] बुद्ध, धर्म र संघको शरण ।



Downloaded from http://dhamma.digital/

भगवानले अप्रमाण करोडौं कल्पसम्म निरन्तर वाणी सम्बन्धी सदाचारलाई पालन गर्नु भएको प्रतापले, दिव्य सुगन्धको सुगन्धित, नाना प्रकारको सुगन्धले भरिएको रत्नको भण्डारलाई खोले झैं गरी मुख- पद्मलाई खोलेर मधुर- स्वर निकाल्नु भई "सच्चं किर तुह्मे उपासका तीणि सरणानि भिन्दित्वा अञ्ञातितित्थियसरणंगता"ति पुच्छि ।"

"उपासकहो ! साँच्चै नै हो कि, तिमीहरूले त्रि-शरणलाई छाडेर अन्य तैर्थिकको शरणमा गएको ?" भनी तथागतले सोध्नु भयो । तिनीहरूले ढाकछोप नगरी "सच्चं भगवा" ति वुच्चं । "साँचो हो, भगवान !" भन्यो । शास्ताले भन्नुभयो- उपासकहो ! अवीचि नरकबाट माथि भवाग्रको सर्वोपरि अप्रमाण लोक- धातुमा शील आदिको गुणमा बुद्ध समान अरु कोही छैन, महान त कहाँ हुन सक्छ ?

(तथागतले सूत्रमा यसरी उल्लेख गर्नु भएको छ )-

"भिक्षुहो ! जतिपनि विना पदका, दुई पदका, चार पदका वा बहु पदका सत्त्वहरू छन् तिनीहरू मध्यमा तथागत अग्र (सर्वश्रेष्ठ) छन् । यस लोकमा वा परलोकमा जति पनि रत्नहरू छन् ती सबै रत्नहरू मध्यमा बुद्धरत्न समान छैन ।

"यस्तो उत्तम गुणाले सम्पन्न भएको त्रि-शरणमा गएका उपासक उपासिका नरकमा उत्पन्न हुनु पर्दैन । अपायमा[1] उत्पन्न हुनबाट मुक्त भई देवलोकमा उत्पन्न भएर महासम्पत्तिको उपभोग गर्न पाइन्छ । यसकारण तिमीहरूले यस्तो अमूल्य धर्मलाई त्याग गरिकन अन्य तैर्थिकको शरणमा जानु भनेको अनुचित हो ।" भनि तथागतले भन्नुभयो । त्रिरत्न भनेको मोक्ष दिलाउने, उत्तम फल दिलाउने हो । यसको शरणमा जाँदा नरकमा जन्म लिनु नपर्ने हुन्छ भन्ने अर्थ दर्शाउनलाई सूत्रहरूमा उल्लेख भएकोलाई यहाँ केही उद्धृत गर्नुपर्छ-

"जो बुद्धको शरणमा गएको हुन्छ, ऊ नरकमा जानु पर्दैन । मनुष्य देहलाई छोडेपछि देव शरीर धारण गर्नेछ ।"

"जो धर्मको शरणमा गएको हुन्छ, ऊ नरकमा जानु पर्दैन । मनुष्य देहलाई छोडेपछि देव शरीर धारण गर्नेछ ।"

"जो संघको शरणमा गएको हुन्छ, ऊ नरकमा जानु पर्दैन । मनुष्य

---

अपाय[1] सुःख र शान्ति भनेको एक पल पनि नहुने स्थान (नरक) ।



Downloaded from http://dhamma.digital/

देहलाई छोडेपछि देव शरीर धारण गर्नेछ ।"

"मनुष्यहरू भयभीत भई पर्वत, वन, आराम, वृक्ष र चैत्य आदि अनेकौं शरणमा पर्दछन् । तर त्यो शरणबाट भयमुक्त हुने छैन, त्यो शरण उत्तम पनि होइन, त्यो शरणमा जाँदा सम्पूर्ण दुःखबाट मुक्त हुने छैन ।

"जो बुद्ध, धर्म र संघको शरणमा जान्छ । अनि (१) दुःख[1], (२) दुःखको उत्पत्ति[2], (३) दुःखको नाश[3] र (४) दुःख नाशक आर्य अष्टाङ्गिक[4] मार्ग यी चार आर्य सत्यलाई प्रज्ञाद्वारा राम्रोसँग हेर्नु पर्छ ।

"यो नै निर्भय हुने शरण हो, यो नै उत्तम शरण हो, यो शरणमा गए समस्त दुःखबाट मुक्त हुन्छ ।"

शास्ताले यति मात्र धर्म–देशना गर्नु भएको होइन अझै "बुद्धानुस्मृति कर्मस्थान[5], धर्मानुसस्मृति कर्मस्थान[6] र संघानुस्मृति कर्मस्थान[7] (समाधि, ध्यान) द्वारा श्रोतापत्ति[8] मार्ग लाभ गराउने हुन्छ, श्रोतापत्ति फल लाभ[9]

---

दुःख[1] जन्म, जरा, व्याधि, मरण, अप्रियसँगको मिलन, प्रियसँगको बिछोड, चाहनाअनुसार नहुने, पञ्चस्कन्ध (शरीर धारण गर्नुपर्ने) दुःख । दुःखको उत्पत्ति[2] तृष्णाबाट नै दुःखको उत्पत्ति । दुःखको नाश[3] तृष्णाबाट मुक्त हुनु । दुःख नाशक आर्य अष्टाङ्गिक मार्ग[4] (१) सम्यक दृष्टि, (२) सम्यक संकल्प, (३) सम्यक वचन, (४) सम्यक कर्म, (५) सम्यक आजीव, (६) सम्यक व्यायाम, (७) सम्यक स्मृति र (८) सम्यक समाधि । बुद्धानुस्मृति कर्मस्थान[5] राग, द्वेष र महादिबाट रहित=अरहं, विना गुरु, स्वयंले नै ज्ञान बोध गर्नु भएको =सम्मासम्बुद्धो, तीन विद्या, आठ विद्या र पन्ध्र प्रकारका आचरणद्वारा सुसम्पन्न= विज्जाचरण सम्पन्नो, निर्वाणगामी= सुगतो, सत्त्वलोक, संखार लोक र ओकास लोकका विज्ञ= लोकविदू । अत्युत्तम भई पुरुषलाई दमन गर्ने सारथी= अनुत्तर पुरीस दम्म सारथी । देव र मनुष्यका गुरु= सत्था देवमनुस्सानं, सम्पूर्ण ज्ञानले युक्त बुद्ध= बुद्धो, छ प्रकारका भाग्यले सुसम्पन्न भगवान = भगवा । यसरी नै बुद्धको गुणानुस्मरण गरी निरन्तर ध्यानमा बस्नु नै बुद्धानुस्मृति कर्मस्थान हो ।धर्मानुस्मृति कर्मस्थान[6] भगवान बुद्धले राम्रोसित कल्याण हुने उपदेश दिनु भएको= स्वाक्खातो भगवता धम्मो, सुखानुभूतिको निम्ति समयको अवधि नचाहिने= सन्दिट्ठिको , समय नबित्दै फल दिने=अकालिको, आएर हेर भन्न मिल्ने=एहिपस्सिको, निर्वाण लाभ गराउने=ओपनयिको, विद्वानजनले राम्रोसित केलाएर आफूले नै अवबोध गर्न सकिने =पच्चत्तंवेदितब्बो विञ्ञुही । यसरी नै धर्मको गुणानुस्मरण गरी निरन्तर ध्यानमा बस्नु नै धर्मानुस्मृति कर्मस्थान हो । संघानुस्मृति कर्मस्थान[7] सुआचरणमा लाग्ने भगवानका श्रावकसंघ=सुप्पटिपन्नो भगवतो सावक संघो, सोझो आचरणमा लाग्ने भगवानका श्रावकसंघ =उजुप्पटिपन्नो भगवतो सावक संघो, निर्वाणको लक्ष्य लिई न्यायपूर्वक आचरण गर्ने भगवानका श्रावकसंघ=ञायप्पटिपन्नो भगवतो सावक संघो, आदर सत्कार गर्न योग्य रूपले आचरण गर्ने भगवानका श्रावकसंघ=सामीचिप्पटिपन्नो भगवतो सावक संघो, आह्वान गर्न योग्य भगवानका श्रावकसंघ=आहुनेय्यो, पाहुना सत्कार गर्न योग्य भगवानका श्रावकसंघ=पाहुनेय्यो, दान दक्षिणा दिन योग्य भगवानका श्रावकसंघ=दक्खिणेय्यो, बिन्ति, नमस्कार गर्न योग्य भगवानका श्रावकसंघ=अञ्जलिकरणीयो, पुण्यरुपी वीज वपन गर्न अति नै उत्तम खेत समान भगवानका श्रावकसंघ=अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्स । यसरी नै संघको गुणानुस्मरण गरी निरन्तर ध्यानमा बस्नु नै संघानुस्मृति कर्मस्थान हो । श्रोतापत्ति[8] निर्वाणको निमित्त श्रोतमा पर्ने व्यक्ति अर्थात सातौं पटक जन्मको बीचमा निर्वाण लाभ गर्ने व्यक्ति । श्रोतापत्ति फल[9] निर्वाणको निमित्त सातौं पटक जन्मको बीचमा निर्वाण फल लाभ गर्ने ।



Downloaded from http://dhamma.digital/

गराउने हुन्छ, सकृदागामी[1] मार्ग लाभ गराउने हुन्छ, सकृदागामी फल[2] लाभ गराउने हुन्छ, अनागामी[3] मार्ग लाभ गराउने हुन्छ, अनागामी फल[4] लाभ गराउने हुन्छ, अर्हत[5] मार्ग लाभ गराउने हुन्छ अनि अर्हत फल[6] लाभ गराउने हुन्छ । वहाँबाट यसरी धर्म देशना भएपछि अन्तमा भन्नुभयो–"यस्तो उत्तम शरणलाई छाडेर तिमीहरूले ठीक गरेनौं ।" यो बुद्धानुस्मृति कर्मस्थानदिद्वारा श्रोतापत्ति मार्गादि प्रदान गर्छ ।

"भिक्षुहो ! यहि नै एक धर्मको अभ्यासले वृद्धिले, सम्पूर्ण निर्वेदार्थ, विरागार्थ, निरोधार्थ, उपशमनार्थ, अभिज्ञा, सम्बोधि तथा निर्वाण प्राप्त गर्न सकिन्छ । त्यो एक धर्म के हो ? "बुद्धानुस्मृति" आदि हो । (अङ्गुत्तरनिकाय १.१.२९६) सूत्रमा तथागतले भन्नु भएको छ

भगवानबाट यसरी नानाप्रकाले उपासकहरूलाई उपदेश दिनुभएपछि भन्नुभयो– उपासकहो ! पूर्व कालमा पनि मनुष्यहरूले तर्क वितर्कादिद्वारा अशरणलाई शरण ठानेर अमनुष्य (यक्ष) भएको कान्तारमा पुग्दा यक्षहरूबाट भक्ष भईकन महाविनाश हुनु परेको थियो । तर "त्यहीं अपण्णाक अमनुष्य भएको कान्तारमा अनुकूल मिलाउनाले आफ्नो कल्याण गर्न सकेको थियो ।" यति भन्नु भएपछि वहाँ चूप लाग्नुभयो ।

त्यस समयमा अनाथपिण्डिक गृहपति आफ्नो आसनबाट उठेर भगवानलाई अभिवादन गरी भगवानको प्रशंसा गर्दै शीरमा दुवै हात जोडेर बिन्ति भाव गर्दै प्रार्थना गऱ्यो– "भन्ते ! यी उपासकहरू यस समयमा उत्तम शरणलाई छाडेर वितर्कको पछि लागेर गएकोलाई त हामीले जान्यौं । तर पूर्व कालमा यक्षहरूको वासस्थान भएको कान्तारमा पुगेका विर्तकको पछि लागेर जानेहरू विनाश हुनु अनि त्यही अमनुष्य भएको ठाउँमा पुगेका अन्य मानिसहरूको कल्याण भएको भने हामीले जान्न सकेनौं, त्यो तपाईले मात्र

---

सकृदागामी[1] यस मनुष्य लोकमा पुन एक पटक जन्म लिई निर्वाण लाभ गर्ने व्यक्ति । सकृदागामी फल[2] यस मनुष्य लोकमा पुन एक पटक जन्म लिई निर्वाण फल लाभ गर्ने । अनागामी[3] पुन मनुष्य लोकमा जन्म नलिई शुद्धावास ब्रह्मलोकमा जन्म लिई त्यही लोकमा अवशेष भएका क्लेश वा संसारबन्धनबाट मुक्त भई निर्वाण प्राप्त गर्ने व्यक्ति । अनागामी फल[4] पुन मनुष्य लोकमा जन्म नलिई शुद्धावास ब्रह्मलोकमा जन्म लिई त्यही लोकमा अवशेष भएका क्लेश वा संसारबन्धनबाट मुक्त भई निर्वाण फल प्राप्त गर्ने । अर्हत[5] राग, द्वेष, मोहादि, सम्पूर्ण क्लेश छेदन गरी आश्रवबाट मुक्त हुने भवचक्रको आवागमनबाट मुक्त, जीवन मुक्त हुने अन्तिम देह धारी, पुन:जन्म लिनबाट मुक्त । अर्हत फल[6] राग, द्वेष, मोहादि, सम्पूर्ण क्लेश छेदन गरी आश्रवबाट मुक्त हुने भवचक्रको आवागमनबाट मुक्त, जीवन मुक्त हुने अन्तिम देह धारी, पुन:जन्म लिनबाट मुक्त भएका नै अर्हत फल ।



Downloaded from http://dhamma.digital/

थाहा पाउनु भएको छ । भगवान ! राम्रो हुने थियो, यदि तपाईंले यस कुरालाई आकाशमा उदाएको पूर्ण चन्द्र झैं गरी त्यस कुरालाई प्रकट गरि दिनु भएमा । अनि भगवानले भन्नुभयो– गृहपति । मैले अनन्त अनेकौं समयसम्म दस पारमितालाई[1] पूर्ण गरेर मानिसका शंकालाई निवारण गर्नको निम्ति सर्वज्ञ ज्ञानलाई प्राप्त गरें । स्वर्णको पात्रमा सिंहको तेल राख्ने जस्तै गरिकन राम्रोसित ध्यान दिएर सुन । भनी सेँठलाई सचेत गर्नु भई बादललाई फार्दै चन्द्रमा निस्के जस्तै पूर्व जन्मका लुकेको कुरालाई प्रकट गर्नु भयो–

# पूर्व जन्मको कथा

पूर्व कालमा काशी देशस्थित वाराणासी नगरमा ब्रह्मदत्त नाउँका राजा थियो । त्यस समयमा सार्थवाह बन्जाराको कुलमा बोधिसत्व माताको गर्भमा दश महिना बसेर जन्म लियो । क्रमानुसार वर्ष पुगेपछि पाँचसय गाडामा सामान राखेर व्यापार गर्दै जीवन बिताउँदथ्यो । व्यापारको शिलशिलामा कहिलेकाहीं पूर्व देशबाट अपरान्त जान्थ्यो भने कहिलेकाहीं अपरान्तबाट पूर्व देशमा जान्थ्यो । वाराणासीमा नै अर्का एक जना सार्थवाहको कुलमा जड मूर्ख र उपाय कुशल नभएका बन्जारा थियो । बोधिसत्व एकदिन वाराणासीबाट धेरै नै बहुमूल्य सामानहरू लिएर पाँचसय बयल गाडामा सामान भरेर त्यहाँबाट जानलाई तयार गरिरहेको थियो । त्यो मूर्ख सार्थवाह पुत्र पनि त्यसरी नै पाँचसय गाडामा सामान भरेर जानलाई तयार गरिरहेको थियो ।

त्यस समयमा बोधिसत्त्वले विचार गऱ्यो– "यदि यो बाल, मूर्ख सार्थवाह मसँगै गएमा एकहजार गाडा एउटै मार्गबाट जाँदा बाटो नपुग्ने हुन्छ, मान्छेहरूलाई दाउरा– पानी अनि गोरुहरूलाई घाँस पनि दुर्लभ हुनेछ । कि त म पहिला जानु पर्ला कि नभए उसलाई पहिला पठाउनु पर्ला । यसरी विचार गरेपछि उसलाई बोलाउन पठाई उक्त कुराहरू भनेपछि सोध्यो– "दुवै जनासँगै जान मिल्दैन त्यसैले तिमी पहिला जाने कि पछि ?

उसले विचार गऱ्यो– यदि म पहिला जान सकेमा धेरै फाइदा हुनेछ । नबिग्रेको बाटोबाट जान पाइनेछ, गोरुहरूले राम्रोसँग घाँस खान

---

दसपारमिता[1] (१) दान, (२) शील, (३) नैष्कम्य, (४) प्रज्ञा, (५) वीर्य, (६) क्षान्ति, (७) सत्य, (८) अधिष्ठान, (९) मैत्री, (१०) उपेक्षा



Downloaded from http://dhamma.digital/

पाइने छ, मानिसहरूको निम्ति तरकारी बनाउन सागपातहरू सुलभ हुनेछ, सफा पानी पिउन पाइने छ, अनि आफूले चाहे जस्तो मूल्यमा सामान बेच्न सक्नेछु । यसरी विचार गरेपछि भन्यो-"साथी ! म पहिला जान्छु ।" बोधिसत्त्वले पनि आफू पछि गएमा धेरै नै फाइदा हुने देख्यो । यदि म पछि गएमा- "पहिला जानेले अप्ठेरो मार्गलाई सजिलोसँग जान हुने गरी मार्ग बनाउने छ । ऊ गएको मार्गबाट नै म जानेछु । पहिला गएका गोरुहरूले छिपेको कडा खालको घाँसपात खानेछ । पछि त्यहीं कलिलो घाँसपात पलाएकोलाई मेरा गोरुहरूले खान पाउनेछन् । मानिसहरूले सागपात टिपेको ठाउँमा नयाँ सागपात पलाउँदा त्यसलाई टिपेर मेरो मान्छेहरूले मीठो गरिकन तरकारी बनाएर खान पाउनेछन् । पानी नभएको ठाउँमा जमीन खनेर पानी निकालेको ठाउँमा हामीले पानी पिउन पाउनेछौं । सामानको मूल्य राख्न भनेको मानिसको ज्यान लिने समान हुन्छ । म पछि जाँदा यसले राखेको मूल्यमा नै सामान बेच्नेछु । यसरी विचार गरेपछि भन्यो- "साथी ! त्यसो भए तिमी नै पहिला जाऊ ।" साधु[1], साथी ! भनी मूर्ख सार्थवाहले गाडाहरूलाई लिएर गइकन क्रमशः मनुष्यहरूको गाउँ बस्तीलाई पार गर्दै कान्तारको प्रवेशस्थानमा पुगे ।"

कान्तार भनेको- चोर-कान्तार, बाल-कान्तार, निर्जल-कान्तार, यक्ष-कान्तार र अल्पभक्ष-कान्तार यी पाँच- कान्तारहरू हुन्छन् । चोरहरू भएको ठाउँको मार्गलाई चोर-कान्तार, सिंहादि हिंस्रक जन्तुहरू भएको ठाउँलाई बाल-कान्तार, नुहाउन र पिउन पानी नभएको ठाउँलाई निर्जल-कान्तार, अमनुष्य यक्षादि हुने ठाउँलाई यक्ष-कान्तार र कन्दमूलादि केही खान नपाउने ठाउँलाई अल्पभक्ष-कान्तार भन्दछन् । यी पाँच कान्तार मध्येमा निर्जल-कान्तार र यक्ष-कान्तार भन्ने मार्गबाट यिनीहरू जानुपर्थ्यो । त्यसैले त्यो सार्थवाह पुत्रले ठूलठूला घडामा पानी भरेर साठी योजन (=४८० माइल) को कान्तारको मार्ग भई जान थाले ।

तिनीहरू यक्षहरूको वासस्थान भएको कान्तार बीचबाट जाँदै गर्दा त्यस कान्तारमा बस्ने यक्षहरूले सोच्न थाल्यो-"यी मानिसहरूले ल्याएको पानीलाई फ्याँक्न लगाउन सकेमा त तिनीहरू दुर्बल हुँदा यिनीहरू सबैलाई भक्ष गर्न पाउने छौं । यही विचारानुसार यक्षहरूले आफ्नो रूपलाई परिवर्तन गरी मनुष्य भेषमा ब्यापारी भई स्वेत तरुण गोरुहरूद्वारा गाडा तान्न

---

साधु[1] स्वीकारक शब्द, प्रशंसित शब्द, धन्यवाद, हर्षोल्लास शब्द ।



Downloaded from http://dhamma.digital/

लगाएर मनोरम वाहनमा बसी धनुष-ढाल-माला र शस्त्रादि हातमा लिएर दस, बाह्जना मनुष्यरूपी यक्षहरूका साथमा उत्पल र कुमुद फूलको माला लगाएर भिजेको केश, भिजेको वस्त्रमा राजा समान भई गाडामा बसिकन गाडाको पाङ्ग्रामा हिलो छ्यापेर त्यस मार्गबाट गई रहेको जस्तो गऱ्यो । उसको अघिपछि लाग्ने मान्छे र सेवकले पनि भिजेको केश, भिजेको वस्त्र, उत्पल-कुमुद फूलको माला लगाई राता, सेता कमलको, गुच्छा लिई पानी र हिलोका थोपाहरू झार्दै, कमलको डाँठको जरा खाँदै गइरहेका थिए ।

अगाडिबाट हावाले धूलो उडाएर ल्याउँदा बन्जाराले नोकरहरूलाई धूलो सफा गर्न लगाएर अघि जाने गर्थ्यो । जब पछाडिबाट हावा चल्दथ्यो तब त्यस्तै प्रकारले पछाडि पछाडि भई जाने गर्थ्यो । त्यसबेला अगाडिबाट हावा आइरहेको थियो । त्यसैले बन्जारा अघि अघि गई रहेको थियो ।

तिनीहरूलाई आइरहेको यक्षले देखेर आफ्नो गाडालाई बाटोको एक छेउमा राखेर तिनीहरूसँग कुशल वार्ता गर्दै सोध्यो- "तिमीहरू कहाँबाट आएको अनि कहाँ जाने ?" सार्थवाहले पनि गाडालाई बाटोको एक छेउमा राखेर तिनीहरूको गाडालाई जाने बाटो दिंदै मनुष्यरूपी यक्षलाई भन्यो- "ज्यू, हजूर । हामी वाराणासीबाट आएका हौं ।" बन्जाराले सोध्यो- तिमीहरूले त उत्पल-कुमुदको माला लगाएर, कमलको फूललाई हातमा लिएर, कमलको डाँठको जरालाई खाँदै हिलैहिलो भई पानीलाई टप्काउँदै आइरहेका छौ । के तिमीहरू आइरहेको बाटोमा पानी परिरहेको छ ? के तलाउमा पद्मादि फूलहरूले ढकमक्क ढाकेको छ ? यक्षले उसको कुरालाई सुनेर भन्यो- "के भनेको साथी ? यो हरियो वनलाई तिमीहरूले देखिरहेका छौ नि त्यस जंगलको उता भयङ्कर पानी परिरहेको छ । पहाडको कन्दरा, तलाउहरू पानीले भरिभराउ छ । त्यस कन्दरा र तलाउहरूमा विभिन्न कमलका फूलहरूले ढकमक्क गरी ढाकेको छ ।" अनि अघिपछि गर्दै गइरहेको गाडाहरूलाई देखेर नजानेको जस्तो गरी मुनष्यरूपी यक्षले सोध्यो- "यी गाडाहरूलाई लिएर कहाँ जान लागेको ?" "फलानो फलानो ठाउँमा ।" "यी गाडाहरूमा के के सामानहरू छन् त ? फलानो फलानो सामानहरू छन् ।"



Downloaded from http://dhamma.digital/

"पछाडि आइरहेको गाडामा त धेरै नै गहुँगो सामान भएको जस्तो लाग्छ । त्यसमा के सामान छ नि ?" "त्यसमा पानी छ ।" "तिमीहरूले यहाँसम्म पानी लिएर आयौ राम्रै गऱ्यौ । तर यहाँबाट उता लाग्दा पानीको आवश्यकता छैन, अगाडि जाँदा धेरै नै पानी पाउने छौ । त्यसैले पानीको भाँडालाई फुटालेर पानी जति सबै फ्याँकेर हलुका गरी सुखपूर्वक गए हुन्छ । यसरी ठीक पारेर कुरा गरी सकेपछि "तपाईहरू जानुहोस्, हामी पनि जानेछौं" भनी अलिक टाढा गए जस्तो गरी आँखाबाट ओझेल भएपछि यक्षहरू आफ्नै निवासस्थानमा नै गए । त्यो मूर्ख सार्थवाहले आफ्नो मूर्खताले गर्दा यक्षको वचनलाई स्वीकार गरेर पानीको भाँडाहरूलाई फुटाउन लगाई एकमुठ्ठी पानी पनि बाँकी नराखेर सबै फ्याँक्न लगाई गाडाहरू हाँकेर लग्यो । तिनीहरू अगाडि जाँदा कहीं कतै पनि पानी पाउन सकेन । पानी नपाएर तिनीहरूको जीउ गल्न थाल्यो । तैपनि तिनीहरू सूर्यास्त नहोइञ्जेल गइरहँदा यक्षहरूको नगरमा पुग्यो । तिनीहरूले गाडाबाट गोरुहरूलाई फुकालेर पाङ्ग्रामा बाँधिकन रात बिताउन त्यहीं बास बस्न थाल्यो । तिनीहरूसँग न त पिउनलाई पानी, न त खाना पकाउनको लागि पानी थियो, न त गोरुहरूका निम्ति नै पानी थियो । मानिसहरू थाकेको, गलेको हुनाले आफूहरू जहाँ जहाँ बसेका थिए त्यहीं त्यहीं नै बसेर निदाउन थाले । यक्षहरू मध्य रातमा यक्ष नगरबाट निस्केर मानिसहरू सहित सबै गोरुहरूलाई मारेर मासु जति खाएर हड्डी जति त्यहीं फालेर गए । यसरी मूर्ख सार्थवाहको आश्रयमा बसेका सबैले नै आफ्नो ज्यान गुमाउनु पऱ्यो । हाडहरूमात्र यताउता परिरहेको थियो । अनि पाँचसय गाडाका सामानहरू भने यथावत नै थियो ।

मूर्ख सार्थवाह पुत्र निस्केको पन्ध्र दिनपछि बोधिसत्त्वले पनि पाँचसय गाडाहरू लिएर नगरबाट निस्केर क्रमानुसार जाँदै गर्दा त्यहीं यक्षहरूका कान्तारमा पुगे । त्यहाँ जान अघि उसले पानीको भाँडामा प्रशस्त पानी भर्न लगाएर एकै ठाउँमा सबैलाई भेला गराई यसरी भन्यो–"मलाई नसोधिकन तिमीहरूले एकमुठ्ठि पानी पनि खेर नफाल्नु । कान्तारमा भएको विष वृक्षहरू, पातहरू, फूलहरू वा फलहरूलाई तिमीहरूले पहिले नखाएको भएमा मलाई नसोधिकन नखानु ।" मानिसहरूलाई यसरी उपदेश दिएर पाँचसय गाडालाई हाँक्न लगाई त्यस यक्षका कान्तार भएको ठाउँमा पुगे । बीच



Downloaded from http://dhamma.digital/

कान्तारमा पुगेपछि ती यक्षहरूले पहिलेको जस्तै नै गरीकन बोधिसत्त्व आइरहेको बाटोमा आफूहरू त्यही मार्गबाट आइरहेको जस्तो गरी देखाए । उसलाई देख्ने बित्तिकै बोधिसत्त्वले चिनि हाल्यो । "यो कान्तारमा पानी छैन, पानी नभएको हुनाले यो कान्तारको नाउँ निर्जल कान्तार हो । यसको आँखा रातो र निर्भयी देखिन्छ, अनि यसको छायाँ पनि देखिँदैन । अवश्य पनि अघि गएका त्यो मूर्ख सार्थवाह पुत्रलाई सबै पानी फ्याँक्न लगाएर दुःख, कष्ट दिएर यी यक्षहरूले तिनीहरू सबैलाई भक्ष गरेको हुनुपर्छ ।" "म उपाय-कुशल भएको पण्डित भनी यसले चिनेको छैन । केही नजानेको भनी ठानेको होला । त्यसैले बोधिसत्त्वले भन्यो- हामी बन्जाराले पानी भएको ठाउँलाई नदेखेसम्म हामीले ल्याएको पानीलाई त्यसै फ्याँक्ने छैनौं । पानी भएको ठाउँलाई देखेपछि मात्र पानी फ्याँकेर गाडालाई हलुका गरी जानेछौं । तिमीहरू आफ्नो बाटो लाग । हामी आफ्नो बाटो लाग्नेछौं ।" ती यक्षहरू अलिक गएको जस्तो गरी आफ्नो यक्ष नगरमा नै तिनीहरूले नदेख्ने गरी फर्केर गए ।

यक्षहरू गइसकेपछि मानिसहरूले बोधिसत्त्वलाई भन्यो- "आर्य ! यो हरियो वन देखिन्छ यस वनको उतातिर पानी परिरहेको छ भन्दै ती मानिसहरूले थरि थरिका रंगिबिरंगी कमल फूलका माला धारण गर्दै, कमलका फूलहरू लिएर त्यसको डाँठको जरालाई खाँदै भिजेको वस्त्र, भिजेको केशबाट पानीको थोपालाई टप्काउँदै आएको हामीले देख्यौं । त्यसैले हामीले पानीलाई फ्याँकेर गाडालाई हलुका पारेर यहाँबाट चाँडै नै जानुपर्ला ।"

उनीहरूको कुरालाई सुनेर बोधिसत्त्वले समस्त गाडाहरूलाई चाँडै नै रोक्न लगाएर, सबैलाई एकत्रित पारेर तिनीहरूसँग यसरी सोध्यो- "के तिमीहरूले यो भन्दा पहिले यस कान्तारमा तलाउ वा पोखरी छ भनेर कोही कसैबाट सुनेका छौं ? "अहँ, यसो त पहिले कहिले पनि सुनेका छैनौं ।" यस ठाउँमा पानी नभएको हुनाले नै निर्जल कान्तार भनेको हो । अहिले एकजना मान्छेले यो हरियो वनको उतातिर मूसलधारा पानी परिरहेका छ भन्यो । ल भन त मूसलधारा पानी पर्दाको हावाको वेग कति टाढासम्म वहने गर्छ ? "आर्य ! दुई कोशसम्म । " के त हामी मध्यमा कोही एक जनाको शरीरमा पानी पर्दाको हावा लागेको थाहा छ ? "आर्य ! छैन ।" "बादलको शीर्ष भाग कति



Downloaded from http://dhamma.digital/

टाढाबाट देख्न सकिन्छ ?" "आर्य ! बाह्र कोश टाढाबाट पनि देख्न सकिन्छ ।" के त तिमीहरू मध्यमा कसैले त्यो बादलको शीर्ष भागलाई देखेका छौ ?" "आर्य ! छैन ।" "बिजुली चम्किंदा कति टाढाबाट देख्न सकिन्छ ?" बाह्र, पन्ध्र कोश टाढाबाट पनि देख्न सकिन्छ ।" तिमीहरू मध्यमा कसैले बिजुली चम्केको देख्न सक्यौ ?" "आर्य ! छैन ।" "मेघ गर्जिंदाको आवाज कतिको टाढासम्म सुन्न सकिन्छ ?" "आर्य ! दुई चार कोश टाढाबाट पनि सुन्न सकिन्छ ।" "तिमीहरू मध्येमा कसैले मेघ गर्जेको आवाजलाई सुन्यौ त ?" "आर्य ! सुनेका छैनौं ।" त्यसैले "यिनीहरू मान्छे होइन, यक्षहरू हुन् । हामीहरूले ल्याएको पानी फ्याँक्न लगाएर, हामीलाई दुर्बल पारेर खाने इच्छाले आएको हुनुपर्छ ।" हामीभन्दा पहिला जाने सार्थवाह पुत्रसँग कुशल उपाय (बुद्धि) छैन । शायद उसले तिनीहरूको कुरालाई पत्याएर पानी फ्याँक्न लगायो होला । अनि पानी नपाएर छट्पटिएका, दुःख पाइरहेका सबैलाई नै यक्षले भक्ष गऱ्यो होला । त्यसको पाँचसय गाडाका सामानहरू भने जस्ताको तस्तै नै भएको हुनुपर्छ । हामीले आज देख्न पाउने छौं । त्यसैले अलिकति पनि पानी खेर नफालि गाडाहरू हाँक ।" भनी छिट्छिटो हाँक्न लगायो ।

तिनीहरू त्यहाँबाट जाँदा यक्षहरूद्वारा भक्ष गरिएको ठाउँमा पुग्यो । त्यहाँ मान्छे र गोरुहरूका हाड अनि पाँचसय गाडाहरू त्यत्तिकै परिरहेको देखे. । बोधिसत्त्वले त्यहीं नै गाडाबाट गोरुहरूलाई खोल्न लगाएर ठाउँ ठाउँमा घेराबन्दी गरिकन दिन बाँकी रहँदा नै मान्छेहरू र गोरुहरूलाई सन्ध्याकालको खाना खान लगाई मानिसहरूका माझमा गोरुहरूलाई राखेर आफू स्वयं तिनीहरूको नायक भई हातमा खड्ग लिएर सारा रात नसुतिकन उभिएर नै पहरेदार भई सुरक्षा गरिरह्यो । बिहान भएपछि त्यस बिहानीको समयमा नै समस्त काम सकेर खानपिन पछि दुर्बल गाडाहरूलाई छाडेर बलिया गाडाहरू लिन लगाएर, अल्पमूल्यका सामानलाई छाडेर मूल्यवान सामान राख्न लगाएर आफू जानु पर्ने ठाउँमा गएर दुई गुणा, तीन गुणा बढी भाउमा सामानहरू बेचेर आफ्ना सबै परिषद्का साथमा वाराणसी नगरमा सकुशल फर्केर आए ।

शास्ताले यसरी धर्मकथा सुनाई सक्नु भएपछि भन्नुभयो- गृहपतिहो ! पूर्वकालमा मूर्ख सार्थवाहपुत्रले यथोचित विचार नपुऱ्याएको हुनाले महाविनाश भयो । यथोचित विचार पुऱ्याएको हुनाले अमनुष्यको हातबाट मुक्त भएर



Downloaded from http://dhamma.digital/

आफूले चाहेको ठाउँमा गईकन धेरै नै धनार्जन गरी आफ्नै देशमा सकुशल फर्केर आउन पायो । भनी दुवै कथालाई मिलाउनु भई सम्यकसम्बुद्धले निम्न गाथा भन्नुभयो –

*"अपण्णाक ठानमेके, दुतियं आहु तक्किका*
*एतदञ्ञाय मेधावी, तं गण्हे यदपण्णक"न्ति ।"*

एकजनाले निरापदको कारणलाई भन्ने गर्छ, भने अर्कोले चाहिं तर्कग्राही भई भन्नेगर्छ । यही कुरालाई जानेर पण्डितजनले त्यो ग्रहण गर्नु जुन निरापद (अपण्णाक) हुने हो ।

'अपण्णाक' भनेको विरोध रहित सही मार्गद्वारा निर्वाणलाई प्राप्त गराउने हो । 'स्थान भनेको कारणलाई दर्शाएको हो, किनकि 'फल' त्यस कारणको अधिनमा हुन्छ । त्यसैले 'स्थान' भनेको हो । स्थानलाई स्थान अस्थानलाई अस्थान (यथार्थलाई यथार्थ, अयथार्थलाई अयथार्थ) तथ्य ज्ञान आदि हुनु (विभङ्ग ८०९ मा उल्लेख भएको छ) अपण्णाक र स्थान यी जुन दुवै पद हुन् "जुन कि अत्यन्तै हित, सुख प्रदायक हो, पण्डितद्वारा आचारित अनि अन्तमा विरोध रहित भई सही मार्गमा लाग्ने भन्ने अर्थलाई दर्शाएको हो । यो त संक्षेप मात्र हो, विस्तारमा भन्नु परे त्रिशरणमा पर्नु, पञ्चशील, दसशील, प्रातिमोक्ष संवर[१], इन्द्रिय संवर[२], आजीव परिशुद्धी[३], प्रत्यय प्रतिसेवन[४], समस्त चार परिशुद्ध[५], इन्द्रियमा गुप्तद्वार[६], भोजनमा मात्रा ज्ञान[७], जागरणायोग[८], ध्यान[९], विपश्यना[१०], अभिज्ञा[११], समापत्ति[१२],

---

प्रातिमोक्ष संवर[१] भिक्षुले पालन गर्ने २२७ नियम र भिक्षुणीले पालन गर्ने ३११ नियम (विनय पिटक हेरौ ।) इन्द्रिय संवर[२] रूप, शब्द, गन्ध, रस र स्पर्शप्रति संवर, संयम, अर्थात त्यसप्रतिको आकारप्रकारमा आशक्त नहुने । आजीव परिशुद्धी[३] जीविकाको निमित्त कुनै पनि प्रकारले बेठिक तौर तरिकाबाट कार्य गरी जीविका नगर्ने । प्रत्यय प्रतिसेवन[४] चीवर, भोजन, शयनासन र भैषज्य आदि सेवन गर्दा ज्ञानले युक्त भई उन्मत्त भावबाट रहित हुने । समस्त चार परिशुद्ध[५] (१) प्रातिमोक्ष संवर, (२) इन्द्रिय संवर (३) आजीव परिशुद्ध र (४) प्रत्येय प्रतिसेवन । इन्द्रियमा गुप्तद्वार[६] रूप, शब्द, गन्ध, रस, स्पर्श र मनलाई चञ्चल नगरी यी इन्द्रियहरूमा सुरक्षित वा शान्त, दान्त गरिराख्ने । भोजनमा मात्रा ज्ञान[७] खानपिन आदिमा मात्रा ज्ञान हुनु । जागरणयोग[८] निर्वाण लाभ गर्न हमेशा गर्नु पर्ने क्रियाकलापमा जागरुक भई ध्यान भावना गर्ने । ध्यान[९] समथर, विपश्यना । विपश्यना[१०] अनित्य, दुःख र अनात्मालाई यथार्थ सहित प्रज्ञाद्वारा हेर्ने । अभिज्ञा[११] पञ्च अभिज्ञा, षडभिज्ञा, अष्टाभिक्षा, दिव्यचक्षु, दिव्यश्रोत, बहुविधरिद्धि, परचित्तलाई जान्ने, पूर्वेनिवासविद्या, आश्रवक्षय=षडविज्ञ, यथाकर्मोपग र अनागतांश अष्टाभिज्ञा । (विशुद्धिमार्ग हेरौं) । समापत्ति[१२] महाकरुणा समापत्ति, महान करुणाले युक्त भई ध्यान दृष्टिद्वारा मुक्त हुनसक्ने व्यक्तिलाई देख्न सकिने । समापत्ति (१) प्रथम ध्यान, (२) द्वितीय ध्यान, (३) तृतीय ध्यान, (४) चतुर्थ ध्यान नै रुपावचर ध्यान हो । (५) आकाशानन्त्यायतन, (६) विज्ञानन्त्यायतन (७) आकिंचन्यायतन (८) नैवसंज्ञा नासंज्ञायतन ५ देखि ८ सम्मको ध्यान नै अरुपावचर ध्यान हो । यी रुपावचर र अरुपावचर ध्यानलाई समापत्ति ध्यान भन्दछन् । (विशुद्धिमार्ग हेरौं)



Downloaded from http://dhamma.digital/

आर्यमार्ग[1], आर्यफल[2], यी सबै नै अपण्णक, स्थान अपण्णक प्रतिपदा, नैर्यानिक प्रतिपदा भन्ने अर्थ हुन्छ । नैर्याणिक प्रतिपदा भनेको यहि नै हो, त्यही अपण्णक प्रतिपदा दर्शाउनलाई भगवानले यो सूत्र भन्नुभएको छ ।

"भिक्षुहो ! तीन धर्मले युक्त भिक्षु निर्दोष (निरापद) मार्गका अनुगामी हुन्छ । यी तीन के के हुन् ?" "भिक्षुहो ! यहाँ भिक्षु इन्द्रियमा गुप्तद्वार (संयमित) हुन्छ, भोजनमा मात्रा जान्ने हुन्छ र जागृत भई बसेको हुन्छ ।" "भिक्षुहो ! यहाँ भिक्षुले आँखाद्वारा रुपलाई हेरेर आकर्षित (निमित्तग्राही) हुँदैन ... पे°... ।" "भिक्षुहो ! यसरी नै भिक्षु इन्द्रियमा गुप्तद्वारा हुन्छ ।

"भिक्षुहो ! भिक्षु कसरी भोजनमा मात्राज्ञ हुन्छ ? "भिक्षुहो ! यहाँ भिक्षुले राम्रोसँग प्रत्यवेक्षण गरी आहार ग्रहण गर्नेहुन्छ न त मस्तीको लागि, न त अभिमानको लागि ... । "भिक्षुहो ! यसरी नै भिक्षुले भोजनको मात्रालाई जानेको हुन्छ ।

"भिक्षुहो ! भिक्षु कसरी जागरुक हुन्छ? "भिक्षुहो ! भिक्षु दिनमा चङ्क्रमण गर्ने हुन्छ, बस्ने हुन्छ ... । "भिक्षुहो ! यसरी नै भिक्षु जागरुक हुन्छ ।

यस सूत्रमा तीनवटा मात्रै धर्महरूलाई भनिएको छ । तर यो अपण्णक प्रतिपदाले अर्हत फललाई प्राप्त गराउने हुन्छ । यहाँ अर्हत फल र फल समापत्ति तथा उपाधि रहित निर्वाण प्राप्ति गराउने मार्गको नाउँ हो ।

'एकेति' यो शब्दको मतलब हो पण्डितजन । त्यहाँ 'फलानो नाउँको भन्ने केही पनि लागू हुँदैन । तर यहाँ एक शब्दको प्रयोग भएको परिषद् सहित बोधिसत्वलाई नै भनेको बुझ्नु पर्छ । दुतियं आहु तक्किका =अर्कालाई तार्किक भनिन्छ । दुतियन्ति=पहिला भनिएको अपण्णक स्थान (निरापदको कारण) नैर्याणिक कारण (निर्वाणको मार्गमा लाग्ने कारण) बाट अलग्गिने भएकोले 'अर्को चाहिं' तर्कग्राहि भनेको हो । आहु तक्किकाति=तर यहाँ पहिलाको शब्दलाई नै नियुक्त गर्नुपर्छ ।

---

आर्यमार्ग[1] श्रोतापत्ति, सकृदागामी, अनागामी र अर्हत मार्ग । आर्य फल[2] श्रोतापत्ति, सकृदागामी, अनागामी र अर्हत फल ।



Downloaded from http://dhamma.digital/

अपण्णकट्ठानं=निरापादको, अविरोधि कुरालाई, नैर्याणिक कुरालाई बोधिसत्त्व प्रमुख पण्डितजनले ग्रहण गऱ्यो । तर ज-जसले मूर्ख बन्जारालाई आफ्नो नायक बनाएको थियो त्यो तार्किक (आफ्नो पक्ष प्रबल बनाउन आवश्यक पर्ने तर्क गर्ने) थियो । तिनीहरू दुतियं=अर्को चाँहिले अनैतिक, अयथार्थ विरोध कुरा र अनैर्याणिक (बेठीक मार्ग) लाई ग्रहण गऱ्यो । बोधिसत्त्व प्रमुख परिषद्ले अपण्णक स्थानलाई ग्रहण गरेको हुनाले उनीहरू शुद्ध मार्ग (शुक्ल मार्ग) मा लागेका भए । जो अर्को थियो 'अगाडि पानी भएको हुनुपर्छ' यस प्रकारले तर्कग्राही भई अनैर्याणिक ग्रहण गरेको थियो । तिनीहरू कृष्ण प्रतिपदा (अन्धकार मार्गमा) लागेका भए ।

शुक्ल प्रतिपदा (मार्ग) भनेको हानिकारक नभएको, कृष्ण प्रतिपदा (मार्ग) भनेको हानिकारक भएको । त्यसैले जो शुक्ल प्रतिपदामा लागे तिनीहरू स्वस्तिकारक र मंगलकारक भए । जो कृष्ण प्रतिपदामा लागे तिमीहरू ध्वस्त भयो, विनाश हुनुपऱ्यो । यसप्रकारले भगवानबाट अनाथपिण्डिक गृहपतिलाई भन्नुभएपछि अगाडि यसो भन्नुभयो- "एतदञ्ञाय मेधावी, तं गण्हे यदपण्णकन्ति=यस अर्थलाई बुझेर पण्डितले त्यो मार्ग अपनाउनु पर्छ जुन कि अपण्णक हो ।

यहाँ एतदञ्ञाय मेधावीति "मेधा"ति भनेको विशुद्ध विपुल, उत्तम प्रज्ञाद्वारा सम्पन्न भएका कुलपुत्रले यो 'अपण्णक (निरापद) अनि यो सपण्णक (निरापद रहित), अनि यो तर्कग्राही, (आफ्नो पक्ष प्रबल बनाउन आवश्यक पर्ने तर्कलाई लिने हुन्छ), अतर्कग्राही (आफ्नो पक्षलाई प्रबल बनाउन तर्क आवश्यक नभएको) भनी जानेको हुन्छ । यी दुवैलाई तर्कग्राही र अतर्कग्राही हुने गुण दोष, लाभ-हानी, हित-अहितलाई जानेको हुन्छ । तं गण्हे यदपण्णकन्ति=जुन अपण्णक हो त्यो अत्यन्तै शुक्ल प्रतिपदा हो, अहित नहुने प्रतिपदा हो अनि नैर्याणिक हो, त्यसैले यही नै ग्रहण गर्नुपर्छ । किन ? पूर्ण रूपले कल्याण हुने भएको हुनाले । तर अर्कोलाई ग्रहण नगर्नु । किन ? अकल्याणकारी हुनाले । यो अपण्णक प्रतिपदालाई सबै बुद्ध, प्रत्येक बुद्ध र बुद्धपुत्रका प्रतिपदा हुन् । समस्त बुद्धहरू अपण्णक प्रतिपदामा नै बसेर दृढ वीर्यद्वारा पारमितालाई पूर्ण गरिनकन बोधि वृक्षको मूलमा बसेर बुद्ध हुन्छन्, प्रत्येक बोधि उत्पन्न भई प्रत्येक बुद्ध (आफू एक्लै निर्वाण लाभ गर्ने तर धर्म प्रचारमा अनुत्साही, एक्लो बुद्ध)



Downloaded from http://dhamma.digital/

हुन्छन् । बुद्ध-पुत्र (बुद्धका शिष्यहरू) भई श्रावक पारमि ज्ञानलाई साक्षात्कार गर्ने हुन्छन् ।

भगवानबाट यसरी ती उपासकहरूलाई तीन कुल- सम्पत्ति, ६ वटा कामावचार स्वर्गलोक (मनुष्यलोकसहित यी छ देवलोकहरू चतुरमहाराजिक देवलोक, तावातिंस देवलोक, यामा देवलोक, निम्मानरति र परनिम्मितवसवत्ती), ब्रह्मलोक-सम्पत्तिलाई दर्शाउनु भई अन्तमा अर्हत मार्ग फल दिलाउने अपण्णाक प्रतिपदा अनि चार नर्कहरू, पाँच नीचकूलमा जन्मिनु पर्ने सपण्णक प्रतिपदालाई दर्शाउनु भयो । अपण्णाक प्रतिपदाको धर्म देशना गर्नु भएपछि चार-आर्य सत्यलाई सोह्र प्रकारका आकारले प्रकाश पार्नु भयो । चार-आर्य सत्यको धर्मदेशनापछि ती पाँचसय जना उपासकहरू श्रोतापत्ति फलमा प्रतिष्ठित भए ।

शास्ताले यो धर्म देशनालाई दर्शाउनु भई, दुई विषयवस्तुलाई लिएर भन्नु भएपछि त्यसलाई तुलना गरी देखाएपछि, जातकको मेल मिलाएर देखाउनुभयो (अपण्णाक जातक कथाका व्यक्तिहरू बुद्धका समयमा को को हुन् भनेर चिनाउनको निम्ति भन्नुभयो)- "त्यस समयमा मूर्ख सार्थबाहपुत्र देवदत्त थियो, उसको परिषद् देवदत्तका परिषद् नै थिए । पण्डित सार्थवाहपुत्रका परिषद् बुद्धका परिषद् थिए, अनि पण्डित सार्थवाहपुत्र भने म नै थिएँ । भनी देशना टुङ्ग्याउनु भयो ।



Downloaded from http://dhamma.digital/

# महासीलव जातक कथा (५१)

"आसीसेथेव पुरिसोति" भन्ने यो शास्ताले जेतवनमा विहार गर्नु हुँदा अनुत्साहित, वीर्यहीन भएका भिक्षुलाई लिएर भन्नुभएको हो । वीर्यहीन भएका भिक्षुलाई शास्ताले सोध्नु भयो- "सच्चं किर त्वं भिक्खु ओस्सत्थविरियोसी"ती ? "साँच्चै नै हो कि, भिक्षु ! तिमी वीर्यहीन भएको ?" "आम, भन्ते" ति ! ज्यू हो, "भन्ते ! भिक्षु ! "तिमी यस नैर्याणिक शासनमा प्रव्रजित भएर पनि किन वीर्यहीन भई बसेको ?" पूर्व कालमा पण्डितले राज्य गुमाउन परेता पनि आफ्नो वीर्य बलद्वारा विनष्ट भइसकेको मान-सम्मानलाई पुनः लिन सफल भएको थियो भनी पूर्व जन्मको कथा सुनाउनु भयो ।

## पूर्व जन्मको कथा

अतीत कालमा बनारसमा ब्रह्मदत्तले राज्य गरिरहंदा वडामहारानीकी कोखबाट बोधिसत्त्वको जन्म भयो । नामाकरणको दिनमा उसलाई 'सीलवकुमार' भनी नाउँ राख्यो । ऊ सोह्र वर्षको उमेरमा समस्त शील्प-विद्यामा उत्तीर्ण भएपछि पिताको मृत्यु पश्चात राज्य-भार ग्रहण गऱ्यो । उसको स्वभावमा धर्म गर्ने भएको हुनाले धार्मिक, धर्मराजा महासीलव भन्ने नाउँ रहन गयो । उसले नगरको चारैवटा मूलद्वारमा, मध्यस्थानमा र प्रवेशद्वारमा गरी ६ वटा दानशाला दरिद्रहरूका निम्ति खोल्न लगाइयो । ती दानशालाहरूमा दिनहुँ दान दिने गर्थ्यो । अनि शीललाई पालन गर्थ्यो । उपोसथका दिनमा उपोसथ शीलपालन गर्थ्यो । क्षान्ति, मैत्री र दयाले सम्पन्न भईकन आफ्नो काखको पुत्रलाई सन्तोष वा खुसी पारे झैं गरी समस्त सत्त्वलाई सन्तुष्ट पार्दै धर्मपूर्वक राज्य गर्दथ्यो । त्यहाँ दरबारमा एकजना अमात्यले दुष्कर्म गरेको कुरालाई थाहा पाएर मन्त्रीहरूले राजालाई सुनायो । राजाले उसको व्यवहारमा विचार पुऱ्याउँदै हेर्दै जाँदा प्रत्यक्ष रूपले आफूले थाहा पाएपछि बोलाउन पठाइयो र आएपछि राजाले भन्यो- 'हे अन्धो, मूर्ख ! तिमीले अनुचित काम गऱ्यौ । त्यसैले अब तिमी मेरो राज्यमा बस्न योग्य भएनौ । तिमीले आफ्नो धन-सम्पत्ति सहित परिवारहरूलाई



Downloaded from http://dhamma.digital/

लिएर अन्यत्र नै जानु भनी देशबाट निकाली दियो । देश निकाला भएपछि ऊ कोशल राज्यमा गइकन कोशल राजाको सेवामा रहँदा बिस्तारै त्यहाँ राजाको आन्तरिक विश्वास पात्र भइयो ।

उसले एकदिन कोशल राजालाई भन्यो– "देव ! वाराणसी देश भनेको माहुरी नभएको चाका जस्तै नै हो । वहाँका राजा अत्यन्तै कोमल स्वभावको छ । तपाईसँग भएको थोरै सेनाद्वाराले पनि वाराणासी राज्यलाई जितेर लिन सकिने छ । उसको कुरालाई सुनेर राजाले भन्यो– "वाराणसी राज्य त ठूलो छ नि !"

यसको भनाइबाट थोरै सेनाद्वारा त्यस राज्यका राजालाई पराजित गर्न सकिन्छ भन्छन् । कही यो जासूस त होइन ? भनी शंकालु भई सोध्यो– कही तिमी जासूस त होइन ? होइन देव ! म जासूस होइन । यदि म प्रति तपाईको विश्वास नभएमा त्यहाँ मानिसहरू पठाई सिमानास्थित गाउँमा आतङ्क मचाई हेर्नुस् । ती आतङ्ककारीलाई समातेर त्यहाँ लैजाँदा राजाले तिनीहरूलाई धन दिएर पठाइ दिनेछ । उसको बोलाइमा राजाले विचार गऱ्यो– "यसले जे भनिरहेको छ, एकदम निर्भिक भई भनिरहेको छ, विचार गर्नुपर्ला ।" भनी आफ्नो मान्छेहरूलाई गाउँमा आतङ्क मच्चाउन पठाउँदा तिनीहरूलाई समातेर लगि राजा कहाँ हाजिर गरायो । तिनीहरूलाई देखेर राजाले सोध्यो– "मानवहो ! गाउँमा किन आतङ्क मच्चाएको ? जीविका निर्वाह गर्न गाह्रो परेको हुनाले । जीविका निर्वाह गर्न गाह्रो भएमा तिमीहरू किन मकहाँ नआएको ?"

"अबदेखि तिमीहरूले कुकर्म गर्न छाडिदिनु" भनी धन दिएर छाडिदियो । कोशल राजाले सोच्यो– यति गरेर हेर्दैमा त्यहाँ हमला गर्न जानु ठीक होइन भनी फेरि शहरमा लुटपाट गर्न पठायो । तिनीहरूलाई पनि धन दिएर पठाई दिंदा– कोशलका राजाले सीलव राजा 'अति नै धार्मिक रहेछ' भनी थाहा पाएपछि "वाराणसी राज्यलाई लिन सक्नेछु" भन्ने विचार गरिकन सेनाहरूलाई साथमा लिएर वाराणसीमा हमला गर्न जानलाई तयार भए ।

वाराणसी राजासँग त्यससमयमा मदमस्त बलवान भएका हात्ती सामुन्ने आएता पनि पछि नहट्ने, शीरमा बिजुली नै परेता पनि नडराउने खालका अनि सीलव महाराजले यदि चाहेको खण्डमा समस्त जम्बुद्विपका राज्य लिइ दिन सक्ने एक हजार महायोद्धाहरू थिए । तिनीहरूले वाराणसी



Downloaded from http://dhamma.digital/

राज्य लिन कोशल राजा आइरहेको छ भन्ने खबर पाएपछि वाराणसी राजाकहाँ गएर भन्यो- "देव ! कोशल राजाले वाराणासी राज्य लिनलाई आईरहेका छ । हाम्रो राज्यको सीमालाई उल्लङ्घन गर्न नपाउँदै हामीहरू त्यहाँ गएर उसलाई कुटपिट गरी समातेर ल्याउनेछौं ।"

सीलव राजाले भन्यो- "तात ! मेरो तरफबाट अरुलाई दुःख दिनु राम्रो होइन । त्यसैले राज्य लिन चाहनेले राज्य लेओस् ।" जानु पर्दैन भनी रोकिदियो । वाराणसीको सिमानालाई नाघेर कोशल राजा शहरको मध्य भागमा प्रवेश गरे । अमात्यहरूले राजाकहाँ गएर पुनः अघिजस्तै निवेदन गऱ्यो । राजाले पनि अघि जस्तै नै रोक लगायो । नगरको बाहिरबाट सीलव राजालाई सन्देश पठायो- "कि त राज्य दिनु, कि त युद्ध गर ।"

राजाले त्यो खबर पाएपछि 'मसँग युद्ध गर्नु पर्दैन राज्य नै लिनु' भनी खबर पठायो । अमात्यहरू पुनः राजा कहाँ गएर "देव ! हामीले कोशल नरेशलाई प्रवेश गर्न दिंदैनौं । नगर बाहिर नै त्यसलाई पिटपाट गरी समाति ल्याउनेछौं भन्यो । राजाले त्यसो नगर्न भनी नगरद्वारलाई खोल्न लगाएर सहश्र अमात्यहरूको साथमा कौसीमा गएर पलेटी कसेर बसे ।

महासेनाकासाथ कोशल राजा वाराणसीमा प्रवेश गरे । त्यहाँ उसले एकजना पनि विरोध गर्ने शत्रु नदेखे पछि चारैतर्फबाट घेरा लगाएर राजमहलमा अलंकृत गरिराखेको महाशनमा बसिरहेका निरपराधि सीलव महाराज सहित सहश्र अमात्यहरूलाई समात्न लगाइकन भन्यो- 'जाउ ! तिमीहरू गएर अमात्यहरू र राजाको हातलाई पछाडि पारेर डोरीले कस्सिएर बाँध्नु अनि मान्छेको लाश फ्यांक्ने समशानमा लगेर गलासम्म पुरिने गरी जमीन खनेर खाल्डो पारी त्यहाँ कसैले पनि हात चलाउन नसक्ने गरी राखेर माटोले पुरिदिनु । अनि त्यसठाउँमा रातको समयमा स्यालहरू आएर यिनीहरूलाई जे जे गर्नु पर्ने हो, त्यो गर्नेछ ।

चोर राजाको कथन अनुसार नै तिनीहरूले अमात्यहरू सहित वाराणसी राजाको हातलाई पछाडि पारेर बाँधी लग्यो । त्यस्तो अवस्थामा पनि सीलव महाराजले चोर राजाप्रति अलिकति पनि द्वेषभाव गरेन । त्यसरी बाँधेर लगेका अमात्यहरू मध्यमा कोही पनि राजाको विरोधमा जाने खालका थिएनन् । राजाको परिषद् एकदमै सुविनीत थियो । अतः राजपुरुष सहित



Downloaded from http://dhamma.digital/

राजालाई समशानमा लिएर गई त्यहाँ खाडल खन्न लगाई बीचमा सीलव राजालाई अनि दुवैतिर सबै अमात्यहरूलाई खाडलमा खसालेर माटोले पुरेर, घनद्वारा माटो थिच्दै कडा पारेर तिनीहरू त्यहाँबाट फर्केर गए । त्यस अवस्थामा पनि सीलव राजाले अमात्यहरूलाई सम्बोधन गर्दै उपदेश दियो- "तात ! तिमीहरूले चोर राजाप्रति क्रोध नगरिकन मैत्री भावना नै गर्नु ।"

अनि आधा रातमा मनुष्यका मांस खान पाउने आशा लिएर त्यहाँ स्यालहरू आए । तिनीहरूलाई देख्दा राजा र अमात्यहरूले सबैले एकै साथमा जोरसित शोर मचाईंदा स्यालहरू डराएर भाग्न थाले । भागेर गएका स्यालहरू केही परसम्म गएपछि एकछिन बसेर फर्की हेर्दा कोही पनि तिनीहरू पछि लागेर आएको देखेन । त्यसैले फेरि तिनीहरू फर्केर त्यहाँ गए । त्यहाँ आउँदै गरेको देखेर फेरि शोर मचाइयो । यस्तै गरी तीन पटकसम्म भागेर गई फर्केर हेर्दा तिनीहरू मध्यमा कोही पनि पछि लागेर आएको नदेखि 'यिनीहरू दण्डित होला' भनी सोचेर फूर्तिका साथ बहादुर भई फेरि त्यहीं फर्केर गयो । यसपछि जतिसुकै शोर मच्चाएता पनि तिनीहरू भागेर गएनन् । स्यालको नायक राजा कहाँ गए । बाँकी अरु कहाँ गयो । होशियार राजाले त्यसलाई आफ्नो नजिक आउन दियो र स्याललाई टोक्नलाई मौका दिएको जस्तो गरिकन गर्दन उठायो । जब स्यालले टोक्न खोज्यो तब खुट्टालाई तानेर यन्त्रमा फसाउने जस्तै गरी बेस्सरी समात्यो । हात्ती बल समान भएका बलशाली राजाले च्यापुद्वारा स्यालको घाँटीमा बल लगाएर जोरका साथ समातेकोले उम्केर जान नसक्दा मृत्यु हुने भयले गर्दा जोर जोरसित कराउन थाल्यो । अरु स्यालहरूले उसको चिच्याहटलाई सुनेर 'त्यसलाई मान्छेले समात्यो होला' भन्ने ठानेर अमात्यहरू कहाँ नगईकन सबकासब भाग्न थाले ।

आफ्नो च्यापुद्वारा राजाले स्याललाई उम्किन नसक्ने गरी बलियोसँग च्यापि राख्नाले मृत्युको भयले गर्दा चारैवटा खुट्टा चलाई उम्कनलाई कोशिस गरिरहँदा, खुट्टाका नङ्ग्राले जमीनमा खोस्रिन्दा त्यहाँको माटो राजाको एक छेउमा थुप्रियो । अनि राजा त्यस खाल्टोबाट निस्कन सकिने अवस्था भएपछि स्याललाई छाडि दियो । त्यस खाल्डोबाट निस्कनलाई हात्ती बल समान भएका राजाले आफ्नो शरीरलाई यताउता चलाई दुवै हात बाहिर निकालेर खाल्डोबाट शरीरलाई निहुराउँदै वायुवाट छिन्न भएको बादल झैं खाडलबाट



Downloaded from http://dhamma.digital/

निस्कन सफल भयो । आफू निस्केपछि अमात्यहरूलाई आश्वासन दिँदै उनीहरू सबैलाई खाल्डोबाट निकाली दियो । अमात्यहरूको साथमा राजा समशानमा नै त्यस रात बिताउन थाले ।

त्यही समयमा दुई यक्षहरूको सिमानाको बीचमा मान्छे मरेको लाशलाई मानिसहरूले फालेर गएका थिए । त्यो लाशलाई ती यक्षहरूले बराबर गरी भाग लगाउन नसक्नाले विचार गऱ्यो– "हामीले यो लाशलाई भाग लगाउन सकेनौं" तर यहाँ सीलव राजा हुनुहुन्छ, वहाँ धार्मिक हुनु भएकोले हामी दुवैको भागमा पर्ने गरी बराबर भाग लगाई दिनुहुनेछ । वहाँ भएको ठाउँमा नै यो लाशलाई लिएर जानुपर्ला । यही विचार अनुसार लाशलाई तानेर लगि राजा कहाँ पुऱ्याएर भन्यो– "देव ! यो लाशलाई हामी दुवैको भागमा पर्ने गरी बराबर भाग लगाइ दिनुस् ।" राजाले भन्यो– "भो यक्षहो ! तिमीहरूको निम्ति मैले यो लाशलाई बराबर गरी भाग लगाई दिनेछु । तर म अहिले अपरिशुद्ध छु, त्यसैले पहिला म नुहाउन चाहन्छु ।" नुहाउनको लागि यक्षहरूले चोर राजाको निम्ति राखेको सुगन्धित पानी ल्याएर दियो ।

नुहाई सकेका राजालाई वस्त्र ल्याएर दियो । वस्त्र परिधान गरेपछि बाकसमा राखेको चार प्रकारका सुगन्धित लेपहरू ल्याइदियो । सुगन्धित लेप लगाएपछि बाकसमा भएको मणिद्वारा निर्मित पंखामा राखेको नाना थरिका फूलहरू ल्याएर दियो । फूलहरू लगाएपछि यक्षले सोध्यो– "अरु के गर्नुपर्छ ? राजाले भन्यो– "भोक लागिरहेको छ ।" चोर राजाको लागि बनाई राखेको विभिन्न प्रकारका स्वादिष्ट भोजन ल्याएर दियो । राजाले स्वादिष्ट भोजन खायो । यसपछि यक्षले चोर राजाको लागि राखेको सुगन्धित जल, सुनको सुराही अनि सुनकै कटौरा लिएर आयो । पानी पिएर कुल्ला गरेर हात धुईसक्दा चोर राजाको लागि तयार गरिराखेको पाँच प्रकारको सुगन्धित पान ल्याएर दियो । पान दिएपछि यक्षले सोध्यो– "अब के गरिदिनु पर्छ ?" "अब तिमीहरू गएर चोर राजाको सिराननिर राखेको माङ्गलिक खड्ग लिएर आउ ।" त्यहाँ गई त्यो पनि लिएर आई राजालाई दियो । राजाले खड्ग लिएर लाशलाई सिधा उभ्याउन लगाई शरीरको बीचमा खड्गद्वारा प्रहार गरिकन दुई फ्याँक पारेर दुवै यक्षलाई बराबर गरी बाँडि दियो ।



Downloaded from http://dhamma.digital/

बाँडि दिइसकेपछि खड्गलाई धोएर तरतम भई उभिरह्यो । ती यक्षहरूले मांसाहार गरेपछि खुशीका साथ सन्तुष्ट भईकन राजासँग सोध्यो- "महाराज ! अब तिम्रो लागि हामीले के गरिदिनु पर्छ ?" "तिमीहरूले आफ्नो प्रतापद्वारा चोर राजाको शयनागरमा मलाई पुऱ्याई दिनु, अनि यिनीहरूलाई आ-आफ्नो घरमा पुऱ्याई दिनु ।" तिनीहरूले "ह्वस् देव" ! भनी आज्ञानुसार नै गरिदियो ।

त्यस समयमा चोर राजा अलङ्कृत शयन कक्षको शयन शैय्यामा मस्तका साथ सुतिरहेकालाई सीलव राजाले खड्गको टुप्पोले पेटमा घोचिदियो । ऊ त्रसित भई निन्द्राबाट जाग्दा दीपकको प्रकाशमा शीलव राजालाई चिनेर होश संभाल्दै शैय्याबाट उठेर सोध्यो- "सबै ठाउँमा पालो पहरा राखेको छँदा पनि यस्तो रातमा बन्द गरिराखेको ढोकाबाट भवनमा विना कसैको आज्ञामा खडग लिएर तिमी कसरी आयौ ?" आफू त्यहाँ आईपुगेको वृत्तान्त सबै शीलव राजाले सुनायो ।

चोर राजाले आश्चर्य मान्दै भन्यो- "महाराज ! म मानिस भएर पनि तपाईको गुणलाई जान्न सकिन । तर यी अरुका रगत पिउने, मासु खाने कठोर हृदय भएका यक्षले तिम्रो गुणलाई जानेको रहेछ । "भो नरेन्द्र ! तिमी जस्तो शीलवान व्यक्तिसित अबदेखि मैले द्वेष गर्ने छुइन ।" भनी खडग समाति शपथ ग्रहण गऱ्यो । अनि राजासँग क्षमा याचना गरी महाशैय्यामा शीलव राजालाई सुताएर आफू साधारण खातमा सुतेर रात बितायो । रात बितेपछि बिहानिपखमा दरबारको पताङ्गीमा समस्त सैनिक, अमात्य, ब्राह्मण र गृहपतिहरूलाई भेला गराई उसको सामुन्ने पूर्ण चन्द्रमालाई आकाशमा देखाएजस्तै गरिकन शीलव राजाको गुणको बयान गऱ्यो । त्यहाँ भेला भएका परिषद्का सामुन्ने पुनः क्षमा याचनाका साथमा राज्यलाई हस्तान्तरण गरी भन्यो- "आजदेखि तपाईको राज्यमा कुनै पनि आतङ्क वा उपद्रव भएमा छानविन गरेर दण्ड दिने काम म स्वयंले गर्नेछु ।"शीलव राजालाई राज्य संचालन गर्न दिएपछि चुक्लीखोरलाई दण्ड दिन लगाई सेना सवारीका साथमा आफ्नै राज्यमा फर्केर गए ।

शीलव राजा पनि आफ्नो राजदरबारमा अलंकृत श्वेत छत्रमुनि सरभ मृगको खुट्टा जस्तै भएको सिंहासनमा बसेर आफ्नो श्रीसम्पत्ति आफ्नै



Downloaded from http://dhamma.digital/

हातमा परेको देख्दा विचार गऱ्यो- "जुन यो सम्पत्ति र हजार जवान अमात्यहरूका जीवन लाभ भयो। यो मेरो प्रयत्नको (वीर्यको) प्रतिफल हो । मेरो वीर्य बलले गर्दा नै विनष्ट भइसकेको मान-सम्मान पाउन सकें, साथमा हजार जवान अमात्यहरूले पनि जीवन लाभ गर्न पाए । त्यसैले हतोत्साही नभई वीर्यवान नै हुनुपर्छ, निराशा हतोत्साही हुनुहुँदैन । वीर्यवान भएको हुनाले नै यसप्रकारको प्रतिफल मैले पाएको हुँ ।" भन्दै यो उदान (हर्षवाक्य) गाथा भन्यो-

*आसीसेथेव पुरिसो, न निब्बिन्देय्य पण्डितो ।*
*पस्सामि वोह. अत्तानं, यथा इच्छि तथा अहू"ति ।*

पुरुष आशावान नै हुनुपर्छ, बुद्धिमान मान्छे हतोत्साही निराश हुँदैन । म आफूलाई नै देख्दछु कि जुन चाहेको थिएँ, त्यही पाएँ ।

आसीसेथेवाति = "मैले यस प्रकारले प्रयत्न गरे यो दुःखबाट मुक्त हुनेछु भनी आफ्नो वीर्यबलमा आशा लिइरहनुपर्छ ।

न निब्बिन्देय्य पण्डितोति= बुद्धिमान, उपाय कुशल भएकोले र मौकैमा उचित स्थानमा प्रयत्न गरिंदा "मेरो यो प्रयत्नबाट केही हुने छैन भनी उत्कण्ठित नहुनु, निराश नहुनु भन्ने अर्थ हो । पस्सामिवोहं अत्तानन्ति = यहाँ वोति निपात मात्र हो, मैले आज आफूलाई देख्दछु, यथा इच्छिंतथा आहुति= म खाल्डोमा पुरिएकोले इच्छा गरेको थिएं कि जब म यस दुःखबाट मुक्त हुन्छु तब फेरि राज्य पाउनेछु । यहि कारणले गर्दा आज मैले यो सम्पत्ति आफ्नो अधिनमा भएको देख्न पाइरहेको छु । मैले पहिला जे चाहेको थिएँ त्यही आज मैले पाएँ । "अहो अति राम्रो भयो" ! 'शील सम्पन्न गरेको र वीर्यको फल' पाइँदो रहेछ भन्दै प्रीतिवाक्य प्रकट गरिकन जीवनको अन्तसम्म पुण्य कर्म गरी यथा कर्मनुसार गयो ।

शास्ताले यस धर्मकथा ल्याउनु भई सत्यको प्रकाश गर्नुभयो । सत्यको अन्तमा हिम्मतहारा भिक्षु अर्हतमा प्रतिष्ठित भयो । शास्ताले यस कथाको अन्तमा जातकको समाधान गर्नुभयो- "त्यससमयमा प्रदुष्ट भिक्षु देवदत्त थियो, सहस्र अमात्यहरू बुद्ध परिषद् थिए । शीलव महाराज त म नै थिएँ ।



Downloaded from http://dhamma.digital/

# कपिलवस्तुवासी र कोलियका कलह

कपिलवस्तु नगर र कोलिय नगरको बीचमा रोहिनी नदी थियो । त्यस नदीमा बाँध बाँधेर दुवै नगरवासीले खेतको निम्ति पानी लाने गर्थ्यो । ज्येष्ठ महिनाको अन्ततिर खेती लगाई राखेको बोट-बिरुवाहरू सुकेर गएको हुनाले दुवै नगरवासीका कामदारहरू त्यहाँ भेला हुन थाले । कोलियवासीले कपिलवस्तुका कामदारहरूलाई भन्यो- "यो पानीलाई दुवैले लिएमा न त तिमीहरूलाई पुग्ने छ, न त हामीलाई नै पुग्नेछ । त्यसैले यो पानी हाम्रो खेतमा एक पटक लाउँदा पुग्नेछ । यो पानी सबै नै हामीलाई चाहिन्छ, त्यसैले यो पानी हामीलाई नै दिनु ।" कपिलबस्तुका कामदारहरूले तिनीहरूका कुरालाई सुनेपछि भने- "तिमीहरूको भण्डागारमा जहिले भरिपूर्ण गरिराखेको हुन्छ तब हामीहरूले रक्तवर्णको स्वर्ण, नीलवर्णको मणि तथा कालो कार्षापन (मुद्रा) र टोकरी वा झोला लिएर तिमीहरूको घरैपिच्छे घरको दैलो दैलोमा आएर घुम्न सक्दैनौं । पानी एक पटक लाउन पाएमा हाम्रो खेतलाई पनि पुग्नेछ । त्यसैले यो पानी हामीलाई नै देउ ।" "अहँ, हामीले दिनेछैनौं ।" "हामीहरूले पनि दिंदैनौं ।"

यसरी कुरा गर्दागर्दै जाँदा झनझन कुरा बढ्दै गयो । त्यसमध्यमा एकजना उठेर हात छाडिहाल्यो । प्रतिक्रिया स्वरुप उसले पनि हातपात गऱ्यो । उनीहरू त्यसरी मारपिट गर्दागर्दै राजकुलका कुराहरूलाई लिएर झन् झगडा बढाउन लाग्यो । कोलियहरूले भन्न थाले- "तिमीहरू कपिलवस्तुकावासीहरूले नै लिएर जाउ न त । जो कि कुकुर र स्याल जस्तै भई आफ्नै बहिनीहरूसँगै बस्ने गर्छन् । यस्ताका हात्ति, घोडा अथवा यिनीहरूको ढाल र शस्त्रादिद्वारा के नै गर्न सकिन्छ ?" कपिलबस्तुका वासिन्दा शाक्यहरूले पनि भन्न लागे- "कोढीका सन्तान हो ! अब तिमीहरू फर्केर जाऊ । जो कि अनाथ-असरण भई पशु पंक्षी जस्तै कोल वृक्षमा बस्ने गर्छन् । यस्ताका हात्ति, घोडा अथवा यिनीहरूको ढाल र शस्त्रादिद्वारा के नै गर्न सक्ला र ?" तिनीहरूले आ-आफ्ना मालिक अमात्यहरूलाई सुनाए । अमात्यहरूले राज-कुलमा गएर सुनाउन थाले । त्यसबेला "बहिनीसँग बस्नेहरूको शक्ति र बल देखाउनेछु !" भन्दै युद्धको निम्ति शाक्यहरू त्यहाँबाट निस्कन थाले । कोलियहरूले



Downloaded from http://dhamma.digital/

पनि- "कोल वृक्षमा बस्नेहरूको शक्ति र बल देखाइ दिनेछु!" भन्दै कोलियहरू पनि युद्ध गर्नको लागि तयार भए । यसरी यिनीहरू दुवै पक्षका योद्धाहरू सन्ध्या कालमा युद्ध गर्न तयार भइकन निस्किन लाग्ने भएका थिए ।

त्यस समयमा भगवान श्रावस्तीमा विहार गर्नु भएको थियो। वहाँले प्रातः कालमा लोकलाई दिव्य-दृष्टिद्वारा हेर्नुहुँदा तिनीहरू युद्धको लागि तयार भई निस्किँदै गरेको देख्नु भयो । अनि वहाँले विचार गर्नुभयो "म त्यहाँ जाँदा यिनीहरूको कलह शान्त हुन्छ कि हुँदैन ?" वहाँले देख्नुभयो, "म त्यहाँ पुगेर कलह- शान्त पार्न जातकको तीनवटा कथा सुनाउनेछु ।" त्यस कथाबाट कलह शान्त हुनेछ । फेरि एकताको महत्व दर्शाउनलाई दुईवटा जातकको कथा र अत्त-दण्ड सूत्रको उपदेश दिनेछु । उपदेश सुनेर दुवै नगरवासीहरूले दुईसय पचास, दुईसय पचास गरी कुमारहरूलाई यस शासनको निमित्त परित्याग गर्नेछन् । मैले उनीहरूलाई प्रव्रजित गर्नेछु । ठूलो समूहको भेला हुनेछ ।" यसरीले जान्नु भई, शारीरिक कृत्यपश्चात श्रावस्तीमा भिक्षाटन गर्नुभई, पिण्डपातबाट फर्किनु भए पछि सन्ध्याकालमा कसैलाई केही नभनि, आफ्नो चीवर स्वयंले लिनुभई, गन्धकुटीबाट निस्किनु भई दुवै सेनाका बीच, आकाशमा पलेटी कसेर तिनीहरूलाई संवेग जगाउनको लागि कालो किरण छाडेर अन्धकार पारि दिनुभयो । अन्धकारबाट भयभित हुनेहरूको सामुन्ने आफूलाई देख्ने गरी ६ वर्णका बुद्ध रश्मि छाडनुभयो । कपिलबस्तुका मानिसहरूले देखेपछि विचार गऱ्यो- "हामीहरूका श्रेष्ठ सम्बन्धी शास्ता आउनुभयो । शायद वहाँले हामीबाट हुने युद्धलाई थाहा पाउनु भयो होला । "यहाँ शास्ता आइपुग्नु भएको हुनाले हामीबाट कोही कसैका शरीरमा शस्त्र प्रहार गर्नु उचित होइन । कोलियवासीले हामीलाई चाहे मारोस्, चाहे दुःख नै देओस् भनी शस्त्रलाई त्याग गरे । कोलियवासीले पनि त्यही अनुरुप नै गरे ।

अनि भगवान आकाशबाट अवतरण गर्नु भई रमणीय प्रदेशमा बालुवाको तटमा बिच्छ्याइएको बुद्धासनमा अनुपम चम्किलो बुद्ध-रश्मि प्रकट गरी बस्नुभयो । ती राजाहरूले पनि बुद्धलाई वन्दना गरी यथास्थानमा बसे । यसपछि भगवानले त्यहाँको अवस्थालाई बुझ्नु भएता पनि तिनीहरूसँग सोध्नुभयो "महाराज हो ! तिमीहरू यहाँ किन आउनु परेको ?"

"भन्ते ! हामी यहाँ न त नदी हेर्न आएका हौं, न त खेल खेल्नका



Downloaded from http://dhamma.digital/

निम्ति आएका हौं, हामी त यहाँ युद्ध गर्न आएका हौं ।"

"महाराजहो ! युद्ध गर्नु पर्ने कारण के हो ?" "भन्ते ! पानीको कारणले गर्दा युद्ध गर्नु परेको ।" "महाराजहो ! पानीको मूल्य कति पर्छ ?" "भन्ते ! पानीको मूल्य कम नै पर्छ ।" "महाराजहो ! पृथ्वीको मूल्य कति पर्छ ?" "भन्ते ! अमूल्य छ ।" "महाराजहो ! क्षत्रिको मूल्य कति पर्छ ?" "भन्ते ! क्षत्रिहरूको मूल्य पनि अमूल्य नै छ ।" "महाराजहो ! मूल्य कम पर्ने पानीको निम्ति अमूल्य भएका क्षत्रिहरूको किन नाश गर्न खोजेको ? कलह झैंझगडाले गर्दा आनन्द भनेको हुँदैन । कलहको कारणले गर्दा नै वृक्ष देवता र कालो सिंहको शत्रुपन सारा कल्पसम्म रह्यो ।" भनी फन्दन जातकको कथा सुनाउनु भयो । फेरि "महाराजहो ! अरुको कुरामा अन्धो जस्तो भएर विश्वास गर्नु हुँदैन । अन्धो विश्वासी भएको हुनाले नै एउटा खरायोको कुरामा विश्वास गर्नाले तीन हजार योजन विस्तारित भएको हिमालयका सारा चारखुट्टेहरू समुद्रमा परेर ज्यान गुमाउन लागेका थिए । त्यसैले अरुको कुरामा झट्टै विश्वास गरी हाल्नु हुँदैन ।" भनी दद्दर जातककथा सुनाउनु भयो । फेरि "महाराजहो ! "दुर्बलले महाबलवानको कमजोरीलाई थाहा पाएको हुन्छ भने महाबलवानले दुर्बलको कमजोरीलाई पनि थाहा पाएको हुन्छ ।" भनी लटुकिक पंक्षीले हस्तिनागलाई मारेको कुरालाई लिएर लटुकिका जातकको कथा सुनाउनु भयो । यसरी कलहलाई शान्त पार्न जातकको तीनवटा कथा सुनाई सक्नु भएपछि मेलमिलाप गरी एकमेल भई बस्नाले जुन फाइदा हुने हो, त्यो देखाउन अर्को दुईवटा जातकका कथा सुनाउनु भयो । "महाराजहो ! एकमेल भई रहँदा कसैले पनि परास्त गर्न सकिँदैन भनी रुक्खधम्म जातकको कथा सुनाउनु भयो । अनि फेरि महाराजहो ! जबसम्म एक मत भई रहन्छ तबसम्म कसैले पनि भेद गर्न सक्दैन तर जब परस्पर झगडा गर्न लागे तब एकजना शिकारीले पंक्षीहरूलाई मारेर लग्यो । झगडामा परिंदा सुख हुने होइन ।" भनी सम्मोदमान जातक कथा सुनाउनु भयो । यस प्रकारले यी पाँच जातकको कथा सुनाउनु भएपछि अन्तमा अत्त-दण्ड सूत्र सुनाउनुभयो । यी जातक कथाहरू अब यहाँ उल्लेख गर्दछु –



Downloaded from http://dhamma.digital/

# फन्दन जातक कथा (४७५)

अतीत समयमा वाराणासीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा नगरको बाहिर सिकर्मीहरूको गाउँ थियो । त्यहाँ एकजना ब्राह्मण सिकर्मीले जंगलबाट काठहरू ल्याएर रथ बनाई आर्जन भएको धनबाट उसले आफ्नो जीविका चलाउँदथ्यो । त्यस समयमा हिमालय प्रदेशमा महाफन्दन भन्ने एउटा वृक्ष थियो । त्यहीं एउटा कालो सिंह शिकारको खोजिमा आएर आराम लिन पल्टेर बसेका थिए । त्यस समयमा बेस्सरी हावा चल्नाले त्यस वृक्षबाट सुकेको हाँगा भाँचिंदा त्यो हाँगा खसेर उसको शरीरमा लाग्यो । त्यस हाँगाले लाग्दा शरीरमा केही दुःखेको अनुभव गरी तर्सिएर डराइकन केही पर भागेर गई आफू आएको मार्गमा फर्केर हेर्दा कोही पनि नदेख्दा विचार गऱ्यो– "सिंह वा बाघले पछ्याएको छैन, अवश्य पनि यो वृक्षमा बास गर्ने देवताले म उसको रुखमुनि बसेको सहन सकेन होला, ठिक छ ! मैले पनि जानेको छु यसलाई गर्ने !" भनी विनाकारण रिसाएर एक्कासि वृक्षमाथि झम्टिँदै वृक्ष देवतालाई धम्काउँदै भन्यो– "मैले न त तिम्रो पातलाई खाने गर्छु, न त हाँगाविंगा नै भाँच्ने गर्छु । अन्य पशुहरू यहाँ आएर बस्दाखेरी तिमीले सहेर बस्छौ । म यहाँ बस्दा चाहिं सहन सकेनौ । मैले तिमीप्रति के नै दोष गरेको छु र ? केही दिन पर्खन तिम्रो जरासहित उखालेर टुक्रा टुक्रा पारि दिनेछु ।" भनी वृक्ष देवतालाई धम्कि दिएर एकजना मान्छेको खोजिमा लाग्यो । त्यसबेला त्यो ब्राह्मण सिकर्मी दुई तीनजना मान्छेहरूका साथमा रथको निम्ति काठ खोज्दै गाडाबाट त्यहाँ पुगेर गाडालाई एक ठाउँमा राखेर बञ्चरो र अन्य औजार लिएर रुखको खोजि गर्दै फन्दन वृक्ष भएनिर पुग्यो । कालो सिंहले त्यहाँ तिनीहरूलाई देखेर विचार गऱ्यो "आज मेरो शत्रुको दुर्दशा हेर्न पाउने भएँ" भनी वृक्षको फेदनिर गयो । सिकर्मी वृक्षको खोजिमा फन्दन वृक्षको नजिकै आइपुग्यो । यिनीहरू यहाँबाट अन्य स्थानमा जानु भन्दा पहिले नै तिनीहरूलाई भन्ने छु भनी विचार गरेर उसले गाथाद्वारा भन्यो–

*कुठारिहत्थो पुरिसो, वनमोगह्य तिटठ्सि ।*
*पुट्ठो मे सम्म अक्खाहि, किं दारुं छेत्तुमिच्छसी"ती ॥*



Downloaded from http://dhamma.digital/

"हातमा बञ्चरो लिएका भो पुरुष ! तिमी वनमा आई रहेका छौ । भो साथि ! तिमीसँग सोध्दा मलाई भन, के तिमीले काठ काट्ने इच्छा (विचार) गरेका हौ ?"

उसको कुरा सुनेर सिकर्मी छक्क पऱ्यो । अघि कहिले पनि पशुले मानिसको बोलि बोलेको थाहा पाएको छुइन, यसले रथ बनाउन मिल्ने काठलाई थाहा पाएको हुनुपर्छ भन्ने विचार गरेर दोस्रो गाथा भन्यो-

*इस्सो वनानि चरसि, समानि विसमानि च ।*

*पुट्ठो मे सम्म अक्खाहि, किं दारुं नेमिया दल्हं"ति ॥*

भो सिंह ! सम-विषम वनमा विचरण गर्दछौ । भो साथि ! तिमीसँग सोध्दा मलाई भन, नेमिको लागि कुन काठ बलियो हुन्छ ?

आफूले चिताए बमोजिम सफल हुने भएको ठानेर कालो सिंहले भन्यो-

*"नेव सालो न खदिरो, जास्सकण्णो कुतोधव ।*

*रुक्खो च फन्दनो नाम, तं दारु नेमिया दल्हं"ति ॥*

आफूले चिताए बमोजिम सफल हुने भएको ठानेर कालो सिंहले भन्यो- न त शाल, न त खैर, न त हुन्छ कर्ण, धव त झन कहाँ हुन्छ र ? फन्दन नाउँको त्यो काठ नै नेमिको लागि बलियो हुन्छ ।

उसको कुरा सुनेर प्रसन्न भई "आज वनमा आएको त राम्रो भयो । पशुले पनि रथको निम्ति हुने काठ मलाई देखाइरहेको छ । आहा, राम्रो ?" भनी चौथो गाथाद्वारा सोध्दै भन्यो-

*"किदिसानिस्स पत्तानि, खन्धो वा पन किदिसो ।*

*पुट्ठो मे सम्म अक्खाहि, यथा जानेमु फन्दन"न्ति ।*

साथि ! वृक्ष कस्तो किसिमको हुन्छ, अनि पात कुन प्रकारको हुन्छ ? मैले सोधेकोलाई तिमीले भन, जसमा कि मैले फन्दन रुखलाई चिन्न सकुँ ।

वृक्षलाई देखाउँदै दुईवटा गाथा भन्यो-

*"यस्स साखा पलम्बन्ति, नमन्ति न च भञ्जरे ।*

*सो रुक्खो फन्दनो नाम, यस्स मूले अहं ठितो ॥*

*अरानं चक्कनाभीनं, इसानेमिरथस्स च ।*

*सबस्स ते कम्मनियो, अयं हेस्सति फन्दनो"ति ॥*



Downloaded from http://dhamma.digital/

जसको हाँगाहरू लामो हुन्छ, लच्किएको हुन्छ र भाँचिदैन । जुन रुखको फेदमा म बसिरहको छु, त्यही रुखको नाउँ नै फन्दन हो । यो फन्दन रुखको काठ तिम्रो रथको चक्का, डण्डा, नाभी, इषा, चक्काको घेरा सबैमा काम लाग्ने यहाँको यो नै फन्दन वृक्ष हो ।

उसले देखाउन पाएकोमा सन्तुष्ट हुँदै त्यहींको छेउछाउमा विचरण गर्दै रह्यो । सिकर्मीले वृक्षलाई ढाल्न शुरु गऱ्यो । वृक्ष देवताले सोच्यो- "मैले यसमाथि केही पनि फालेको छुइन, विनाकारण नै ममाथि शत्रुता गरी मेरो विमानलाई (वासस्थानलाई) नष्ट पारिरहेको छ । म त बर्वाद हुने नै भएँ । अब मैले पनि यो कालो सिंहलाई बर्वाद पार्न उपाय गर्छु भनी वृक्ष देवताले आफ्नो रूपलाई बदलेर त्यहीं वनमा काम गर्ने मानिसको भेषमा सिकर्मी कहाँ गएर सोध्यो- "भो, पुरुष ! तिमीलाई काम लाग्ने रुख नै पायौ । यो वृक्षको काठबाट तिमीले के बनाउने ?" "रथ र रथलाई चाहिने सबै चिज बनाउने छु ।" "यो वृक्षको काठबाट रथ बनाउन सकिन्छ भनी तिमीलाई कसले भन्यो ?" "यहींको कालो सिंहले भनेको ।" "ठिक हो ! उसले तिमीलाई काम लाग्ने रुख देखायो, यसबाट रथ बनाउन राम्रोसित सकिन्छ । तिमीले बनाउने रथको पाङ्ग्रामा कालो सिंहको छालाद्वारा चार अङ्गुलको पेटी बनाएर लगाईंदा फलामको पट्टि जस्तै नै बलियो हुनेछ । अनि त तिमीले धेरै नै पैसा कमाउन सक्नेछौ ।" "कालो सिंहको छाला कहाँ पाउँछ ?" "तिमी मूर्ख रहेछौ ।" यहाँबाट नभागि जुन वृक्षनिर बसिरहेको छ, जसले तिमीलाई यो वृक्षलाई देखाएको हो, उस कहाँ गएर "स्वामी ! तिमीले देखाएको वृक्षलाई कहाँबाट काट्न मिल्छ भनेर उसलाई यहाँ लिएर आउनु । अनि ऊ शंका रहित भई यहाँ, यहाँ काट्नु भनेर थुतुनोले छुँदै देखाउँदा तिम्रो त्यो धारिलो बञ्चरोद्वारा प्रहार गर्दा उसको मृत्यु भएपछि छाला निकालेर मीठो हुने गरी मासु खानु, अनि वृक्षलाई काट्नु ।" भनी शत्रुता जगाई दियो । यही कुरालाई प्रस्ट्याउनको लागि शास्ताले यो गाथा भन्नुभयो-

*"इति फन्दनरुक्खोपि, तावदे अज्झभासथ ।*
*मह्यम्पि वचनं अत्थि, भारद्वाज सुनोहिमे ॥*
*इस्सस्स उपक्खन्धहमा, उक्कच्च चतुरङ्गुलं ।*
*तेन नेमिं पसारेसि, एवं दल्हतरं सिया ॥*
*इति फन्दन रुक्खो पि, वेरं अप्पेसि तावदे ।*
*जातानञ्च अजातानं, इसानं दुक्खमावही"ति ॥*



Downloaded from http://dhamma.digital/

फन्दन वृक्षले पनि त्यही बेलामा यसरी भन्यो- भो भारद्वाज ! केही भन्नु छ मैले पनि, सुनिदेउ मेरो कुरा । सिंहको गर्दन काटेर छाला निकालि चार अङ्गुलको गरी पाङ्ग्राको घेरामा बेरि दिनु । त्यसो गर्दा तिम्रो रथको पाङ्ग्रा मजबुत हुन्छ । त्यही बेलामा फन्दन वृक्षले उसप्रति शत्रुपन जगाई दियो । त्यो घडी उत्पन्न वा अनुत्पन्न हुने कारण चाहिं सिंहको निम्ति दुःखदायक नै थियो ।

सिकर्मीले उसको कुरालाई सुनेर आफूलाई भाग्यमानि ठानि "अहो ! आज त मेरो दिन एकदमै मङ्गल प्रदायक रहेछ ।" भनी कुरा भए अनुसार नै सिंहलाई माऱ्यो । अनि फन्दनलाई पनि काटेर लग्यो । यही अर्थ खुलाउन शास्ताले यो गाथा भन्नुभयो -

*"इच्चेव फन्दनो इस्सं, इस्सो च पन फन्दन ।*
*अञ्ञमञ्ञं विवादेन, अञ्ञमञ्ञमघातयुं ॥*
*"एकमेव मनुस्सानं, विवादो यत्थ जायति ।*
*मयूरनच्चं नच्चन्ति, यथा ते इस्सफन्दना ॥*
*"सामग्गिमेव सिक्खेथ, बुद्धेहेतं पसंसितं ।*
*सामग्गिरतो धम्मट्ठो, योगक्खेमा न धंसति ॥*

यसरी सिंहले फन्दनप्रति, फन्दनले सिंहप्रति एक आपसमा इर्ष्यालु भएको हुनाले एकले अर्कोलाई मार्न लगाइयो । यसरी नै जहाँ झगडा गर्ने मानिसहरू हुन्छन् त्यहाँ सिंह र फन्दनको जस्तै नै हुनेछन्। अनि खुशी मान्दै मुजुरले नाच नाच्नेछन् । एकमेल भएर बस्न सिक्नु पर्छ, बुद्धद्वारा प्रशंसित यही नै हो । मिलनसार भई बस्ने धार्मिक, योगक्षमबाट विमुख हुनु पर्ने छैन ।

शास्ताले यो धर्म- देशना ल्याउनु भई जातकको समाधान गर्नु भयो- त्यस घटनालाई देख्ने र जान्ने देवता म नै थिएँ ।



Downloaded from http://dhamma.digital/

# दद्दर जातक कथा (३२२)

अतीत समयमा वाराणसीमा राजा ब्रह्मदत्तको राज्य कालमा बोधिसत्त्व सिंह भई जन्मिएर वयस्क हुँदा जंगलमा बस्ने गर्थ्यो । त्यस बेला पश्चिम दिशामा समुद्रको नजिकै बेल र तालको वृक्ष थियो । त्यहीं एउटा खरायो बस्ने गर्थ्यो । उसले एकदिन आफ्नो आहार लिएर आई ताल वृक्षको फेदमा बसेर चिन्तन गर्न थाल्यो । "यदि यो महापृथ्वी पल्टिएमा कहाँ जाने होला ?" त्यही बेला पाकेको बेल ताल पत्रमा परेर भुइँमा खस्यो । बेल खसेको आवाजले गर्दा पृथ्वी पल्ट्यो भन्ने ठानेर पछाडि नै नफर्कि मृत्यु भयले भयभीत भई बेगपूर्वक दगुर्दै भागि रहेको अर्को खरायोले देखेर सोध्यो- "के भयो ? भो साथि !" "किन तिमी अति नै डराउँदै वेग गतिमा भाग्दै गरेको ?" "न सोध साथि ।" किन के भयो भन्दै उसको पछि पछि लाग्यो । डरले भाग्दै गरेको खरायोले कहीं नरोकी, पछाडि पनि फर्केर नहेरिकन "यो पृथ्वी पल्ट्यो !" भनी सुनायो । ऊ पनि उसको पछि पछि लागेर भाग्यो । यसरी नै एक एक गर्दै एक हजार खरायोहरू भागिरह्यो । खरायोहरू भागिरहेको मृगले देखेर संगसंगै भाग्दै गयो । यसरी नै सुंगुर, नील गाई, अर्णा, गोरु, गैंडा, बाघ, सिंह दगुर्दै, भाग्दै गएको हात्तिले देखेर सोध्यो- "तिमीहरू किन भाग्नु परेको ?" "पृथ्वी पल्ट्यो ।" भन्दै भाग्यो । यो कुरा सुन्दा हात्ति पनि डराएर तिनीहरूको साथमा भाग्यो । यसरी भाग्दै गरेको जन्तुहरूको लाम एक योजन (आठ माइल) सम्म भएको थियो ।

यसरी बथानका बथान लाम लागेर भाग्दै गरेको देखेर सिंहले सोध्यो- "किन यसरी भागी रहेको ?" यो पृथ्वी पल्टियो, भन्ने सुन्दा सिंहले विचार गर्‍यो- "पृथ्वी कहिल्यै पनि पल्टिएको छैन ।" पृथ्वी पल्टियो भन्ने यिनीहरूलाई भ्रम भएछ । यिनीहरू मध्यमा कसैले केही भएकोलाई देखेको वा सुनेको हुनुपर्छ । यदि मैले केही नगरिएमा यी सबैको ज्यानमा खतरा हुनेभयो । यिनीहरूको जीवन रक्षा गरी दिनेछु, जीवन दान दिनेछु भनी विचार गरिकन शीघ्रताका साथ दगुर्दै गएर नजिकैको पहाडमा बसेर जोरसँग तीन पटक सिंहनाद (गर्ज्यो) गर्‍यो । सिहंको गर्जनलाई सुनेर तिनीहरू त्रसित



Downloaded from http://dhamma.digital/

भएर त्यहीं साराका सारा जम्मा भए । सिंह (बोधिसत्त्व) तिनीहरूको माझमा गएर सोध्यो- "तिमीहरू किन भागेको ?" "पृथ्वी पल्टिएकोले ।" "पृथ्वी पल्टेको कसले देख्यो ?" "हात्तिले देख्यो ।" हात्तिसँग सोध्दा मैले देखेको होइन सिंहले देखेको भन्यो । सिंहले पनि मैले देखेको होइन बाघले देखेको यसरी नै बाघले गैडालाई देखायो, गैडाले नील गाईलाई देखायो, नील गाईले अर्णालाई देखायो, अर्णाले सुंगुरलाई देखायो, सुंगुरले मृगलाई देखायो, मृगले खरायोलाई देखायो । खरायोसँग सोध्दा उसले यो खरायोले देखेको हो भनी देखायो । "साँचो हो त साथि ! तिमीले पृथ्वी पल्टेकोलाई देखेको ?" "हो ! म बेल र तालवृक्ष भएको वनमा बस्ने गर्छु । त्यहाँ म बसि रहँदा मैले चिन्तन गरें कि यदि यो पृथ्वी पल्टिएमा कहाँ जाने होला ?" त्यही बेला पृथ्वी पल्टिएको आवाजलाई सुनेर भागेको हुँ ।

सिंहले विचार गर्‍यो- "यो त्यहाँ हुँदा तालपत्र माथि पाकेको बेल खस्दा द्राम्म आवाज आएको सुनेर, पृथ्वी पल्टेको थानेर त्यहाँबाट भागेको हुनुपर्छ । यथार्थ कुरा के हो ? त्यो मैले बुझ्नेछु । भनी खरायोलाई साथमा लिएर भेला भएका समूहलाई आश्वासन दिंदै भन्यो- पृथ्वी पल्टेको जहाँ यसले देखेको थियो त्यहाँ म गएर पृथ्वी पल्टेको हो वा होइन हेर्न जान्छु । जबसम्म म फर्केर आउँदिन तबसम्म तिमीहरू यहीं बस्दै गर भन्दै खरायोलाई पिठ्यूँमा राखेर छलाङ्ग लाउँदै अति नै वेगसित दगुर्दै गएर त्यहाँ पुग्यो । त्यहाँ पुगेपछि सिंहले उसलाई भन्यो-"आउ, तिमीले देखेको ठाउँलाई देखाउ ।" "स्वामी ! ममा त्यहाँ जाने आँट छैन ।" "डराउनु पर्दैन, आउ ।" बेलको रुख भएको ठाउँमा जाने आँट नहुनाले अलिक नजिकबाट त्यस ठाउँलाई देखाउँदै भन्यो- "स्वामी यहीं नै द्राम्म गरी आवाज आएको थियो भन्दै गाथाद्वारा यसरी भन्यो-

*"दुद्दुभायति भद्दन्ते, यस्मिं देसे वसामहं ।*
*अहम्पेतं नजानामि, किमेतं दुद्दुभायती"ति ।*

भदन्त ! जुन देशमा म बस्दछु त्यहाँ द्राम्म गरी आवाज आयो । मलाई पनि थाहा छैन किन यसरी द्राम्म गरी आवाज आएको हो ।"

दुद्दुभायति= द्राम्म गरी आवाज आएको । भद्दन्ते= भदन्त, स्वामी । किमेतं = जुन प्रदेशमा म बस्दछु, त्यहाँ द्राम्म गरी आवाज आउँछ,



Downloaded from http://dhamma.digital/

मलाई पनि थाहा छैन, "यसरी किन आवाज आउँछ ?" कसरी द्राम्म गरी आवाज आएको हो ! मैले त केवल आवाज आएकोलाई मात्र सुनेको हुँ ।

खरायोको कुरा सुनेर सिंह बेलको रुख निर गई तालपत्रको मुनि जहाँ खरायो सुत्ने हो त्यहाँ पाकेको बेल तालपत्रमा लागेर खसेकोलाई देखेर पृथ्वी पल्टेको होइन भनी यथार्थ सहित बुझेर खरायोलाई पिठ्यूँमा राखेर चाँडै नै भेला भइरहेको ठाउँमा पुगेर तिनीहरूलाई यथार्थताको कुरालाई बुझाएर डराउनु पर्ने केही कारण छैन । तिमीहरू आ-आफ्नो ठाउँमा गए हुन्छ । भनी त्यहींबाट सबैलाई पठाई दियो । त्यसबेला त्यहाँ बोधिसत्त्व नभएको भए तिनीहरू सबै नै समुद्रमा परेर मर्नु पर्ने थियो । बोधिसत्त्वको कारणले गर्दा तिनीहरू सबैको ज्यान बच्यो ।

*"बेलुवं पतितं सुत्वा, दुद्दुभन्ति ससो जवि ।*
*ससस्स वचनं सुत्वा, सन्तत्ता मिगवाहिनी ॥*
*"अप्पत्वा पद विञ्ञाणं, परघोसानुसारिनो ।*
*पमादपरमा बाला, ते होन्ति परपत्तिया ॥*
*"ये च सीलेन सम्पन्ना, पञ्ञायूपसमे रता ।*
*आरका विरता धीरा, न होन्ति परपत्तिया"ति ॥*

द्राम्म आवाज आउने गरी बेल खसेको सुन्दा खरायो तर्सिएर भाग्यो । खरायोको कुरा सुनेर पशु समूह सन्त्रसित भए ।

"अरुले सुनाएको भरमा विश्वास गर्ने, अरुको भरमा पर्ने ती परम प्रमादि (बेहोशी) मूर्खहरू हुन् ।

"जो शील (=सदाचार) ले युक्त हुन्छ, प्रज्ञा (छिपेको बुद्धि) ले शान्त पार्नमा संलग्न रहने हुन्छ,पाप कर्मबाट मुक्त भई, अलग्ग भई बस्ने पण्डितले अरुको अन्धानुकरण नगर्ने हुन्छ ।" (यी तीन अभिसम्बुद्ध गाथाहरू हुन्) ।"

बेलुवन्ति= पाकेको बेल । दुद्दुभन्तिति= द्राम्म, यसरी आवाज आउँदा, सन्तत्ताति=सन्त्रस्त, मिगवाहिनी= अनेकौं सहश्र मृग सेनाहरू, पदविञ्ञाणं= विज्ञानपद, श्रोत विज्ञानमा विश्वास गरी नहाल्नु भन्ने अर्थ हो । ते होन्ति परपत्तियाति= तिनीहरू अरुको भनाइमा लाग्ने, अरुको भनाइ वा संङ्केतमा भुल्ने परमन्ति= बालले (मूर्खले) जान्दछु भन्ने ठान्ने अन्धो पृथकजनले (साधारणजनले) विज्ञानपद (खासकुरालाई) नजान्नाले अरुको भनाइमा



Downloaded from http://dhamma.digital/

लाग्ने हुन्छ, अरुको कुरालाई विश्वास गर्दा यो वा त्यो जे पनि गर्ने हुन्छ ।

सीलेन= आर्यमार्गमा आएको शीलद्वारा सम्पन्न । पञ्ञायूपसमे रता= मार्गद्वारा नै आएको प्रज्ञाद्वारा क्लेशलाई शान्त पार्ने । जसरी शीलद्वारा सम्पन्न हुन्छ त्यसरी नै प्रज्ञाद्वारा पनि सम्पन्न हुन्छ । आरका विरता धीराति= पापकर्म गर्नबाट अलग रहने, विरत रहने धीरहरू (पण्डितहरू) श्रोतापन्न लाभी भई उँभो लाग्ने स्वभाव भएकोले, क्लेश शान्त पार्नमा लगनताका साथ लागि रहने भएको हुँदा एकै पटकमा मार्ग ज्ञानद्वारा प्रतिबेध गर्ने लक्षण भएकाले अरुको कथनलाई विश्वास गरी हाल्दैन, ग्रहण गरी हाल्दैन । किन ? आफूले नै राम्रोसँग प्रत्यवेक्षण (राम्रोसँग गवेषणा) गर्ने हुन्छ । त्यसैले भनेको पनि छ–

*"अस्सद्धो, अकतञ्ञू च सन्धिच्छेदो च यो नरो ।*
*हतावकासो वन्तासो, स वे उत्तमपोरिसो"ति ॥*

"अन्धो श्रद्धा (अरुको कथनमा सजिलैसंग विश्वास गर्ने) नहुने, अन्धो कर्म नगर्ने (अरुको कार्यमा सजिलैसँग विश्वास नगर्ने), जो नर भवचक्रको बन्धनबाट मुक्त हुन्छ, दुष्कर्म गर्ने औसरलाई हटाउँछ, अनि आश्रव (कामना) बाट मुक्त भएको हुन्छ भने उसलाई नै उत्तम पुरुष भनिन्छ ।

शास्ताले यो धर्म देशना ल्याउनु भई जातक समाधान गर्नु भयो– "त्यस बेलामा सिंह म नै थिएँ ।"



Downloaded from http://dhamma.digital/

# लटुकिक जातक कथा (३५७)

अतीत समयमा वाराणसीका राजा ब्रह्मदत्तको राज्य कालमा हात्तिको योनिमा बोधिसत्त्वले जन्म लिई वयस्क भएपछि सुन्दर वर्ण, महान शरीर र अस्सीहजार हात्तिहरूका नेता भई हिमालय प्रदेशमा बस्दथ्यो । त्यस समयमा त्यहाँ एउटी लटुकिक चरीले हात्तिहरूको विचरण स्थलमा फूल पारेको थियो । त्यही फूलबाट एउटा सानो बच्चाको जन्म भएको थियो । त्यो बच्चाको प्वाँख पलाइ नसकेको र उडेर पनि जान नसकेको अवस्थामा अस्सीहजार हात्तिका बथान सहित महासत्त्व त्यतातिर आइरहेका थिए । तिनीहरू आइरहेको देखेर लटुकिक चरीले विचार गऱ्यो– "यो हस्तिराजले मेरो बच्चालाई कुल्चेर मार्न सक्छ । त्यसैले अब मेरो बच्चाको परित्राणार्थ धार्मिक पूर्वक रक्षार्थ मैले प्रार्थना गर्छु भनी उसले दुवै पखेटा जोडेर उसको अगाडि बसेर प्रथम गाथाद्वारा भन्यो–

*"वन्दामि तं कुञ्जर सट्ठिहायनं, आरञ्ञक यूथपति यसस्सि ।*
*पक्खेहि तं पञ्जलिकं करोमि, मामे बधी पुत्तके दुब्बलाया"ति ॥*

"भो जंगलवासी, यूथपति, यशस्वी र साट्ठी हातका बलवान कुञ्जर ! तपाईलाई वन्दना छ । तपाईलाई दुवै पखेता जोडेर बिन्ति गर्दछु, दुर्बल भएका मेरा बच्चालाई नमार्नुहोला ।

सट्ठिहायनं = साट्ठी हातका बलवान । यसस्सि = परिवार सम्पन्न यशस्वी । पक्खेहि तं पञ्जलिकं करोमि = पंखद्वारा तपाईलाई नमस्कार गर्दछु ।

महासत्त्वले भन्यो– "चिन्ता नगर लटुकिक, मैले तिम्रो पुत्रलाई रक्षा गरिदिन्छु ।" भनी लटुकिक पंक्षीको बच्चा माथि उभिएर साट्ठीहजार हात्तिहरू गई सकेपछि लटुकिकलाई बोलाएर भन्यो– "लटुकिक ! हामीहरूको पछाडि एक्लै विचरण गर्ने एउटा हात्ति आउँदैछ, उसले मेरो कुरालाई मान्दैन, त्यसैले ऊ यहाँ आउँदा उसलाई पनि प्रार्थना गरेर तिम्रो पुत्रको रक्षा गर्नु ।" भनी सम्झाएर गयो । ऊ आइरहेको देखेर उसकहाँ गई दुवै पंख जोडेर बिन्ति गर्दै दोस्रो गाथाद्वारा भन्यो–

*"वन्दामि तं कुञ्जर एकचारिं, आरञ्ञकं पब्बतसानुगोचरं ।*
*पक्खेहि तं पञ्जलिकं करोमि, मामे बधी पुत्तके दुब्बलाया"ति ।*



Downloaded from http://dhamma.digital/

भो एकचारी कुञ्जर, अरण्यवासी, पर्वतमा विचरण गर्ने ! तपाईलाई वन्दना छ । पंखद्वारा तपाईलाई बिन्ति गर्दछु, यो दुर्बल भएका मेरो बच्चालाई नमार्नुहोला ।

पब्बतसानुगोचर= घना शैल पर्वतमा, विचरण गर्ने, धूलोको पर्वतमा विचरण गर्ने ।

लटुकिक पंक्षीको कुरा सुनेर उसले तेस्रो गाथा भन्यो-

*"बधिस्सामि ते लटुकिक पुत्तकानि, किं मे तुवं काहसि दुब्बलानि ।*
*सतं सहस्सानिपि तादिसिन वामेन पादेन पपोथेयेय्या"ति ।*

लटुकिक ! तिम्रो दुर्बल पुत्रलाई मारि दिनेछु, तिमीले मलाई के नै गर्न सक्छौ ? यस्ता त सतसहश्र भएपनि बायाँ पाउद्वारा कुल्चेर चूर्णविचूर्ण गरिदिन्छु ।

बधिस्सामि ते- तैंले किन म विचरण गर्ने ठाउँमा राखेको ? जहाँ राखेका थियौ त्यहीं नै तिम्रो पुत्रलाई मारिदिन्छु । किं मे तुवं काहासि = म थाम जस्तो बलवानलाई तिमी जस्ति दुर्बलले के नै गर्न सक्छौ ? पपोथयेय्य= मैले तँ जस्ति लटुकिकहरू सतसहश्र भएता पनि बायाँ पाउद्वारा नै चूर्णविचूर्ण पारि दिनसक्छु । दायाँ पाउको त के कुरा ? भन्दै लटुकिक पंक्षीको पुत्रलाई चूर्णविचूर्ण पारि मूत्रद्वारा बहाएर कुञ्जन गर्दै त्यहाँबाट गयो । लटुकिक पंक्षी वृक्षको शाखामा बसेर भन्यो- "अहिले तिमीले कुञ्जन गर्दै गयौं" केही दिनपछि मेरो क्रियालाई देख्नेछौ, शरीर बलभन्दा पनि बुद्धिबल महान छ भन्ने तिमीले जानेनौ । हुन्छ, एकदिन तिमीलाई देखाउने छु भन्दै उसलाई धम्काउँदै चौथो गाथा भन्यो-

*नहेव सब्बत्थ बलेन किच्चं, बलञ्हि बालस्स बधाय होति ।*
*करिस्सामिं ते नागराजा अनत्थं, यो मे बधि पुत्तके दुब्बलाया"ति ॥*

सबै ठाउँमा बलले मात्र काम दिँदैन, मूर्खको बध नै बलको कारणले हुन्छ । भो नागराज ! मैले पनि तिम्रो अनर्थ गर्नेछु, जसले कि म जस्तोको दुर्बल पुत्रलाई मार्‍यौ !

बलेन- शारीरिक बलले नै । अनत्थं- अनर्थ । यो मे=जसले कि मेरो दुर्बल पुत्रलाई मार्‍यौ ।

यहि विचारलाई लिएर केही दिनपछि कागको सेवामा लागेर



Downloaded from http://dhamma.digital/

सन्तुष्ट पारेपछि कागले तिम्रो लागि के गरिदिउँ ? भनी सोद्धा लटुकिकले भन्यो- "स्वामी ! यो जंगलमा एक्लै विचरण गर्दै हिंड्ने हात्तिको आँखालाई तिम्रो चोँचले थुङ्गेर फुटाई दिएको हेर्न चाहन्छु, यो बाहेक अर्को तिमीबाट लिनु पर्ने काम छैन । कागबाट त्यसो गरिदिने वचन पाएपछि नीलो झींगा कहाँ गएर सेवा गरेको वापत झिंगाले सोध्यो- "तिम्रो लागि मैले के गरिदिउँ ?" लटुकिकले भन्यो- एक्लै विचरण गर्दै हिंड्ने हात्तिको आँखालाई कागले थुङ्गेर फुटाई दिंदा तिमीले त्यसमा अण्डा पारि दिनेछ भन्ने आशा गर्दछु । उसले "हुन्छ, गरि दिउँला" भनेको वचन पाएपछि भ्यागुता कहाँ गएर सेवा गर्न थाल्यो । उसको सेवाबाट खुशी भएर सोध्यो- "तिम्रो लागि मैले के गरिदिउँ ?" "एक्लै विचरण गर्दै हिंड्ने अन्धो हात्तिलाई पानीको लागि तर्पि रहेको अवस्थामा तिमी पर्वतको माथि बसेर आवाज निकाल्दा तिम्रो आवाजलाई सुनेर पर्वतको माथि आईपुग्दा त्यहाँबाट तिमी प्रपातमा बसेर कराउनु र तिमीबाट यति मात्र मेरो चाहना छ । उसबाट पनि त्यसरी नै गरिदिने बचन पायो ।

वचन दिए अनुसार नै कागले हात्तिको दुवै आँखालाई फुटालि दियो । नीलो भिंगाले त्यसमा अण्डा पारिदियो । फुटेको आँखामा कीरा पर्दा कीराको टोकाईले पीडा हुन थाल्यो र ऊ पीडित हुँदै छटपटिएर प्यासी भई पानीको खोजीमा यताउता भौंतारिन थाल्यो । त्यही मौका पारेर भ्यागुता पर्वतमाथि बसेर आवाज दिन थाल्यो । भ्यागुताको आवाजलाई सुनेर "त्यहाँ पानी हुनुपर्छ" भन्ने विचार गरेर पर्वत माथि गयो । हात्ति पर्वत माथि आइपुगेपछि भ्यागुता जहाँ प्रपात हो त्यहाँ गएर आवाज दियो । "शायद त्यहाँ पानी होला" भन्ने बिचार गरिकन त्यहाँ जाँदा त्यस प्रपातबाट खसेर उसको मृत्यु भयो । लटुकिक पंक्षीले हात्तिको मृत्यु भएको देखेर "शत्रुको दुर्दशा भएकोलाई हेर्न पाइयो" भन्दै प्रशन्न हुँदै शरीरमाथि हिंडदुल गर्न थाल्यो । पछि यथा कर्मानुसार गयो ।

शास्ताले भन्नुभयो- "महाराजहो ! कसैसँग पनि शत्रुता गर्नु भनेको राम्रो होइन । बल सम्पन्न भएको हात्तिलाई चार प्राणीहरूको मिलोमतोमा प्राण लिइदियो ।



Downloaded from http://dhamma.digital/

*"काकञ्च पस्स लटुकिक, मण्डूक नील मक्खिकं ।*
*एते नाग आघातिंसु, पस्स वेरस्सवेरिनं ।*
*तस्मा हि वेरं न कयिराथ, अप्पियेनपि केनची"ति ।*

("हेर त ! शत्रुमाथि शत्रुहरूले गरेको क्रिया- काग, नीलो भिंगा, भ्यागुता र लटुकिकले त्यस हात्तिलाई मारेको । यसकारण कोही अप्रियसंग पनि शत्रुता नगर्नु ।)

पस्स=(कुरा गर्नु हुँदै विषयलाई अवगत गराउँदै हेर त महाराजहो ! एते= यी चार एकमत भई । आघातेसु= उसलाई मारिदियो । पस्स वेरस्स वेरिनं= शत्रुले शत्रुप्रति गरेकोलाई हेर ।

त्यस समयमा एक्लो विचरण गर्ने हात्ति देवदत्त थियो, अनि गणनायक हात्ति त म नै थिएँ ।



Downloaded from http://dhamma.digital/

# रुक्खधम्म जातक कथा (७४)

अतीत समयमा वाराणासीमा ब्रह्मदत्तको राज्य कालमा वैश्रवण (कुवेर) को मृत्यु पश्चात देवराज इन्द्रले अर्को एकजनालाई वैश्रवणको स्थानमा प्रतिस्थापित गऱ्यो । वैश्रवणको मृत्यु पश्चात अर्को स्थापित वैश्रवणले वृक्ष, बोट, गुम्ब, लताहरूमा बस्ने देवगणलाई आ-आफूले रुचाएको ठाउँमा आ-आफ्नो निवासस्थान ग्रहण गर्नु भनी सन्देश पठायो । त्यस बेला बोधिसत्त्व हिमवन्त प्रदेशमा एउटा शाल वृक्षमा वृक्ष-देवता भई जन्मेका थिए । उसले आफन्तलाई भनेको थियो कि "तिमीहरूले आफ्नो निवासस्थान ग्रहण गर्दा एउटै मात्र वृक्ष भएको खुल्ला मैदानमा स्थान ग्रहण नगर्नु । यहींको शाल वनमा जहाँ मैले स्थान (विमान) ग्रहण गरेको छु त्यहींको आसपासमा नै आ-आफ्नो निम्ति स्थान ग्रहण गर्नु । पण्डित वर्गका देवगणले बोधिसत्त्वको कथन अनुसार नै उनीहरूले आफ्नो निम्ति वासस्थान ग्रहण गरे । तर तिनीहरू मध्यमा एक जना मूर्ख देवताले विचार गऱ्यो- "मैले जंगलमा वासस्थान बनाएर बस्दा के नै फाइदा हुन्छ !" मैले मनुष्य मार्ग, गाउँ, शहर वा राजधानीको नगरद्वार भएतिर नै आफ्नो वासस्थान (विमान) ग्रहण गर्नेछु । त्यस स्थानमा बस्ने देवता लाभी हुनेछ तथा यशस्वी हुनेछ । यही विचार अनुसार उसले मनुष्य मार्गको खुल्ला मैदान भएको महावृक्षमा आफ्नो लागि वासस्थान ग्रहण गऱ्यो ।

एकदिन भयङ्कर आँधीबेरी आएकोले त्यो महावृक्षको जराहरू उखेलिएर जमीनमा ढल्यो । जंगलमा भएको पुरानो वृक्षहरूका हाँगाबिंगाहरू मात्र भाँचियो । एकआपसको सहारामा भएको शालवनलाई चारैतिरबाट बतासले प्रहार गरेता पनि एउटै पनि वृक्ष ढलेन । मूल जरो सहित ढल्न गएको वृक्षका देवता शरण विहीन भई बालबच्चालाई हातले समातेर हिमवन्तमा गई शालवनका देवगणलाई आफ्नो हालत सुनायो । ती देवगणले उनीहरू त्यहाँ आएको कुरा बोधिसत्त्वलाई सुनायो । बोधिसत्त्वले, "पण्डितको कुरालाई नमानिकन अविश्वस्त स्थानमा जानाले यही हालत हुन्छ भनी धर्मोपदेश गरेर यो गाथा सुनायो"-



Downloaded from http://dhamma.digital/

*"साधु सम्बहुला आती, अपी रुक्खा अरञ्ञजा ।*
*वातो वहति एकट्ठ, ब्रहन्तम्पि वनप्पतिं"ति ॥*

"धेरै आफन्तहरूको साथमा बस्नु राम्रो हुन्छ, जंगलमा उम्रिने महावृक्ष भएता पनि एक्लो भएकोलाई बतासले उडाई दिन्छ ।"

सम्बहुला आती=आफन्तहरू चार भन्दा बढ्ता सतसहश्र भए पनि सम्बहुला (धेरै) भन्दछन् । यस्ता सम्बहुला एक आपसमा समाश्रित भएर बस्नु नै आफन्त हो । साधु=शोभायमान, प्रशंसित अरुद्वारा अनिन्दित हुन्छ भनेको । अपि रुक्खा अरञ्ञना= मानिसहरूको कुरालाई छाडि दिउँ जंगलमा उम्रिने वृक्षलाई पनि एक अर्काको आश्रयमा रहँदा राम्रो हुन्छ । वृक्ष नै भएता पनि विश्वासको भावना हुनुपर्छ । वातो वहति एकट्ठन्ति =पूर्व दिशाबाट आएको बतासले खुल्ला मैदानको एक्लो । ब्रहन्तम्पि वनप्पतिं= शाखाप्रशाखाद्वारा सम्पन्न भएको महावृक्षलाई पनि उडाएर लान्छ, उखालेर ढालिदिन्छ । यसरी बोधिसत्त्वले आफन्तका साथमा मिलेर बस्नाले हुने फाइदा र एक्लो भई बस्दाको हानी हुने कारणलाई भनेर आयुक्षय भएपछि यथा कर्मानुसार गयो ।

शास्ताद्वारा "महाराजहो ! शालवनका वृक्ष देवगण जस्तै मिलेर बस्नुपर्छ । समग्गी भई, प्रसन्न भई अनि प्रिय भई बस्ने गर ।" भन्नुभई यो धर्मदेशना ल्याउनु भई, क्रमलाई मिलाउनु भई जातक समाधान गर्नुभयो- "त्यस समयका देवगण बुद्धपरिषद थियो अनि पण्डित देवता भने म नै थिएँ ।"



Downloaded from http://dhamma.digital/

# सम्मोदमान जातक कथा (३५)

अतीत समयमा वाराणासीमा ब्रह्मदत्तको राज्य कालमा बोधिसत्त्व बटाईको कुलमा जन्मिंदा अनेकौं सहश्र परिवारका साथ जंगलमा बस्दथ्यो । त्यस समयमा बटाईका शिकार गर्ने शिकारीले तिनीहरूको ठाउँमा गएर बटाईको स्वर निकालेर आफ्नो वशमा आएको देखेपछि जाल हालेर तिनीहरूको टाउकोलाई थिच्दै सबैलाई एकै ठाउँमा पार्दै पेटीमा राखेर घरमा लगिकन तिनीहरूलाई बेचेर जीविका चलाउँदथ्यो । एकदिन बोधिसत्त्वले आफ्ना सहचारी ती बटाईहरूलाई भन्यो- "शिकारीले यहाँ आई हाम्रा आफन्तहरूलाई जालमा पारेर विनाश गरिरहेको छ, त्यसैले मैले एउटा उपाय जानेको छु जुन उपायद्वारा हामीलाई समात्न सक्नेछैन । अबदेखि जसरी नै शिकारीले तिमीहरू माथि जाल हाल्नेछ तब एक एकजनाले एक एकवटा जालको गाँठोमा टाउको राखेर जाललाई उडाएर लगिकन काँडाको झारमाथि राखेर तलतिरबाट भाग्ने गर्नु ।" "ती सबैले त्यो कुरालाई स्वीकार गऱ्यो ।" अर्को दिनमा तिनीहरूमाथि जाल हाल्दा बोधिसत्त्वले भने जस्तै गरी जाललाई उडाइ लगिकन एउटा काँडाको झारीमा राखेर आफूहरूलाई उपयुक्त हुने ठाउँ ठाउँबाट उडेर गयो । त्यस ठाउँमा गएर शिकारीले काँडाको झारबाट जाललाई निकाल्दा निकाल्दै साँझ परेकोले गर्दा खालि हात नै घरमा फर्किनु पऱ्यो ।

ती बटाईहरूले अरु बेला पनि त्यसरी नै जाललाई उडाएर लगी काँडाको झारमा फाली दीने गर्थ्यो । ब्याधाले काँडाको झारबाट जाललाई निकाल्दा निकाल्दै साँझ भइसक्दथ्यो । अनि केही पनि नलिई त्यसै खालि हात नै घरमा फर्किनु पर्दथ्यो । त्यसरी सधैंजसो खालि हात आउँदा घरकी श्रीमती रीसले चूर भई भन्ने गर्थ्यो- "तिमी सधैं सधैं नै खालि हात आउने गर्छौं । तिमीले बाहिर अरुलाई पनि पालन पोषण गर्नु पर्ने छ जस्तो लाग्छ ।" "बाहिर मैले अरु कसैलाई पनि पाल्नु परेको छैन ।" के गर्ने ! ती बटाईहरू सबै मिलेर मैले हालेको जाललाई उडाएर लगिकन काँडाको झारमा फालिदिने गर्छ । तिनीहरू सधैं नै त्यसरी एकमत भई कहाँ बस्न सकिन्छ र ? तिमीले चिन्ता नगर । जब तिनीहरू झगड्ने छन् तब ती सबैलाई लिएर आई तिम्रो मुहारलाई हँसिलो पार्नेछु, भनी श्रीमतीलाई यो गाथा भन्यो-



Downloaded from http://dhamma.digital/

*"सम्मोदमाना गच्छन्ति, जालमादाय पक्खिनो ।*
*यदा ते विवादिस्सन्ति, तदा एहिन्ति मे वस"न्ति ।"*

पंक्षीहरू एक आपसमा मेल भएको हुनाले जाललाई लिएर जान्छन् । जब तिनीहरू झगड्ने छन् तब मेरो वशमा आउनेछन् ।

यदा ते विवादिस्सन्ति= जब तिनीहरू नाना विचारका, नाना मतका भई विवाद गर्ने हुन्छन्, कलह गर्ने छन् । तदा एहिन्ति मे वसन्ति= तब मेरो वशमा आउनेछन् । अनि तिनीहरूलाई लिएर तिम्रो मुहार हँसिलो पार्दै आउनेछु भनी आश्वासन दियो ।

केही दिनपछि एउटा बटाई चाराको खोजिमा आकाशबाट जमीनमा झर्दै गर्दा अर्को बटाईको टाउको माथिबाट भूलवश नाघेर गयो । त्यसरी नाघेर जाँदा बटाईले रिसाउँदै सोध्यो- "मेरो टाउको माथिबाट नाघेर जाने को हो ?" "मैले भूलवश तिम्रो टाउको माथिबाट नाघेर गएँ, न रिसाउनु ।" भन्दा पनि रिस गरी नै रहँदा भन्ने गर्थ्यो- "मानौं तिमीले नै जाललाई लिएर गएको जस्तो गर्छौ ।" यसरी परस्परमा झगडा हुने गर्थ्यो । झगडालुहरूको भलो हुनेछैन, अब भने यिनीहरूले जाललाई उठाउने छैन । जाल नउठाउँदा महा विपत्तिमा पर्नेछ । व्याधाले मौका पाउने भयो । अब भने म यहाँ बस्न उचित हुनेछैन । यसकारण उसले (बोधिसत्व) आफ्नो परिवारलाई लिएर अन्यत्र गए । केही दिनपछि व्याधा त्यहाँ आएर बटाईको स्वर निकाल्दा आफ्नो वशमा आएका सबैलाई जालमा पार्‍यो । जालमा परेपछि एकले अर्कोलाई भन्नलाग्यो - "जाललाई उठाएर लैजानलाई तेरो टाउकोको केश झर्‍यो कि के ?" अब उठा त ल हेरौं ! अर्कोले भन्यो- "जाललाई उठाएर लैजान खोज्दा तेरो दुवै पखेटा झर्‍यो कि के ?" ल त हेरौं जाललाई उठाएको ! यसरी तिनीहरूले तैंले उठा, तैंले नै उठा भन्दै गर्दा खेरी जालमा परेका ती सबैलाई व्याधाले पेटीमा राखेर घरमा लगी श्रीमतीलाई खुशी पार्‍यो ।

शास्ताले भन्नुभयो-"महाराजहो ! आफन्तसँग झगडा गर्नु भनेको उचित होइन । कलह, झगडा भनेको विनाश हुनुको मूल कारण हो ।" शास्ताले यो धर्म-देशना ल्याउनु भई, क्रम मिलाउनु भई जातक समाधान गर्नुभयो- "त्यस बेला मूर्ख बटाई देवदत्त थियो, अनि पण्डित बटाई म नै थिएँ ।



Downloaded from http://dhamma.digital/

# चूलहंस जातक कथा (५३३)

सुखुमाति ... " भन्ने यो गाथा शास्ताले राजगृहस्थित वेणुवनमा विहार गर्नु हुँदा आयुष्मान आनन्दले आफ्नो जीवन परित्याग गर्न लाग्नु भएको कारणलाई लिएर भन्नु भएको हो । देवदत्तले सुनियोजित रूपले तथागतलाई मार्न सर्वप्रथम पठाएका धनुर्धारीहरू फर्केर आई भने– "भन्ते ! भगवानलाई हामीले मार्न सकेनौं वहाँ महाऋद्धिवान र महानुभाव हुनुहुन्छ ।" "भैगयो, आवुसहो ! तिमीहरूले श्रमण गौतमलाई मार्नु पर्दैन, म स्वयंले श्रमण गौतमलाई मार्नेछु ।" भनी तथागत गृद्धकुट पर्वतको छायाँ भएको ठाउँमा चङ्क्रमण गरिरहनु भएको थियो । त्यही अवस्थामा मौका पारेर देवदत्त गृद्धकुट पर्वत माथि गई त्यहाँ भएको ठूलो ढुङ्गालाई बलपूर्वक ढकेलेर त्यस ठाउँबाट गुल्ट्याइ दियो । "यही ढुङ्गाले नै श्रमण गौतमको ज्यान लिनेछु ।" त्यसबेला दुई पर्वतका चुचुरोले त्यो ढुङ्गालाई रोकि दियो । तर ढुङ्गाको एक चोइटा उछ्छितिएर भगवानको पाउमा लाग्नाले घाउ भयो र रगत निस्कियो । घाउको दुखाइलाई वहाँले सहनु परेको थियो । जीवकले (वैद्य) शल्यक्रिया गरी दूषित रगतलाई फ्याँकेर, कुहेको मासुलाई काटेर निकालि धोइ–पखालि दवाई गरी, लेप लगाई निको पारिदिनु भयो । शास्ता पहिलेको दिन जस्तै भिक्षुसंघद्वारा परिवृत्त हुनुभई महान बुद्धलीला सहित विचरण गर्नु भयो ।

देवदत्तले चिन्तन गऱ्यो– "श्रमण गौतमको रूप सौन्दर्यताले युक्त भएकोलाई देख्नाले कसैले केही गर्न सकिएन । तर राजाको नालागिरी भन्ने हात्ति चण्ड, कठोर स्वभाव र मनुष्य हत्यारा हो । त्यो हात्तिले बुद्ध धर्म र संघको गुणलाई जानेको छैन । उसैबाट ज्यान लिन लगाउनु पर्छ । ऊ राजा (अजातशत्रु) कहाँ गएर त्यो कुरा सुनायो । राजाले 'हुन्छ' भनेर स्वीकार गरी माहुतेलाई बोलाउन पठाई भन्यो– "भो पुरुष ! भोलि नालागिरीलाई मदमस्त पारी प्रातः कालमा नै श्रमण गौतम आवत–जावत गर्ने मार्गमा छाडिदिनु ।" देवदत्तले सोध्यो– "अरु अरु दिनमा हात्तिले कति घडाको सुरा (रक्सि) पिउने गर्छ ?" उत्तर पायो– "आठ घडा, भन्ते !" देवदत्तले भन्यो– "त्यसो भए



Downloaded from http://dhamma.digital/

भोलिको दिनमा तिमीले हात्तिलाई सोह्र घडाको सुरा पिलाएर श्रमण गौतम आउने मार्गको अगाडि छाडेर पठाउनु ।" उसले "हुन्छ" भनी स्वीकार गऱ्यो । राजाले नगरमा ढोल बजाउन लगाई नगरवासीलाई सुनायो- "भोलि नालागिरी हात्तिलाई सुरा पिलाई नगरमा छाडि दिनेछ, नगरमा प्रातःकालमा नै गर्नुपर्ने कार्य सम्पन्न गरी घरभित्र नै बस्नु ।"

देवदत्त पनि राज आवासबाट तल आई हात्तिशालामा गएर माहुतेलाई बोलाएर भन्यो- "हेर, भाइ ! मैले उच्च ओहदाकालाई निम्न र निम्न ओहदाकालाई उच्चस्थानमा लगाई दिनसक्छु । यदि तिमी भोगवान वा यशवान हुन चाहन्छौ भने भोलि प्रातःकालमा नै नालागिरीलाई कडा खालको सोह्र घडा सुरा पिलाई श्रमण गौतम आउने समयमा हात्तिलाई अंकुशले प्रहार गरी क्रोधित पारिकन हात्तिशालालाई भट्काएर श्रमण गौतम आउने मार्गमा वहाँको सामुन्ने पठाई श्रमण गौतमको हत्या गर्न लगाउनु । उसले "हुन्छ" भनी स्वीकार गऱ्यो ।

यही कुरा नगरमा बिस्तारै फैलिएर गयो । बुद्ध, धर्म र संघलाई आफ्नै ठान्ने उपासकहरूले थाहा पाई शास्ता कहाँ गएर भन्यो- "भन्ते ! देवदत्त र राजा दुवै मिलेर भोलि तपाई जानु हुने मार्गमा नालागिरी हात्तिलाई छाडि दिनेछ । त्यसैले भोलि पिण्डपातार्थ शहरभित्र प्रवेश नगर्नुस् । हामीहरू विहारमा नै आएर तपाई प्रमुख समस्त भिक्षु संघलाई भिक्षा दिनेछौ, यहीं बस्नुहोस् ।" शास्ताले पनि-"भोलि पिण्डपातको लागि जान्न नभनि नालागिरीलाई दमन गर्छु, प्रातिहार्य (ऋद्धि) देखाउँछु, तैर्थिकहरूको धारणालाई मर्दन गरी राजगृहको नगरबाट वेणुवनमा नै फर्केर आउँछु । राजगृहवासीहरूले भोजनका साथमा धेरै नै खाद्य पदार्थ लिएर वेणुवनमा आउनेछन् । भोलिका दिनमा विहारमा नै अग्र भोजन हुनेछ ।" भन्ने कुरा थाहा पाउनु भई तिनीहरूको प्रार्थनालाई स्वीकार्नु भयो । तिनीहरूले तथागतबाट स्वीकृति भएको थाहा पाई भोजनकासाथ अन्य खाद्य-पदार्थ लिई "विहारमा नै आएर दान दिनेछु" भनी त्यहाँबाट गए ।

त्यसदिन शास्ताले प्रथम याममा धर्म-देशना गर्नुभयो, मध्यम याममा देवताहरूका प्रश्नको उत्तर दिनुभयो । तेस्रो यामको पहिलो समयमा सिहंशैय्या गरी आराम लिनुभयो, दोश्रो समयमा फल समापत्तिमा (ध्यानमा) बस्नुभयो,



Downloaded from http://dhamma.digital/

तेश्रो समयमा महाकरुणा समापत्ति ध्यानबाट उठ्नुभई बोध हुने सत्त्वहरूलाई ज्ञानजालमा पारेर हेर्नु हुँदा नालागिरीलाई दमन गरिंदा चौरासीहजार सत्त्वहरूले धर्मावबोध गरिने देख्नुभएपछि विहान सबेरको शारीरिक कृत्य पश्चात आयुष्मान आनन्दलाई बोलाउनु भई भन्नुभयो- "आनन्द ! राजगृहस्थित सिमाना भित्रका अठारवटा महाविहारवासी समस्त भिक्षुहरूलाई राजगृह नगरमा प्रवेश हुनलाई सूचना दिनु ।" "आनन्द स्थविरले सूचना दिनु भयो ।" सूचना पाएअनुसार समस्त भिक्षुहरू राजगृहस्थित वेणुवनमा सम्मिलित हुनुभयो । शास्ता महाभिक्षुसंघका साथ राजगृह नगरमा प्रवेश गर्नु भयो । योजनानुसार हात्तिका बथान जम्मा हुन थाले । त्यहाँ अति नै भीड हुनथाल्यो । श्रद्धा सम्पन्न मानिसहरूले "बुद्ध-नाग र पशु-नागको सङ्ग्राम हुनेछ ।" अनुपम बुद्ध-लीलाद्वारा नालागिरीलाई दमन गरेको हेर्नुपर्छ भनी प्रासाद, बुर्जा र घरको छतमा गएर बस्न लाग्यो । अश्रद्धावान मिथ्यादृष्टिकहरूले चाहिं "यो नालागिरी हात्ति चण्ड, कठोर स्वभाव र मनुष्य-घातक हो ।" बुद्धादिका गुणमा अनभिज्ञ छ । आज हाम्रा शत्रुको पिठ्यूँ देख्न पाइने भयो भनी ठाउँठाउँमा गएर बस्न लाग्यो ।

हात्तिले पनि भगवान आइरहनु भएको देखेर मानिसहरूलाई त्रसित पार्दै घरहरूलाई ध्वस्त गर्दै, गाडिहरूलाई क्षतविक्षत पार्दै सूँढलाई उठाउँदै, कान र पुच्छरलाई ठाडो पार्दै पर्वत समान भई जहाँबाट भगवान आईरहनु भएको थियो त्यतातिर लम्किंदै गयो । नालागिरी आई रहेको देखेर भिक्षुहरूले बिन्तिभाव गर्दै भन्यो - "भन्ते ! यो नालागिरी चण्ड, कठोर र मनुष्य घातक हो, यो यतैतिर लम्किंदै आइरहेको छ, यसले बुद्धादिको गुणलाई जानेको छैन ।" "भन्ते ! भगवान फर्केर जाऔं, सुगत फर्के जाऔं !" "भिक्षुहो ! डराउनु पर्दैन नालागिरीलाई दमन गर्ने शक्ति ममा छ ।" त्यसबेला आयुष्मान सारिपुत्रले भगवानसँग प्रार्थना गऱ्यो- "भन्ते ! पिताको काम पर्न आएमा ज्येष्ठ पुत्रको अभिभार हुन्छ, मैले नै त्यसलाई दमन गर्नेछु ।" अनि शास्ताले भन्नुभयो- "सारिपुत्र ! बुद्ध-बल भनेको अर्कै हुन्छ, श्रावक-बल भनेको अर्कै हुन्छ, पर्दैन भइगयो !" भनी रोक्नुभयो । यसरी नै एक एक गर्दै असी जवान महाश्रावकहरूले प्रार्थना गर्दा पनि वहाँहरू सबैलाई रोक्नु भयो । यस बीचमा आयुष्मान आनन्दले भगवानप्रति औधि नै स्नेह गर्ने हुनाले त्यस कुरालाई



Downloaded from http://dhamma.digital/

स्वीकार्न नसकी "यो हात्तिले पहिला मलाई मारोस् ।" भनी तथागतको जीवन रक्षार्थ आफ्नो जीवन परित्याग गर्न शास्ताको अगाडि भई उभियो ।" "आनन्द ! पर्दैन भैगयो मेरो अगाडि आएर उभिएर नबस ।" "भन्ते ! यो हात्ति चण्ड, कठोर र मनुष्य घातक हो । कल्पको अन्तमा उठ्ने अग्नि समान हो । पहिला मलाई मारेपछि मात्र तपाईको अगाडि आओस् ।" तथागतले तीन पटकसम्म भन्नुहुँदा पनि नमानेपछि आफ्नो ऋद्धिबलद्वारा त्यहाँबाट आनन्दलाई हटाएर भिक्षुहरूको माझमा पुऱ्याई दिनुभयो ।

त्यही अवस्थामा एउटी स्त्रीले नालागिरी हात्ति आउँदै गरेको देख्दा मृत्युको भयले गर्दा भागेर गइरहंदा आफ्नो साथमा ल्याएको बच्चालाई तथागत र हात्तिको बीच निर छाडेर भागिन् । नालागिरी हात्तिले ती स्त्रीलाई पछ्याउँदै जाँदा बच्चा भएनिर आउँदै गरेको देखेर बच्चा चिच्याउँदै रुन लाग्यो । शास्ताले नालागिरीप्रति मैत्री भावद्वारा अभिभूत गर्नुभई सुमधुर ब्रह्म स्वरले बोलाउँदै भन्नुभयो- "भो नालागिरी ! तिमीलाई कडा खालको सोह्र घडा सुरा पिलाई मदमस्त पार्नेले अन्य कसैप्रति आक्रमण गर्नलाई होइन मलाई नै मार्नको निम्ति सोचेर पठाएको हो । तिमीले आफ्नो पाउलाई व्यर्थैमा कष्ट दिंदै यताउता लाग्ने नगर । तिमी यहाँ आउ ।" "शास्ताको वचनलाई सुनेर नेत्र खोल्दै भगवानको रूप सौन्दर्यलाई हेरेर संवेग उत्पन्न गऱ्यो । बुद्ध तेजद्वारा सूराको नशाले पनि छाड्यो । सूंढलाई लचकाउँदै, कानलाई चलाउँदै तथागतको पाउमा पऱ्यो । शास्ताले भन्नुभयो "नालागिरी ! तिमी पशु-हात्ति हो, म बुद्ध-हात्ति हुँ । अबदेखि तिमी चण्ड, कठोर र मनुष्य घातक नहुनु, समस्त जीवप्रति मैत्री भाव राख्नु भनी भन्नुहुँदै दाइने हात पसारेर कुममा सुमसुम्याउनु भई धर्मोपदेश दिनुभयो-

*"मा कुञ्जर नागमासदो, दुक्खो हि कुञ्जर नागमासदो ।*
*न हि नागहतस्स कुञ्जर, सुगतो होति इतो परं यतो ॥*
*"मा च मदो मा च पमादो, न हि पमत्ता सुगतिं वजन्ति ते ।*
*त्वञ्ञेव तथा करिस्ससी, येन त्वं सुगतिं गमिस्ससी"ति ॥*

भो कुञ्जर नाग । भव सागरको चक्करमा नपर्नु भो कुञ्जर नाग ! भव-सागरको चक्करमा पर्नाले दुःख पाउनु पर्ने हुन्छ । भो कुञ्जर नाग ! प्राणघाट गर्ने यसलोकबाट परलोकमा जाँदा सुगति हुनेछैन ।



Downloaded from http://dhamma.digital/

अभिमान नगर्नु, बेहोशी नहुनु, प्रमादी हुनेले सुगति प्राप्त गर्न सकिँदैन । तिमीले नै त्यो गर्नुपर्छ जुन गर्दा तिमी सुगतिमा जान सकिन्छ ।

(यो उपेदशलाई श्रवण गर्दा) प्रीति-युक्त भई उसको सारा शरीरमा स्पर्शित हुँदै गयो । यदि पशु भई नजन्मिएको भए श्रोतापत्ति फललाई लाभ गर्ने हुन्थ्यो ।

बुद्धको प्रातिहार्य (ऋद्धि शक्ति) लाई मानिसहरूले देखेर खुशी हुँदै बुद्ध नागको विजयी अनि पशु-नागको दमन भएको स्वर गुञ्जियो, करताल बजियो, प्रसन्न चित्तले नानाप्रकारका आभूषणहरू उछाल्दै फ्याँकिनाले हात्तिको शरीर ढाकियो । तबदेखि नालागिरीको नाउँ धनपाल भयो । धनपालकको समागममा चौरासीहजार सत्त्वहरूले धर्मामृत पान गर्न पाए । शास्ताले धनपालकलाई पञ्चशीलमा प्रतिष्ठापित गर्नुभयो । धनपालकले आफ्नो सूंढद्वारा भगवानको पाउबाट धूलो लिएर शीरमा छर्‍यो । अनि निहुरिएर दर्शन गर्ने मुद्रामा वन्दना गरी केही क्षण त्यहीं बसि हात्तिशालामा फर्केर गयो । त्यसदिनपछि शान्त-दान्त भई कसैलाई पनि दुःख नदिने भयो । शास्ताको मनोरथ पूर्ण भयो । अनि वहाँले ज-जसले आभूषणहरू फालेका थिए उ-उसकै होओस् भनी अधिष्ठान गर्नुभयो । "आज मैले महान प्रातिहार्य देखाएँ, अब यस नगरमा पिण्डपातको लागि जानु उचित छैन । तैर्थिकहरूलाई पनि दमन गर्नु भई भिक्षुसंघका साथमा विजयी क्षत्री (राजा) जस्तै नगरबाट निस्कनुभई वेणुवनमा जानुभयो । नगरवासीले धेरै भोजनादि-खाद्यपदार्थ लिई विहारमा गएर महादान दियो ।

त्यस दिनको सन्ध्याकालमा धर्म-सभामा सम्मिलित भिक्षुहरूमा कुरा चल्यो- "आवुसोहो! आयुष्मान आनन्दले तथागतको जीवन रक्षार्थ भनी आफ्नो जीवन परित्याग गर्न खोज्नु भनेको त दुष्कर कार्य हो । नालागिरी हात्ति शास्ताको सम्मुखमा आएको देख्दा शास्ताबाट तेस्रो पटकसम्म भन्नु हुँदा पनि आयुष्मान आनन्द त्यहाँबाट हटेर गएन ।" अहो दुष्कर कार्य गरे, आवुसोहो ! आयुष्मान आनन्दले !

शास्ताले "आनन्दको गुण प्रकट गरिंदैछ, त्यहाँ म जानुपर्छ ।" भन्ने विचार लिई गन्धकुटीबाट निस्किनु भई भिक्षुहरू कहाँ जानु भई सोध्नु भयो- "भिक्षुहो ! तिमीहरूले यहाँ अहिले के कुरा गरिरहेका थियौ ?" "यी



Downloaded from http://dhamma.digital/

यी कुराहरू" भनी सुनाउँदा "भिक्षुहो ! अहिले मात्र होइन, पहिले पंक्षी भई जन्मिंदा आनन्दले मेरो निमित्त आफ्नो जीवन परित्याग गर्न खोजेको थियो ।" यसरी वहाँले भन्नु हुँदा ती भिक्षुहरूको प्रार्थनानुसार अतीतका कुरालाई ल्याउनु भयो ।

अतीत कालमा महिंसक राष्ट्रस्थित सागल नगरमा सागल नाउँका राजाले धर्मपूर्वक राज्य चलाउँदथ्यो । त्यही नगरको नजिकै शिकारीहरूको गाउँ थियो । त्यही गाउँका एकजना ब्याधाले पंक्षीहरूलाई पाशोमा पारेर नगरमा लगी बेचेर आफ्नो जीविका चलाउँदथ्यो । नगरको समिपमा बाह्र योजन घेरा भएको मानुसीय भन्ने सरोवरमा पाँच प्रकारका पद्म फूलहरूले ढाकिएको हुन्थ्यो । त्यहाँ विभिन्न थरिथरिका पंक्षीहरू आउने गर्दथ्यो । शिकारीले जुनसुकै बेलामा जाल लाउँदथ्यो । त्यस समयमा धृतराष्ट्र नाउँका हंस-राजा छ्यानब्बे हजार हाँसहरूका साथ चित्रकुट पर्वतको स्वर्ण गुफामा बस्ने गर्दथ्यो । उसको सेनापतिको नाउँ सुमुख थियो । एकदिन ती हाँसका समूह मध्यबाट केही स्वर्ण वर्ण हाँसहरू मानुसीय सरोवरमा गई चरन स्थलमा सुखका साथ भरपुर आहार गरेपछि तिनीहरू त्यहाँबाट गएर धृष्टराष्ट्रलाई भन्यो- "महाराज ! मानिसहरू बस्ने शहरको नजिकै मानुसीय भन्ने सरोवर छ । त्यहाँ मनग्य खाद्य पदार्थहरू पाइन्छन् । त्यसैले हामी त्यहाँ जाने गर्छौं ।" राजाले तिनीहरूलाई त्यहाँ जानु उचित होइन मानिसहरू बस्ने ठाउँ भनेको शंकास्पद स्थान हो, त्यहाँ जाने इच्छा नगर्नु भनी रोक्ने गर्दथ्यो ।" रोक लगाउँदा पनि तिनीहरूबाट बारम्बार त्यहाँ जानलाई आग्रह गरिरहनाले भन्यो- "यदि तिमीहरू जान नै चाहन्छौ भने तिमीहरूसाथ गइदिउँला ।" तिनीहरू सपरिवारका साथ सरोवर भएको ठाउँमा गयो ।आकाशबाट तल झरेको बेला उसको पाउमा जाल पऱ्यो । जालले यसरी समात्यो मानौं संडासले समातेको जस्तो भयो । जालबाट छुटाउन खोज्दा पहिला छाला ताछियो, दोस्रो बारमा मासु, तेस्रो बारमा नशा अनि यस्तै प्रकारले हाडमा गई टाँसियो । रगत बग्न लाग्यो, धेरै जोडसित दुख्न थाल्यो । त्यस्तो अवस्थामा उसले विचार गऱ्यो- "यदि म बन्धनमा परें भनी स्वर मचाएमा मेरो आफन्तहरू त्रसित भई केही पनि नखाई उडेर जाँदा दुर्बलताको कारणले समुद्रमा खस्नेछ ।" आफ्नो दुःखाईलाई उसले सहेर बस्यो । जब तिनीहरूले



Downloaded from http://dhamma.digital/

यथेष्ट आहारा गरी सकेपछि खेल्न थाले तब उसले आफू जालमा परेको थाहा दिन जोडसित करायो । त्यो आवाज सुन्नसाथ मृत्यु भयबाट भयभीत भई समस्त हाँसहरू चित्रकुटतिर उडेर जान लागे । त्यसरी उडेर गईरहँदा हंसका सेनापति सुमुखले सोच्यो- "कहीं त्यो कराउने महाराज त होइन, महाराज नै जालमा पऱ्यो कि !" पत्ता लगाउनेछु भनी अति वेगका साथ उडेर गई अघि गएका हंस समूहमा महाराजलाई खोज्दा नपाएपछि बीचमा उडिरहेको समूहमा खोज्यो । त्यहाँ पनि नदेखेपछि निश्चय गऱ्यो कि निःसन्देह यो भय महाराजलाई नै उत्पन्न भएको हो । ऊ त्यहींबाट फर्केर गई हेर्दा बोधिसत्त्व जालमा फस्नाले रगताम्मै भई दुःखका साथ हिलोमा परिरहेको देख्यो । ऊ त्यहीं गएर बस्यो । अनि बोधिसत्त्वलाई आश्वासन दिंदै भन्यो- "महाराज ! न डराउनुस् ! मैले आफ्नो ज्यान दिएर भएपनि तपाईलाई यस बन्धनबाट मुक्त गरिदिन्छु ।" उसँग कुरा गर्दै बोधिसत्त्वले पहिलो गाथा भन्यो-

*१ सुमुख अनुपचिनन्ता, पक्कमन्ति विहङ्गमा ।*
*गच्छ तुवम्पिमाकङ्खि, नत्थि बद्धे सहायता"ति ॥*

"भो सुमुख ! अन्य सारा पंक्षीहरूले मलाई फर्केर नहेरी छाडेर गइसक्यो । तिमी पनि जाऊ, यहाँ बस्ने आश नगर्नु, पाशोमा परेकोलाई सहायता गर्न सकिंदैन ।

*२ "गच्छेवाहं न वा गच्छे, न तेन अमरो सियं ।*
*सुखितं तं उपासित्वा, दुक्खितं तं कथं जहे ॥*

"म यहाँबाट गएता पनि नगएता पनि यसबाट म अमर हुने छैन, सुखमा तिम्रो सेवा गरें भने दुःखमा तिमीलाई कसरी छोड्ने ?"

*३ "मरणं वा तया सद्धिं, जीवितं वा तया विना ।*
*तदेव मरणं सेय्यो, यञ्चे जीवे तया विना ।*

"तपाई बिना जिउनु भन्दा त तपाईसँगै नै मर्ने, जसमा कि तपाई विना जिउनु भन्दा त मर्नु नै वेश छ ।"

*४ "नेस धम्मो महाराज, यं तं एवं गतं जहे ।*
*या गति तुह्यं सा मह्यं, रुच्चते विहंगाधिप ॥*

"महाराज ! तपाईको यस्तो गति भएको बेलामा छाडेर जानु धर्म



Downloaded from http://dhamma.digital/

होइन ।" "हे पंक्षीराज ! जुन गति तिम्रो हो त्यही गतिलाई म मन पराउँछु ।"

*५) "कानु पासेन वद्धस्स, गति अञ्ञा महानसा ।*
*सा कथं चेतयानस्स मुत्तस्सा तव रुच्चति ॥*

"पाशोमा पर्नेको गति के हुने हो, त्यो तिमीलाई थाहा नै छ । बन्धनबाट मुक्त चेतनशील भएर पनि तिमीले किन यस्तो रुचाएको ?"

*६) "कं वा त्वं पस्ससे अत्थं, ममं तुह्यञ्च पक्खिमं ।*
*ञातिनं वावसिट्ठानं, उभिन्नं जीवितंक्खये ॥*

"तिम्रो र मेरो अथवा आफन्तको के भलो हुने देखेर दुवैको जीवन गुमाउन चाहेको ?"

*७) "यं न कञ्चनदेपिञ्छ, अन्धेन तमसा गतं ।*
*तादिसे सञ्चजं पाणं, कमत्थमभिजोतये ॥*

"स्वर्ण पंख भएका हामी दुवै अन्धकारबाट अन्धकारमा नै जाँदा अनि प्राण त्याग गरिंदा के नै अर्थ सिद्ध हुनसक्छ ?"

*८) "कथं नु पततं सेट्ठ, धम्मे अत्थं न बुज्झसि ।*
*धम्मो अपिचितो सन्तो, अत्थं दस्सेति पाणिनं ॥*

"हे पंक्षीहरूमा श्रेष्ठ । तपाईलेले कसरी धर्म र अर्थलाई नबुझेको ? धर्मपूर्वक आचरण गरिंदा प्राणीहरूका निम्ति कल्याण हुने भन्ने गर्दछ सन्तले ।"

*९) "सोहं धम्मं अपेक्खमानो, धम्मा चत्थं समुट्ठितं ।*
*भत्तिञ्च तयि सम्पस्सं, नावकङ्खामि जीवितं ॥*

"धर्मले नै कल्याण गर्ने हुन्छ, त्यसैले मैले धर्मको चाहना गरेको हुँ । तिमीप्रति भक्ति भएकोले नै जीवित रहन चाहन्न ।"

*१०) "अद्धा एसो सतं धम्मो, यो मित्तो मित्तमापदे ।*
*न चजे जीवितस्सापि, हेतुधम्ममनुस्सरं ॥*

"जो मित्रले मित्रलाई आपद आइपर्दा नछोड्नु निश्चय नै सत्पुरुषको धर्म हो । जीवित रहन परेता पनि धर्मलाई स्मरण गरी मित्रलाई नछोड्नु ।"

*११) "स्वायं धम्मो च ते चिण्णो, भत्ती च विदिता मयि ।*
*कामं करेस्स मह्ये तं, गच्छेवानुमतो मया ॥*

"तिमीले आफ्नो धर्म गर्‍यौ, मप्रति भक्ति भएको भावलाई मैले



Downloaded from http://dhamma.digital/

थाहा पाएँ। अब तिमीले मेरो इच्छानुसार गर, मेरो तरफबाट तिमीलाई जाने अनुमति दिएँ।"

१२) *"अपि त्वेवं गते काले यं खण्डं ञातिन मया।*
*तया तं बुद्धिसम्पन्नं, अस्स परमसंवुतं॥*

हे बुद्धिवान! म यस्तो अवस्थामा हुँदा पनि जुन काम मेरा आफन्तले गर्नु पर्ने हो, त्यो तिमीले परिपूर्ण गर्‍यौ।

१३) *"उच्चेव मंतयन्तानं अरियानं अरियावुत्तिनं।*
*पच्चादिस्सथ नेसादो आतुरानं इव अन्तको॥*

यिनीहरू यसरी एक आपसमा आर्यले आर्यसँग कुरा गरिरहँदा रोगीले यमराजलाई देखेझैं ब्याधालाई देख्यो।

१४) *"ते सत्तुं अभिसमिक्ख, दीघरत्तं हित दिजा।*
*तुण्हीं आसित्थ उभयो, न सञ्चलेसुमासन।*

दीर्घकालदेखि परस्पर एकले अर्कालाई हित गर्ने ती पंक्षीहरूले जब शत्रुलाई अगाडि आइरहेको देख्यो तब दुवै चूप लागेर आसनबाट नचलि बस्यो।

१५) *"धतरट्ठे च दिस्वान, समुड्डेन्ते ततो ततो।*
*अभिक्खमथ वेगेन, दिजसत्तु दिजाधिपे॥*

यताउता उडिरहेको हाँसलाई देखेर पंक्षीका शत्रु पंक्षीराज कहाँ दगुडेर आयो।

१६) *"सो च वेगेनभिक्कम्म, आसज्ज परमे दिजे।*
*पच्चकमित्थ नेसादो, बद्धाति विचिन्तयं॥*

ऊ दौडेर आई, उत्तम खालका दुवैलाई त्यहाँ देखे। फस्यो कि फसेन विचार गर्दा शिकारीको खुट्टा काम्न थाल्यो।

१७) *"एकंव वद्धमासीनं, अवद्धञ्च पुनापरं।*
*आसज्ज वद्धमासीनं, पेक्खमानमादीनवं॥*

एउटा चाहिं फसेको अर्को चाहिं नफसेको, दुष्परिणाम हुने थाहा पाएर पनि फसेकोसँग बसिरहेको छ।

१८) *"ततो सो विमतो येव, पण्डरे अज्झभासथ।*
*पवद्धकाये आसीने, दिजसंघगणाधिपे॥*

अनि ऊ शंकालु झैं भएर महाशरीर भएका पंक्षीराज कञ्चनवर्णलाई



Downloaded from http://dhamma.digital/

सम्बोधन गऱ्यो ।

१९) "*यं नु पासेन महता, वद्धो न कुरुते दिसं ।*

*अथ कस्मा अवद्धो त्वं, बली पक्खि न गच्छसि ॥*

ठूलो पाशोमा जो परेका छ, ऊ त कतै पनि जान सक्दैन । बलवान पंक्षी ! तर तिमी मुक्त भएर पनि किन नगएको ?

२०) *किं नु त्यायं दिजो होति, मुत्तो वद्धं उपाससि ।*

*ओहाय सकुणा यन्ति, किं एको अवहीयसि ।*

यो पंक्षी तिम्रो को पर्दछ, मुक्त भएर पनि पाशोमा परेकासँग बसिरहेछौ, अरु पंक्षीहरूले छाडेर गयो, तिमी एकजनाले मात्र किन छाडेर नगएको ?

२१) "*राजा मे सो दिजामित्त, सखा पाणसमो च मे ।*

*नेव नं. विजहिस्सामि, याव कालस्स परियायं ।*

हे पंक्षीका शत्रु ! वहाँ मेरा राजा हुन् अनि प्राण समानका साथी हो । मेरो प्राण रहुञ्जेल उसलाई छाडने छुइन ।

२२) "*कथं पनायं विहङ्गो, नाद्दस पासमोड्डितं ।*

*पदञ्हेतं महन्तानं, वोद्धुमरहति आपदं ॥*

जाल लगाई राखेकोलाई यो पंक्षीले किन देख्न सकेन ? ठूलाको निम्ति यो योग्य छ कि, आई पर्ने विपत्तिलाई उसले थाहा पाउनु पर्छ ।

२३) "*यदा पराभवो होति पोसो जीवितसंखये ।*

*अथ जालञ्च पासञ्च आसज्जापि न बुज्झति ॥*

जब परिहानी हुनेछ, जीवन विनाश हुनेछ, उसले जाललाई वा पाशोलाई नजिकै भएता पनि देखिंदैन ।

२४) "*अपि त्वेव महापुञ्ञ पासा बहुविधा तता ।*

*गुल्हं आसज्ज वज्झन्ति अथ एवं जीवितक्खये ॥*

हे महापुण्यवान ! तिमीले धेरै प्रकारका पाशो लगाई राख्यौ, जीवन विनाश हुने समयमा लुकाएर राखेको जालमा फसिहाल्दो रहेछ ।

यस कुराद्वारा ब्याधाको चित्तलाई मृदु पारेपछि महासत्त्वको जीवन दान पाउन प्रार्थना गर्दै यो गाथा भन्यो–

२५) "*अपि नायं तया सद्धिं, संवासस्स सुखुद्रयो ।*

*अपिनो अनुमञ्ञासि, अपिनो जीवितं ददे"ति ॥*



Downloaded from http://dhamma.digital/

तिमीसँग बसिरहँदा सुखको अनुभव भयो, त्यसैले हामीलाई चित्रकूट फर्कन अनुमति पनि दिनु, अनि हामलिाई जीवनदान पनि दिनु ।

उसको मिठास कुरामा ऊ प्रभावित भई गाथा भन्यो–

[२६] *"न चेव मे त्वं बद्धोसि, नपि इच्छामि ते बधं ।*
*काम खिप्पमितो गन्त्वा, जीव त्वं अनिघोचिर"न्ति ॥*

न त तिमी मेरो बन्धनमा छौ, न त तिमीलाई मार्न नै चाहन्छु । यहाँबाट चाँडै नै गएमा चीरकालसम्म सुखसहित तिमी बाँच्न सक्छौ ।

अनि सुमुखले चारवटा गाथा भन्यो–

[२७] *"नेवाहंमेतमिच्छामि, अञ्ञत्रेतस्स जीविता ।*
*सचे एकेन तुट्ठोसि, मुञ्चेतं मञ्च भक्खय ।*

उसको विना जीवन मुक्तिको चाहना मलाई छैन । यदि एक प्रति सन्तोष भएमा उसलाई छाडेर मलाई भक्ष गर ।

[२८] *"आरोहपरिणाहेन, तुल्यास्मा वयसा उभो ।*
*न ते लाभे न जीवत्थी, एतेन निमिना तुवं ॥*

लम्बाई, गोलाई र आयुमा दुवै एक समान छौं, यदि तिमीले यसको बदलामा मलाई लिए तिम्रो लाभमा हानी हुँदैन ।

[२९] *"तदिङ्घ समपेक्खसु, होतु गिद्धि तवह्मसु ।*
*मं पुब्बे बन्ध पासेन, पच्छा मुञ्च दिजाधिपं ।*

त्यसैले अलिकति हेर, तिमीले म प्रति नै गिद्ध (लोभ) गर । पहिला मलाई पाशोमा बाँध, अनि पछि पंक्षी राजलाई मुक्त गर ।

[३०] *"तावदेव च ते लाभो, कतस्सा याचनाय च ।*
*मित्ति च धतरट्ठेहि, यावजीवाय ते सिया"ति ॥*

मेरो प्रार्थना स्वीकार गर्दा तिमीलाई यति त फाइदा हुन्छ कि यावत जीवन तिमीसँग हाँसहरूसँगको मित्रता रहनेछ ।

यसरी उसको धर्म देशनाले गर्दा उसको चित्तमा तेलमा कपास परे झैं नरम भएर आई महासत्त्वलाई उसकै नै हुने गरी दिंदै भन्यो–

[३१] *"पस्सन्तुनो महासङ्घा, तया मुत्तं इतो गतं ।*
*मित्तामच्चा च भच्चा च, पुत्तदारा च बन्धवा ॥*

तिम्रो मित्र–अमात्य, आफन्त, पुत्र–पुत्री, बान्धव र महासङ्घले



Downloaded from http://dhamma.digital/

यहाँबाट तिमी फर्केर जाँदा मुक्त भएको देखोस् ।

[१२] *"न च ते तादिसा मित्ता, बहुनं इध विज्जति ।*

*यथा त्वं धतरट्ठस्स, पाणसाधारणो सखा ॥*

जसरी तिम्रो मित्र धृतराष्ट्रलाई प्राणभन्दा प्यारो मान्छौ । त्यसरी मित्रता गर्ने तिमी जस्तो यहाँ धेरै छैनन् ।

[१३] *"सो ते सहायं मुञ्चामि, होतु राजा तवानुगो ।*

*कामं खिप्पमितो गन्त्वा, ञातिमज्झे विरोचथा"ति ।*

यसैकारण तिम्रो साथीलाई छाडिदिन्छु, यो राजा तिम्रै अनुयायी होओस् । म यही चाहन्छु की, यहाँबाट चाँडै नै आफन्तको बीचमा गई शोभायमान भएको ।

यसरी भनेपछि व्याधाले मैत्री चित्तद्वारा महासत्त्व कहाँ गई बन्धनलाई छिनाएर आलिङ्गन गर्दै पोखरीमा लगी दुवोको घाँसमा राखेर पाउको पासोलाई बिस्तारै निकाली टाढासम्म फ्याँकेर महासत्त्वको प्रति प्रगाढ स्नेहको भावना मनमा लिई मैत्री चित्तले पानी ल्याई, रगतलाई पटक पटक धुँदै सफा गरिदियो । उसको मैत्री चित्तको प्रभावले गर्दा बोधिसत्त्वको घाउको शिराबाट शिरामा, मासु मासुमा, छाला छालामा मिल्यो । त्यसै समयमा उसको पाउ ठिक भयो, छाला आयो, रौं आयो, पाशोमा पर्नु अघि जुन अवस्थामा थियो त्यहीं अनुरुप भयो । बोधिसत्त्व सुखका साथ स्वाभाविक ढंगमा बस्यो । अनि सुमुखले आफ्नो कारणले गर्दा बोधिसत्त्व मुक्त भएको देखेर प्रशन्न चित्त भई व्याधाको स्तुति गऱ्यो । त्यस अर्थलाई प्रकाशित पार्न शास्ताले भन्नुभयो-

[१४] *"सो पतितो पमुत्तेन, भत्तुना भत्तुगारवो ।*

*अज्झभासथ वक्कङ्गो, वाचं कण्णसुखं भणो ॥*

[१५] *"एवं लुद्दक नन्दस्सु, सह सब्बेहि ञातिभि ।*

*यथाहमज्ज नन्दामि, मुत्तं दिस्वा दिजाधिप"न्ति ॥*

उसको स्वामी मुक्त भएको अनि स्वामी प्रति गौरव गर्ने भएकोले खुशी हुँदै हंसले कर्ण प्रिय हुने कुरा गऱ्यो ।

हे व्याधा ! पंक्षी राज मुक्त भएकोले गर्दा आज म जसरी आनन्दित भएँ, त्यसरी नै समस्त आफन्तका साथमा तिमी पनि रमाउन पाओस् ।



Downloaded from http://dhamma.digital/

यसरी ब्याधाको स्तुति गर्दै सुमुखले बोधिसत्त्वलाई भन्यो– "महाराज ! यसले हामीलाई महान उपकार गऱ्यो । यसले हाम्रो कुरालाई नसुनिकन क्रियाहंस बनाई राजालाई दिएको भएँ धेरै नै धन लाभ हुन्थ्यो । मारेर मासु बेचेको भएमा पैसा पाउँथ्यो । आफ्नो जीविकाको लागि केही विचारै नगरी हामीले भने अनुसार गऱ्यो । यसलाई राजा कहाँ लगेर सुखमय जीवन बनाई दिनु पर्छ । महासत्त्वले यस कुरालाई स्वीकार गऱ्यो । सुमुखले आफ्नो भाषाबाट महासत्त्वसँग कुरा गरेपछि फेरि मनुष्य भाषामा ब्याधा पुत्रलाई बोलाएर "साथी ! तिमीले किन जाल लगाएको ?" भनी सोध्यो । "धनको लागि" भनेपछि "त्यसोभए हामीलाई लिएर नगरमा प्रवेशगरी राजा कहाँ लगेर देखाउनु । तिमीलाई धेरै नै धन दिलाउने छु भन्दै यसो भन्यो –

*१६) "एहि तं अनुसिक्खामि, यथा त्वम्पि लच्छसे ।*
*लाभं तवायं धतरट्ठो, पापं किञ्चि न दक्खति ।*

आऊ, जे गर्दा तिमीलाई फाइदा हुने त्यो तिमीलाई सिकाइ दिन्छु, कुनै प्रकारका पाप कर्म भएको धृतराष्ट्रबाट देखिँदैन उसको तर्फबाट तिमीलाई लाभ हुनेछ ।

*१७) "खिप्पमन्तेपुरं नेत्वा, रञ्ञो दस्सेहि नो उभो ।*
*अवद्धे पकतिभूते, काजे उभयतो ठिते ॥*
*१८) "धतरट्ठा महाराज, हंसाधिपतिनो इमे ।*
*अयञ्हि राजाहंसानं, अयं सेना पति तरो ॥*

हामी दुवैलाई बन्धनमा नबाँधि यथा स्वभावमा नै टोकडीमा राखेर चाँडै नै राजा कहाँ लगेर देखाउनु ।

महाराज ! यो धृतराष्ट्र हो, यिनीहरू हंसका अधिपति हुन् । यो चाहीं हंसका राजा हुन् अनि यो सेनापति हो ।

*१९) असंसयं इमं दिस्वा, हंसराजं नराधिपो ।*
*पतीतो सुमनो वित्तो, बहुँ दस्सति ते धनन्ति ॥*

राजाले यो हंसराजलाई देखेपछि निश्चय पनि प्रसन्न, सन्तुष्ट र प्रीतियुक्त भई तिमीलाई धेरै नै धन दिनेछ ।

ब्याधाले भन्यो– स्वामी ! राज-दर्शनको रुचि नलेउ, राजा



Downloaded from http://dhamma.digital/

चञ्चल चित्तका हुन्छन्, क्रिया हंस बनाई राख्न सक्छ र मार्न पनि लगाउन सक्छ ।" भन्दा, "साथी ! न डराउ ! मैले तिमी जस्तो कठोर हृदयी, रक्त हस्त भएको ब्याधालाई त धर्म कथाद्वारा चित्तलाई मृदु पारेर मेरो पाउमा पर्न लगाएँ । राजाहरू भनेका त पुण्यवान हुन्छन् । सुभाषित र दुर्भाषितलाई जान्ने हुन्छन् । चाँडै नै हामीलाई लगेर राजा कहाँ देखाउनु । "त्यसो भए मसँग नरिसाउनु, मैले अवश्य पनि तिम्रो इच्छानुसार त्यहाँ लिएर जान्छु । दुवैलाई टोकडीमा राखेर राजकूलमा गई राजालाई देखाउँदा, राजाले सोधेपछि यथार्थ कुरा सुनायो । त्यही अर्थलाई प्रकाशित पार्न शास्ताले भन्नुभयो –

*४०) "तस्स तं वचनं सुत्वा, कम्मुना उपपादयि ।*
*खिप्पमन्तेपुरं गन्त्वा, रञ्ञो हंसे अदस्सयि ।*
*अबद्धे पकतिभूते, काजे उभयतो ठिते ॥*

उसको कुरा सुनेर उसले कार्यमा परिणात गऱ्यो । प्राकृतिक (यथा स्वभावमा नै) खुल्ला रुपले टोकडी राखेर चाँडै नै अन्तपुरमा गईकन राजालाई हाँसहरू देखाए ।

*४१) "धतरट्ठा महाराज, हंसाधिपतिनो इमे ।*
*अयंञ्हि राजा हंसानं, अयं सेनापतितरो ।*

"महाराज ! यो धृतराष्ट्र हो । यिनीहरू हंसका अधिपति हुन् । यो चाहिं हंसका राजा हुन् अनि यो सेनापति हो ।

राजा –

*४२) "कथं पनिमे विहङ्गा, तव हत्थत्तमागता ।*
*कथं लुद्दो महन्तानं, इस्सरे इध अज्झगा ॥*

"हे ब्याधा ! यिनीहरूलाई कसरी टोकडीमा ल्यायौ, यिनीहरू कसरी तिम्रो हातमा पऱ्यो ? हे ब्याधा ! महान ऐश्वर्यवानलाई यहाँ कसरी ल्याउन सक्यौ ?

ब्याधा–

*४३) विहिता सन्तिमे पासा, पल्ललेसु जनाधिप ।*
*यं यदायतनं मञ्ञे, दिजानं पाणरोधनं ॥*

भो जनाधिपति ! मैले हिलो भएको समस्त ठाउँमा जाल फिजाएर राखेको



Downloaded from http://dhamma.digital/

थिएँ । यसो हेर्दा जहिंतहिंबाट प्राण बचाउन सक्ने संभावना भए जस्तो थियो ।

४४) "तादिसं पासमासज्ज, हंसराजा अवज्झथ ।
तं अवद्धो उपासिनो, ममायं अज्झभासथ ॥

त्यस प्रकारको पाशोमा हंसराज फस्यो, पासोमा नपरेकाले उपाशना गर्दै यसले मलाई भन्यो ।

४५) "सुदुक्करं अनरियेभि, दहते भावमुत्तमं ।
भत्तुरत्थे परक्कन्तो, धम्मयुत्तो विहङ्गमो ॥

हामीजस्तो अनार्यको अगाडि त्यस समयमा उसले आफ्नो उत्तम भावलाई प्रकट गरी अति नै दुष्कर कार्य गऱ्यो । यो पंक्षीले आफ्नो स्वामीको हितार्थ पराक्रम गर्दै धर्म-युक्त थियो ।

४६) "अत्तानायं चजित्वान, जीवितं जीवितारहो ।
अनुत्थुनन्तो आसीनो, भत्तु याचित्थ जीवितं ॥

यो आफू जीवित रहन योग्य भएर पनि जीवनलाई त्याग गरिकन, स्वामीको जीवनलाई कामना गर्दै स्तुति गरि बसिरह्यो ।

४७) "तस्स तं वचनं सुत्वा, पसादमहंमज्झगा ।
ततो न पामुचिं पासा, अनुञ्ञासिं सुखेन च ॥

उसको त्यो वचन सुनेर म प्रसन्न भएँ, अनि उसलाई पासोबाट मुक्त गरिदिएँ र सुखपूर्वक जानलाई भनें ।

४८) "सो पतीतो पमुत्तेन, भत्तुना भत्तुगारवो ।
अज्झभासथ वक्कङ्गो, वाचं कण्णसुखं भणं ॥

स्वामी प्रति गौरव गरी, स्वामी मुक्त हुँदा यो प्रसन्न भईकन कर्णप्रिय हुने गरी कुरा गऱ्यो ।

४९-५३ (सम्मको गाथा माथि उल्लेख भइसकेको छ ।)

५४) "एवमेतस्स वचना, अनीता मे उभो मया ।
एत्थेव हि इमे आसुं, उभो अनुमता मया ॥

यिनीहरूको वचनानुसार नै मैले दुवैलाई लिएर यहाँ आएँ । यहींको सरोवरबाट यी दुवैलाई मैले ल्याएको हुँ ।

५५) "सोयं एवं गतो पक्खी, दिजो परमधम्मिको ।
मादिसस्स हि लुद्दस्स, जनयेय्याथ मद्दवं ॥



Downloaded from http://dhamma.digital/

यस्तो परमधार्मिक पंक्षीले म जस्ता ब्याधाको मनमा पनि कोमलता उत्पन्न गरायो ।

[५६] *"उपायनञ्च ते देव, नाञ्ञं पस्सामि एदिसं ।*
*सब्बसाकुणिका गामे, तं पस्स मनुजाधिपा"ति ॥*

भो देव ! यो तपाईको लागि भेंट हो । मैले समस्त पंक्षीहरूमा यस्ता अन्य कसैलाई देखेको छुइन्, भो जनाधिपति ! तपाईले यसलाई हेर्नुहोस् ।

यसरी उसले उभिएर नै सुमुखमा भएको गुणलाई सुनायो । अनि त राजाले हंसराजलाई महान आसन र सुमुखलाई स्वर्णमय आसन विलाउन लगाई, त्यसमा तिनीहरूलाई बस्न लगायो, स्वर्ण-थालमा लाजा, मह, भूस (फावित) आदि दिन लगाएर भोजनपान सिद्धिएपछि हात जोडिकन महासत्त्वबाट धर्म-कथाको याचना गर्दै स्वयं स्वर्ण पीढामा बस्यो । वहाँको प्रार्थना पश्चात उसले पहिला कुशल-भलोको विषयलाई लिएर सोध्यो –

त्यस अर्थलाई प्रकाशित पार्न शास्ताले भन्नुभयो-

[५७] *"दिस्वा निसिन्नं राजानं, पीठे सोवण्णये सुभे ।*
*अज्झभासथ वक्कङ्गो, वाचं कण्णासुखं भणं ॥*

शोभायमान स्वर्णको पीढामा राजा बसेको देखेर हंसले कर्ण सुख हुने वाणी भन्यो ।

[५८] *"कच्चि नु भोतो कुसलं, कच्चि भोतो अनामयं ।*
*कच्चि रट्ठमिदं फितं, धम्मेन मनुसास"ति ॥*

भो महाराज ! के तपाईलाई कुशलै छ ? के तपाई स्वस्थ हुनुहुन्छ ? के राज्य समृद्धिशाली छ ? के धर्म पूर्वक शासन भई रहेको छ ?

[५९] *"कुसलञ्चेव मे हंस, अथो हंस अनामयं ।*
*अथो रट्ठमिदं फीतं, धम्मेन मनुसास"हं ॥*

हंस ! मलाई कुशल नै छ, हंस ! म स्वस्थ पनि छु, अनि राष्ट्र समृद्धशाली छ, धर्मानुसार शासन भइरहेको छ ।

[६०] *"कच्चि भोतो अमच्चेसु, दोसो कोचि न विज्जति ।*
*कच्चि च ते तवत्थेसु नावकङ्खान्ति जीवितं ॥*

महाराज ! के तपाईको अमात्यहरूमा कुनै दोष त देखिंदैन ? अवसर



Downloaded from http://dhamma.digital/

आउँदा के यिनीहरू आफ्नो प्राणको मोहमा त पर्दैनन् ?

[11] "अथोपि मे अमच्चेसु, दोसो कोचि न विज्जति ।
अथोपि ते ममत्थेस, नावकङ्खन्ति जीवितं ॥

मेरा अमात्यहरूमा कुनै दोष देखिंदैन, अनि अवसर आउँदा यिनीहरू प्राणको मोहमा पर्दैनन् ।

[12] "कच्चि ते सादिसी भरिया, अस्स वा पियभाषिनी ।
पुत्तरुपयसूपेता, तव छन्दव सानुगता ॥

के तपाईकी भार्या तपाई समान छे ? भनेको मान्ने र प्रिय भाषी छे ? पुत्र, रूप र ऐश्वर्यले युक्त छ ? तपाईको इच्छानुसार वशमा छ ?

[13] "अथ मे सादिसी भरिया, अस्स वा पियभाणिनी ।
पुत्तरुपयेसूपेता, मम छन्दवसानुगा"ति ॥

मेरी भार्या म समान नै छे, भनेको मान्ने र प्रियभाषी छे । पुत्र, रूप र ऐश्वर्यले युक्त छन् । मेरो इच्छानुसार वशमा छन् ।

यसरी बोधिसत्त्वबाट कुशल- क्षमको कुरा भएपछि पुनः राजाले उसंग कुराकानी गऱ्यो–

[14] "भवन्तं कच्चि नु महासत्तुहत्थतं गतो ।
दुक्खमापज्जि विपुलं, तस्मिं पठममापदे ॥

तपाई त महाशत्रुको हातमा परिसक्नु भएको थियो । त्यो प्रथम आपद आइपर्दा धेरै नै दुःखको अनुभव गर्नु भयो होला ।

[15] "कच्चि यन्तापतित्वान, दण्डेन समपोथयि ।
एवमेतेसं जम्मानं, पातिकं भवति तावदे ॥

यसले आउनु वित्तिकै के तिमीलाई दण्डद्वारा त्यहीबेला प्रहार गरेन ? यी दुष्टका यस्तै स्वाभाविक लक्षण हुन्छ ।

[16] "खेममासि महाराज, एवमापदिया सति ।
न चायं किञ्चि रस्मासु, सत्तूव, समपज्जथ ॥

महाराज ! त्यसप्रकारको आपद आउँदा पनि कुशलै रहें । यो शत्रु भैं भएर हामीमाथि आईलागेन ।

[17] "पच्चगमित्थ नेसादो, पुब्बेव अज्झभासथ ।
तदायं सुमुखोयेव, पण्डितो पच्चभासथ ॥



Downloaded from http://dhamma.digital/

हामीलाई देखेर यो ब्याधा अलिक थरकमान भयो । पहिला यसले कुरा गऱ्यो । त्यसपछि सुमुख पण्डितले उसंग कुरा गऱ्यो ।

६८) *"तस्स तं वचनं सुत्वा, पसादमयमज्झगा ।*
*ततो मं पामुचि पासा, अनुञ्ञाति सुखेन च ॥*

उसको कुरालाई सुनेर ऊ प्रसन्न भयो । त्यसबेला उसले मलाई बन्धनबाट मुक्त गरिदियो अनि सुखपूर्वक जानका लागि वचन दियो ।

६९) *"इदञ्च सुमुखेनेव, एतदत्थाय चिन्तितं ।*
*भोतो सकासेगमनं, एतस्स धनमिच्छता ॥*

यसलाई धनको चाहना भएकोले गर्दा तपाई कहाँ ल्याउने विचार सुमुखको नै थियो ।

७०) *"स्वागतञ्चेविदं भवतं, पतीतो चस्मि दस्सना ।*
*एसो चापि बहुं वित्तं, लभतं यावदिच्छति"ति ।*

तपाईलाई स्वागत छ, तपाईको दर्शनले म साह्रै प्रसन्न छु । यसलाई पनि जति चाहेको थियो त्यति धन लाभ हुने भयो ।

यसरी भन्नुभएपछि राजाले एकजना अमात्यलाई हेर्नुहुँदा "के गर्नु पऱ्यो देव !" भन्दा "यो ब्याधालाई हजामत गर्न लगाई, स्नान गराई, चन्दन लगाई, अनि सर्बअलङ्कारद्वारा अलंकृत गराई म कहाँ ल्याउनु ।" उसलाई त्यसरी नै गराई ल्याएपछि उसलाई एकलाख प्रतिवर्ष आम्दानि हुने गाउँ, दुई गल्लिलाई घेरेर बनाएको घर, रथ अनि धेरै नै सुन दियो । यस अर्थलाई प्रकट गर्नको निम्ति तथागतले भन्नुभयो–

७१) *"सन्तप्पयित्वा नेसादं, भोगेहि मनुजाधिपो ।*
*अज्झभासथ वक्कङ्ग, वाचं कण्णसुखं भणा"ति ॥*

राजाले ब्याधालाई भोग्य वस्तुद्वारा सन्तुष्ट पारेर हंससंग कर्ण प्रिय हुने बोली बोल्नुभयो ।

अनि महासत्त्वले राजालाई धर्मदेशना गर्नुभयो । वहाँले वहाँको धर्म–कथा सुनेर प्रसन्न हृदयले "धर्मकथिकलाई सत्कार गर्नेछु" भनी श्वेत छत्र चढाई राज्यलाई सुम्पेर भन्यो–

७२) *"यं खलु धम्ममाधीनं, वसो वत्तति किञ्चनं ।*
*सब्बत्थिस्सरियं भवतं, पसासथ यदिच्छथ ॥*



Downloaded from http://dhamma.digital/

जतिपनि छ धर्मको अधिनमा छ, जहाँसम्म मेरो अधिकारको हो, तहाँसम्मको सबै अधिकार तपाईको भयो । जे चाहनुहुन्छ आज्ञा दिनुस् ।

*७३) "दानत्थं उपभोत्तुं वा, यं चञ्ञं उपकप्पति ।*
*एतं ददामि वो वित्तं, इस्सरियं विस्सजामि वो"ति ॥*

दान दिनका लागि वा उपभोग गर्नका लागि वा अरु कुनै योग्य भए मैले त्यो धन तपाईलाई दिएँ । मैले तपाईको लागि राज्य त्याग गरें ।

"यसपछि महासत्त्वले राजाबाट पाएको श्वेत छत्र पुनः वहाँलाई नै फकाई दियो । राजाले पनि विचार गऱ्यो- "हंसराजबाट त मैले धर्म कथा सुनें । तर ब्याधाले यो सुमुखको असाध्यै प्रशंसा गर्दछ कि यो अत्यन्तै मधुर भाषी छ, उसबाट पनि धर्म-कथा सुन्छु ।" राजाले उसंग कुरा गर्दै निम्न गाथा भन्यो-

*७४) "यथा चम्यायं समुखो, अज्झभासेय्य पण्डितो ।*
*कामसा बुद्धिसम्पन्नो, तं म्यास्स परमप्पिय"न्ति ॥*

आफ्नो रुचि अनुसार यो पण्डित सुमुखले मलाई केहि उपदेश दिन्छ भने, त्यो मेरो निम्ति परम प्रिय हुनेछ ।

सुमुखले भन्यो-

*७५) "अहं खलु महाराज, नागराजारिवन्तरं ।*
*पटिवत्तुं नसक्कोमि, न मे सो विनयो सिया ॥*

म नागराज जस्तै भई बीचमा नै बोल्न सक्दिन, यदि मैले बोलुं भने त्यो मेरो विनय होइन ।

*७६) "अह्माकञ्चेव सो सेट्ठो, त्वञ्च उत्तमसत्तवो ।*
*भूमिपालो मनुस्सिन्दो, पूजा बहुहि हेतुभि ॥*

मभन्दा वहाँ श्रेष्ठ हुनुहुन्छ, तपाई पनि उत्तम सत्त्व हुनुहुन्छ, भूमि पालक, मानवेन्द्रक अनि अनेकौं तरहले पूज्य हुनुहुन्छ ।

*७७) "तेसं उभिन्नं भणतं, वत्तमाने विनिच्छये ।*
*नन्तरं पतिवत्तब्बं, पेस्सेन मनुजाधिपा"ति ॥*

भो मनुष्याधिपति ! यहाँहरूले कुरा गरिरहेको बेलामा म सेवकले बीचमै बोल्नु ठीक होइन ।

*७८) "धम्मेन किर नेसादो, पण्डितो अण्डजो इति ।*
*नहेव अकतत्तस्स, नयो एतादिसो सिया ॥*



Downloaded from http://dhamma.digital/

यो पंक्षी पण्डित हो, भनी शिकारीले धर्मपूर्वक भनेको साँचो रहेछ । आफूलाई ठीकसँग विकशित नगर्नेको यसप्रकारका प्रज्ञा हुनेछैन ।

७९) *"एवं अग्गपकतिमा, एवं उत्तमसत्तवो ।*
*यावतत्थि मया दिट्ठा, नाञ्ञं पस्सामि एदिसं ॥*

जति पनि मैले देखें यस्तो श्रेष्ठ स्वभावका, यस्तो उत्तम स्वभावका यो जस्तो अरु कोही देखेको छुइन ।

८०) *"तुट्ठोस्मि वो पकतिया, वाक्येन मधुरेन च ।*
*एसो चापि ममच्छन्दो, चिरं पस्सेय्य वो उभोति ॥*

तिमीहरूको मधुर वचन र स्वभावमा म सन्तुष्ट छु । चीरकालसम्म तिमीहरू दुवैलाई हेरिरहने मेरो इच्छा भइरहेको छ ।

अनि महासत्त्वले राजालाई प्रशंसा गर्दै भन्यो–

८१) *"यं किच्चं परमे मित्ते, कतमस्मासु तं तया ।*
*पत्ता निस्संसयं त्याहमा, भत्तिरस्मासु या तव ।*

परम मित्रप्रति जतिपनि गर्नुपर्ने कार्य हो त्यो तिमीले गऱ्यौ । मप्रति जुन तिम्रो भक्ति हो निस्सन्देह मैले त्यो प्राप्त गरें ।

८२) *"अदुञ्च नून सुमहा, ञातिसङ्घस्स मन्तरं ।*
*अदस्सनेन अस्माकं, दुक्खं बहूसु पक्खिसु ॥*

पक्कै पनि हाम्रो र आफन्तको बीचमा महान अन्तर पऱ्यो, हामीलाई नदेख्नाले धेरै नै पंक्षीहरूलाई दुःख लागिरहेको होला ।

८३) *"तेसं सोकविधाताय, तया अनुमता मयं ।*
*तं पदक्खिणतो कत्वा, ञातिं पस्सेमुरिन्दम ॥*

भो नरेन्द्र ! तिनीहरूको शोक निवारनार्थ तपाईले हामीलाई अनुमति दिनुभयो । तपाईलाई प्रदक्षिणा गरेर आफन्तसँग भेट गर्न जानेछु ।

८४) *"अध्दाहं विपुलं पीतिं, भवतं विन्दामि दस्सना ।*
*एसो चापि महाअत्थो, ञातिविस्सासना सिया"ति ॥*

आज हामीलाई औधि नै प्रितिको अनुभव भइरहेको छ, तपाईको दर्शन गर्न पाउँदा । यो पनि महान सार्थक भएको छ कि आफन्तको विश्वास पाउनाले ।

यति भनिसकेपछि राजाद्वारा तिनीहरूलाई जानलाई अनुमति दियो । महासत्त्वले पनि राजालाई पाँचप्रकारको दुश्शीलतामा दोष र शील पालना



Downloaded from http://dhamma.digital/

गरिंदाको सुपरिणाम हुनेलाई भन्दै "यो शीललाई पालना गर, धर्मपूर्वक राज्य गर, चारप्रकारका संग्रहद्वारा मान्छेहरूको संग्रह गर्नु" भनी उपदेश दिएर चित्रकूटमा गए । त्यस अर्थलाई प्रकाशित पार्न शास्ताले भन्नुभयो–

८५) *"इदं वत्वा धतरट्ठो, हंसाराजा नराधिपं ।*
*उत्तमं जवमन्वाय, ञातिसङ्घ उपागमुं ॥*

हंसराजा धृतराष्ट्रले नराधिपतिलाई यसरी भनेपछि उत्तम चालले आफन्तको समूहमा पुगे ।

८६. *"ते अरोगे अनुप्पत्ते, दिस्वान परमे दिजे ।*
*केकाति मकरुं हंसा, पुथुसद्दो अजायथ ॥*

उत्तम भएका ती पंक्षीहरू त्यहाँ आई पुगेको देखेर हंसहरूका आवाज गुञ्जन थाल्यो । भयङ्कर आवाज भएको थियो ।

८७) *"ते पतीता पमुत्तेन, भत्तुना भत्तुगारवा ।*
*समन्ता परिकिरिंसु लद्ध पच्चया"ति ।*

स्वामीप्रति गौरव भएको हुनाले, स्वामी मुक्त भएको देखेर प्रतिष्ठित भएका ती समस्त पंक्षीहरूले चारैतिरबाट घेऱ्यो ।

यसरी घेरेपछि ती पंक्षीहरूले "कसरी मुक्त हुनुभयो ?" भनी सोध्यो । महासत्त्वले सुमुखको कारणले मुक्त भएको कुरा, सागल राजा र ब्याधाको कृतकर्मको कुरा सुनायो । त्यस कुरालाई सुनेर सन्तुष्ट भएका ती हंसहरूले "सुमुख सेनाधिपति, राजा र ब्याधाको सुख होस्, दुःख नहोस् चीरञ्जीवि होस् भनी स्तुति गऱ्यो । त्यही अर्थलाई प्रकाशित पार्न शास्ताले अन्तिम गाथा भन्नुभयो–

८८) *"एवं मित्तवतं अत्था, सब्बे होन्ति पदक्खिणा ।*
*हंसा यथा धतरट्ठा, ञातिसङ्घ उपगमु"न्ति ।"*

यसरी मित्रको सहायताले गर्दा सबै प्रकारका सुख बृद्धि हुन्छ (अर्थको सिद्ध हुन्छ) । जसरी धृतराष्ट्र हंस आफन्तको समूहमा आइपुग्दा ।

शास्ताले यो धर्मदेशना ल्याउनु भई "भिक्षुहो ! यस जन्ममा अहिलेमात्र होइन पहिलेको जन्ममा पनि आनन्दले मेरो निम्ति जीवन परित्याग गरेको थियो ।" भन्नु भएपछि जातकको समाधान गर्नुभयो " त्यसबखतका शिकारी छन्न थियो, राजा सारिपुत्र थियो, सुमुख आनन्द थियो । छ्यानब्बेहजार हंसहरू बुद्ध परिषद् थियो । हंसराज भने म नै थिएं ।

## समाप्त



Downloaded from http://dhamma.digital/

## अनुवादकका प्रकाशित कृतिहरू

### नेपाल भाषामा

१. त्रिरत्न वन्दनामाला

२. स्वपू जातक बाखँ

३. तथागतया उपदेश

४. पेतवत्थु

५. थेरगाथा

६. दोश्रो संस्करण: त्रिरत्न वन्दनामाला

### नेपाली भाषामा

१. कृष्णायण गोत्रको उत्पत्ति

२. थेरी गाथा (प्रथम भाग)

३. थेरी गाथा (दोश्रो भाग)

४. बोधिकथा

५. अङ्गुत्तरनिकाय (प्रथम भाग)


६. जातक कथा

### प्रकाशनको प्रतिक्षामा

१. अङ्गुत्तरनिकाय (दोश्रो भाग)

Downloaded from http://dhamma.digital/

# अनुवादकको संक्षिप्त परिचय



**नाम** : भिक्षु बोधिसेन महास्थविर

**जन्म मिति** : बि.सं. २००७ माघ २५ गते (शुक्ल प्रतिपदा) गाबहाल, पाटन ।

**गृहस्थ नाम** : बुद्धरत्न बज्राचार्य

**पिताको नाम** : महन्त बज्राचार्य

**माताको नाम** : केशरी बज्राचार्य

आफू ६ वर्षको हुँदा पिता महन्त बज्राचार्यसहित दुवै माता (जेठी आमा र कान्छि आमा) ले गृहस्थाश्रम त्याग गरेर कुशिनगरमा भिक्षु चन्द्रमणि महास्थविरका आचार्यत्वमा प्रब्रजित जीवन ग्रहण गर्नु भयो । उहाँहरूका नै अनुकरण गरी २०२३ साल बैशाख महिनामा भिक्षु अतुलसेन महास्थविरका आचार्यत्वमा बहुजन बौद्ध आनन्द बिहार सोनादा, दार्जीलिङ्गमा श्रामणेर हुनु भयो ।

उपसम्पदा (पूर्ण भिक्षुत्व) : २०२७/७/२१ का दिन मालनदी उदक सीमा

उपज्झाय : भिक्षु धर्मधर महास्थविर

आचार्य : भिक्षु अतुलसेन महास्थविर

**निर्माण कार्य**

१. विहार निर्माण सदस्य : सोनादा, बहुजन बौद्ध आनन्द बिहार (भारत)

२. विहार जिर्णोद्वार सदस्य : माल, बौद्ध सङ्घाश्रम (भारत)

३. विहार जिर्णोद्वारा प्रमुख : बनेपा, सुदर्शन

४. विहार संस्थापक : बनेपा, बोधिचर्या

**शिक्षा** : कक्षा नौ, दार्जीलिङ्ग

**धार्मिक शिक्षा** : सूत्र र विनय विशारद (बी.ए.) दार्जीलिङ्ग

**भ्रमण** : भारत, भुटान, बर्मा, थाइल्याण्ड र श्रीलंका

**संस्था** : अखिल नेपाल भिक्षु महासंघ सचिव, बुद्ध जयन्ती समारोह समिति, बनेपाका धर्मानुशासक

**इच्छा** : धर्म प्रचार, धर्म ग्रन्थहरू लेख्ने र मित्रता

Downloaded from http://dhamma.digital/